# मनसून पूर्वतयारी तथा प्रतिकार्य योजना, २०८३

# बर्दिया

## Monsoon Preparedness and Response Plan, 2026

**जिल्ला विपद् व्यवस्थापन समिति, बर्दिया**

**जिल्ला आपतकालिन कार्य संचालन केन्द्र, बर्दिया**




**दस्तावेजः** **मनसून पूर्वतयारी तथा प्रतिकार्य योजना, २०८३**
**(Monsoon Preparedness and Response Plan, 2026)**


**प्रकाशकः** जिल्ला विपद् ब्यवस्थापन समिति, बर्दिया

**प्रकाशन मितिः** २०८३ जेष्ठ



**सर्वाधिकारः** ©प्रकाशकमा



**सल्लाहकारः** श्री गोगन बहादुर हमाल, प्रमुख जिल्ला अधिकारी, बर्दिया

**सम्पादक मण्डलः**

श्री अशोक कुमार भण्डारी, सहायक प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रशासन कार्यालय, बर्दिया
श्री लोक प्रसाद ढकाल, प्रशासकीय अधिकृत/विपद सम्पर्क व्यक्ति, जिल्ला प्रशासन कार्यालय, बर्दिया
श्री सरोज चौधरी, प्रशासकीय अधिकृत, जिल्ला प्रशासन कार्यालय, बर्दिया
श्री कर सिंह राना, प्रशासकीय अधिकृत, जिल्ला प्रशासन कार्यालय, बर्दिया

**कम्प्यूटरः** श्री गंगाराम अधिकारी, कम्प्यूटर अपरेटर, जिल्ला प्रशासन कार्यालय, बर्दिया



**जोखिम नंक्शाङ्कनंः** गुलरिया, मधुवन, राजापुर, ठाकुरबाबा, बाँसगढी र बारबर्दिया नगरपालिका तथा बढैयाताल र गेरुवा गाउँपालकि

**तथ्याङ्क :** स्थानीय तह, जिल्ला प्रहरी कार्यालय, DEOC र LEOC

## शब्द सक्षेंप :

| | | |
|---|---|---|
| १ | जि.वि व्य.स.<br>DDMC | जिल्ला विपद् व्यवस्थापन समिति<br>District Disaster Management Committee |
| २ | जि.स.स | जिल्ला समन्वय समिति |
| ३ | प्र.जि.अ. | प्रमुख जिल्ला अधिकारी |
| ४ | न.पा. | नगरपालिका |
| ५ | गा.पा. | गाउँपालिका |
| ६ | स्वा.का. | स्वास्थ्य कार्यालय |
| ७ | प.से.का. | पशु सेवा शाखा |
| ८ | ने.रे.सो. | नेपाल रेडक्रस सोसाइटी |
| ९ | ने.से. | नेपाली सेना |
| १० | सं.प्र. | संघीय प्रहरी |
| ११ | प्र.प्र. | प्रदेश प्रहरी |
| १२ | न.प्र. | नगर प्रहरी |
| १३ | स.प्र.ब.ने. | सशस्त्र प्रहरी बल नेपाल |
| १४ | म.बा.शा. | महिला तथा बालबालिका शाखा |
| १५ | जि.स.अ. | जिल्ला समन्वय अधिकारी |
| १६ | डि.व.का. | डिभिजन वन कार्यालय |
| १७ | ज.उ.प्र.नि.बि. | जल उत्पन्न प्रकोप नियन्त्रण बिभाग |
| १८ | रा/अ.गै.स.स. | राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्था |
| १९ | स्था.आ.का.सं.के.<br>LEOC | स्थानीय आपतकालीन कार्यसञ्चालन केन्द्र<br>Local Emergency Operation Center |
| २० | जि.आ.का.सं.के.<br>DEOC | जिल्ला आपतकालीन कार्यसञ्चालन केन्द्र<br>District Emergency Operation Center |
| २१ | रा.आ.का.सं.के.<br>NEOC | राष्ट्रिय आपतकालीन कार्यसञ्चालन केन्द्र<br>National Emergency OperationCenter |
| २२ | उ.वा.सं | उद्योग वाणिज्य संघ |
| २३ | ने.प.म.सं. | नेपाल पत्रकार महासंघ |
| २४ | रा.द. | राजनैतिक दल |
| २५ | DLSA<br>जि.अ.स.नि | District Lead Support Agency<br>जिल्ला अगुवा सहयोगी निकाय |
| २६ | UNICEF | United Nations International Children's Emergency Fund |
| २७ | SC | Save the children |
| २८ | D-WASH CC | District Water and Sanitation and Hygiene Coordination Committee |
| २९ | NRCS | Nepal Red Cross Society |
| ३० | KMJS | Kamaiya Mahila Jagaran Samaj |
| ३१ | LDCRC | Local Disaster Climate and Resilient Committee |
| ३२ | LDCRP | Local Disaster Climate and Resilient Plan |

नेपाल सरकार

गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

बर्दिया, गुलरिया

Google Plus Code: ६ ८ ३V+HM Gulariya

## प्राक्कथन

बर्दिया जिल्लाले विगतदेखि नै बाढी तथा डुवानजस्ता मनसुनजन्य विपद्को नियमित रूपमा सामना गर्दै आएको छ। विपद् जोखिम न्यूनीकरण तथा प्रतिकार्यमा सरोकारवाला निकायहरूको क्षमता अभिवृद्धि हुनुका साथै नागरिकस्तरमा पनि विपद्सम्बन्धी घटनाप्रति सचेत रहन आवश्यक देखिएको छ। बाढी, डुबान, चट्याङ, सर्पदंश लगायत मनसुनजन्य जोखिमबाट सुरक्षित रहन विभिन्न सरकारी निकायबाट जारी हुने सूचना तथा जानकारी समयमै प्राप्त गर्ने, सम्भावित जोखिम देखिएमा नजिकका सरकारी तथा सुरक्षा निकायलाई तत्काल जानकारी गराउने तथा नदी किनार, कटान तथा डुवानको जोखिमयुक्त क्षेत्रबाट सुरक्षित स्थानमा सर्ने जस्ता कार्यहरू नागरिकस्तरबाट अत्यन्त सक्रियतका साथ गर्न आवश्यक छ।

विपद्का घटनाबाट हुन सक्ने मानवीय क्षति, जीविकोपार्जनका साधनमा पर्ने असर, स्वास्थ्य, व्यक्तिगत, व्यवसायिक, सामुदायिक तथा राज्यका आर्थिक, भौतिक, सामाजिक, सांस्कृतिक र वातावरणीय सम्पत्तिमा हुने क्षति तथा नोक्सानीलाई दिगो रूपमा न्यूनीकरण गर्ने उद्देश्यले विगतका अनुभव, पूर्वतयारी तथा प्रतिकार्यबाट सिकिएका असल अभ्यासहरूलाई समेटी "बर्दिया मनसून पूर्वतयारी तथा प्रतिकार्य योजना, २०८३" तयार गरिएको छ।

विपद्बाट हुने जोखिम न्यूनीकरणका लागि विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना (DPRP), २०८२ को मार्गदर्शनमा आधारित रही यो योजना निर्माण गरिएको हो। मनसुनजन्य विपद्का कारण उत्पन्न हुन सक्ने जोखिम न्यूनीकरणका लागि योजनाको प्रभावकारी कार्यान्वयनमा संघ, प्रदेश तथा स्थानीय तहका सरकार, विषयगत क्षेत्र, विकास साझेदार तथा सरोकारवाला संघसंस्थाहरूको महत्वपूर्ण भूमिका रहेको छ। यद्यपि, विगतका सिकाइ र चुनौतीहरूबाट पाठ सिक्दै जिल्ला तहको समन्वयात्मक भूमिकालाई अझ प्रभावकारी बनाउनुका साथै स्थानीय तहको जिम्मेवारी थप सुदृढ गर्न सबै तहबीचको समन्वय अपरिहार्य छ।

यस योजना अद्यावधिक गर्ने क्रममा जिल्ला विपद् व्यवस्थापन समितिका सदस्यहरूको सक्रिय सहभागिता तथा विगतदेखि सहयोग पुऱ्याउँदै आएका सम्पूर्ण संघसंस्थाप्रति हार्दिक आभार व्यक्त गर्दै योजना अद्यावधिकमा सक्रिय भूमिका निर्वाह गर्नुहुने सहायक प्रमुख जिल्ला अधिकारी श्री अशोक कुमार भण्डारी, प्रशासकीय अधिकृतत्रय श्री लोक प्रसाद ढकाल, श्री सरोज चौधरी र श्री कर सिंह राना, कम्प्युटर अपरेटर श्री गंगाराम अधिकारी तथा जिल्ला आपत्कालीन कार्य सञ्चालन केन्द्र (DEOC) मा कार्यरत प्र.ह. श्री टंकध्वज खत्री र स.प्र.ब.ह. श्री शोभान सिंह धामी प्रति विशेष धन्यवाद व्यक्त गर्दछु।

अन्त्यमा, यस योजनाले मनसुनजन्य विपद्का समयमा गरिने प्रतिकार्यलाई अझ व्यवस्थित, समन्वित र योजनाबद्ध रूपमा सञ्चालन गर्न महत्वपूर्ण सहयोग पुऱ्याउनेछ भन्ने विश्वास लिएको छु।

धन्यवाद ।

२०८३/०२/१९

गोमान बहादुर हमाल
प्रमुख जिल्ला अधिकारी
एवम् अध्यक्ष
जिल्ला विपद् व्यवस्थापन समिति, बर्दिया

जेष्ठ, २०८३

# बिषय-सूची


खण्ड एकः बर्दिया जिल्लाको परिचय ........ १
१. परिचयः ........ १
१.१. भौगोलिक विवरणः ........ १
१.२.सीमाना ........ १
१.३ जलवायु र हावापानी ........ १
१.४. नदीनाला तथा जल भण्डारः ........ २
१.५. राजनैतिक तथा प्रशासनिक विभाजनः ........ २
१.६. जनसंख्या ........ ३
खण्ड दुईः मनसुनजन्य विपद् जोखिम विश्लेषण तथा प्रभाव आकलन ........ ४
२.प्रारम्भ ........ ४
३.प्रतिकार्य योजनाको उद्देश्य ........ ४
४. मनसुनजन्य विपद् २०८२ को समीक्षा र सिकाइ ........ ५
४.१. समिक्षाः ........ ५
४.१.१ विगत वर्षको मुख्य बाढी प्रभावित विवरण ........ ५
४.१.२ विगत बर्षहरुमा विपद् व्यवस्थापनमा गरिएका सकारात्मक पक्षहरूः ........ ६
४.१.३ देखिएका कमजोरी तथा चुनौतीहरू ........ ६
४.१.४ आगामी वर्षका लागि सुधार गर्नुपर्ने पक्षहरू ........ ६
४.२. सिकाईः ........ ७
५. वि.सं. २०८३ सालको मनसुन ऋतुको जलवायु आकलनः ........ ८
६. वि.सं. २०८३ सालको मनसुनजन्य विपद्को जोखिम आकलन ........ १०
७. मनसून पूर्वतयारीः ........ १२
८. विपद जोखिमको अवस्थाः ........ १५
९. सम्भाव्य जोखिम र पहुँच ........ १७
९.१ सम्भाव्य जोखिम स्थल (विवरण) ........ १७
९.२. सम्भाव्य जोखिमस्थल सम्मको पहुच मार्ग ........ २१
९.३. सुरक्षित आश्रय स्थलहरुको विवरण ........ २१
९.४. मनसुनजन्य विपद् व्यवस्थापनमा प्रयोग हुने सामग्रीहरू ........ २३
९.५ वडामा रहनै पर्ने न्यूनतम खोज उद्दार सामग्रीहरुः ........ २३
९.६ जिल्लामा रहेको खोज तथा उद्धार सामग्रीहरुको विवरणः ........ २५
९.७ हेभी ईक्यूपमेन्टको विवरणः ........ ५२
९.८ जिल्लामा रहेका खोज तथा उद्धारमा प्रयोग हुने डुँगाहरुको विवरण ........ ५३
९.९ समुदायस्तरमा रहेका विपद्मा प्रयोग हुने सामग्रीहरु ........ ५४
९.१० हेलीप्याड र हेलिकप्टर बस्न सक्ने स्थानहरुको विवरणः ........ ५५

खण्ड तीनः मनसून पूर्वतयारी तथा प्रतिकार्य सम्बन्धी जिम्मेवार निकाय र मुख्य मुख्य जिम्मेवारी...... ५७
१०. सम्बन्धित निकायको जिम्मेवारी........ ५७
१०.१ जिल्ला विपद् व्यवस्थापन समिति........ ५७
१०.२. स्थानीय विपद् व्यवस्थापन समिति:........ ५८
१०.३ मनसून प्रतिकार्य कमाण्ड पोष्ट........ ६०
१०.४ जिल्ला प्रशासन कार्यालयः........ ६१
१०.५ स्थानीय तह/सरकार........ ६२
१०.६ खानेपानी तथा सरसफाई कार्यालयः........ ६३
१०.७ स्वास्थ्य कार्यालय र अस्पतालः........ ६३
१०.८ आवास सम्बन्धी काम गर्ने कार्यालयहरुः........ ६४
१०.९ शिक्षा विकास तथा समन्वय इकाईः........ ६४
१०.१० कृषिसंग सम्बन्धित कार्यालयः........ ६४
१०.११ वनसँग सम्बन्धित कार्यालय........ ६४
१०.१२ जलश्रोत तथा सिंचाइ अन्तर्गतका कार्यालयहरुः........ ६५
८.१३ सडक अन्तर्गतका कार्यालयहरुः........ ६५
१०.१४ नेपाल विद्युत प्राधिरणः........ ६५
११ सुरक्षा निकाय :........ ६५
११.१ नेपाली सेना........ ६५
११.२ नेपाल प्रहरीः........ ६६
११.३ सशस्त्र प्रहरी बल नेपाल........ ६६
१२ आपत्कालीन कार्यसञ्चालन केन्द्र........ ६७
१२.१ जिल्ला आपतकालीन कार्यसञ्चालन केन्द्र........ ६७
१२.२ स्थानीय आपत्कालीन कार्यसञ्चालन केन्द्र........ ६७
१२.३ स्वास्थ्य आपतकालीन कार्यसञ्चालन केन्द्र........ ६७
१२.४ नेपाल रेडक्रस सोसाइटी, रक्त सञ्चार केन्द्र........ ६७
१२.५ सेवा प्रदायक निकायको काम, कर्तव्य र अधिकारः........ ६७
१२.६ सार्वजनिक संस्था तथा व्यावसायिक प्रतिष्ठानको दायित्व:........ ६८
१२.७ विपद् व्यवस्थापनमा निजी क्षेत्र तथा अन्य निकायहरु:........ ६८
१२.७.१ निजी क्षेत्रः........ ६९
१२.७.२ यातायात तथा पारवहनः........ ६९
१२.७.३ विकास साझेदार/गैरसरकारी संघसंस्थाः........ ६९
१२.७.४ सञ्चार क्षेत्रः........ ६९
१३ निकायगत समन्वय र अन्तरसम्बन्ध........ ६९
१३.१ राष्ट्रिय विपद् प्रतिकार्यको कार्यढाँचाः........ ७०
१३.२ विपद् व्यवस्थापन कोष प्रवाह........ ७०
खण्ड चारः विषयगत क्षेत्र तथा सम्बन्धित निकायको मनसुन पूर्वतयारी र प्रतिकार्य योजना........ ७१

१४. पूर्वतयारी योजना......................................................................................... ७१
१४.१ विपद् उद्धारलाई तयारीमुखी बनाउने कार्ययोजना......................................................... ७१
१४.२ सामान्य पूर्वतयारी योजना (सम्पूर्ण विषय क्षेत्रहरुको)................................................. ७२
१४.३ आवश्यकताको लेखाजोखा ........................................................................... ७६
१४.४ पूर्वानुमानमा आधारित पूर्वतयारी योजना .......................................................... ८१
१४.५ आपतकालिन प्रतिकार्य योजना....................................................................... ८१
१४.६ विषयगत क्षेत्र अनुसारको कार्ययोजना................................................................. ८३
१४.६.१ समन्वय तथा सूचना व्यवस्थापन................................................................... ८३
१४.६.२ खोज तथा उद्धारः ...................................................................................... ८४
१४.६.३ खाद्य तथा गोदाम व्यवस्थापन........................................................................ ८५
१४.६.४ गैरखाद्य सामग्री र शिविर व्यवस्थापन ........................................................... ८५
१४.६.५ पुनस्थापना तथा पुर्ननिर्माणः............................................................................. ८६
१४.६.६ खानेपानी तथा सरसफाई................................................................................ ८६
१४.६.७ स्वास्थ्य तथा पोषण ...................................................................................... ८७
१४.६.८ संरक्षण तथा सामाजिक सुरक्षा ....................................................................... ८८
१४.६.९ आपतकालीन शिक्षाः .................................................................................... ८९
१५. मनसून पूर्वतयारीका लागि कृत्रिम घटना अभ्यास................................................................ ९०
खण्ड पाँचः मनसुन पुर्वतयारी र प्रतिकार्यको लागि आवश्यक पर्ने सम्पर्क व्यक्तिहरु र अत्यावश्यक खोज, उद्धार तथा राहत सामग्रीको विवरण..................................................................................१०३
अनुसूची-१ विपद्मा प्रत्यक्ष सरोकार राख्ने निकायहरुः ...........................................................१०३
अनूसूची-२ जल तथा मौसम मापन केन्द्रहरुको सम्पर्क विवरणः............................................... १०७
अनुसूची-३ सुरक्षा युनिटहरुको विवरण .................................................................................१०८
अनुसुची-४ स्वास्थ्य संस्थाहरुको विवरण ..............................................................................११०
अनुसूची-५ जिल्लामा सञ्चालनमा रहेका एम्बुलेन्सहरुको विवरणः..............................................११३
अनुसूची-६ बबई नदी तटिय क्षेत्रका समुदायलाई बाढी पूर्व सूचना प्रदान गर्ने व्यक्तिहरुको विवरण.११५
अनुसूची-७ सञ्चारकर्मीहरुहरुको सम्पर्क विवरण ...................................................................१२१
अनुसूची-८ राजनैतिक दलहरुको सम्पर्क विवरणः....................................................................१२३
अनुसूची-९ समुदायमा बाढीको कृत्रिम घटना अभ्यासमा आवश्यक स्रोत, साधन, सामग्री................१२३
अनुसूची-१० बाढी पूर्वसूचनामा आधारित कृत्रिम घटना अभ्यासको परिदृश्यः............................१२३

खण्ड एकः बर्दिया जिल्लाको परिचय

१. परिचयः

लुम्बिनी प्रदेशमा पर्ने बर्दिया जिल्ला नेपालको पश्चिमी क्षेत्रको “अन्न भण्डार” का रूपमा परिचित छ। यस जिल्लाको पूर्वमा बाँके, पश्चिममा कैलाली, उत्तरमा सुर्खेत र सल्यान तथा दक्षिणमा भारतको उत्तर प्रदेशस्थित बहराइच जिल्ला पर्दछ। जिल्लाको कुल क्षेत्रफल २०२५ वर्ग किलोमिटरमध्ये करिब दुई तिहाइभन्दा बढी (६८.७६ प्रतिशत) भू–भाग तराईको समथर जमिनले ओगटेको छ भने बाँकी (३१.२४ प्रतिशत) भाग चुरे पर्वत क्षेत्रमा पर्दछ। विगतमा आदिवासी थारु समुदायको बाहुल्यता रहेको यस जिल्लामा पछिल्ला वर्षहरूमा अन्य जिल्लाबाट बसाइँसराइ बढ्दै जाँदा जातीय तथा सांस्कृतिक विविधता उल्लेखनीय रूपमा विस्तार भएको छ। जैविक विविधता, दुर्लभ वन्यजन्तु विशेषतः कृष्णसारको संरक्षण, बर्दिया राष्ट्रिय निकुञ्ज, देशकै लामो कर्णाली नदी, धार्मिक तथा भाषिक विविधता, उर्वर कृषि भूमि (अन्न भण्डार), विविध धार्मिक तथा पर्यटकीय स्थलहरू, र सहिष्णु सामाजिक संरचनाले बर्दियालाई विशिष्ट पहिचान प्रदान गरेका छन्।

## १.१. भौगोलिक विवरणः

| विवरण | क्षेत्रफल व.कि.मि.मा | प्रतिशत |
|---|---|---|
| बर्दिया राष्ट्रिय निकुञ्ज तथा मध्यवर्ती क्षेत्र | १,०८५ | ५३.५८ % |
| राष्ट्रिय वन क्षेत्र (झाडी वुट्यान समेत ) | २१७ | १०.७२ % |
| कृषि तथा आवादी क्षेत्र | ६०२ | २९.७३ % |
| अन्य (खोलानाला,बगर) | १२१ | ५.९७ % |
| जम्मा | **२,०२५** | **१०० %** |

## १.२.सीमाना

| | |
|---|---|
| अक्षांशः— | २८°०७” उत्तर देखी २८°३९” उत्तर सम्म |
| देशान्तरः— | ८१°०७” उत्तर देखी २८°३९” उत्तर सम्म |
| पूर्वः— | बाँके जिल्ला (मानखोला) |
| पश्चिमः— | कैलाली जिल्ला (कर्णाली नदी) |
| उत्तरः— | सुर्खेत र सल्यान जिल्ला |
| दक्षिणः— | भारतको उत्तर प्रदेशको बहराईच जिल्ला |
| क्षेत्रफलः— | २,०२५ बर्ग कि.मि. (२,०२,५०० हेक्टर) |
| औसत लम्बाईः— | ७४ कि.मि. |
| औसत चौडाईः— | ३५.७१ कि.मि. |

## १.३ जलवायु र हावापानी

हावापानीको दृष्टिले बर्दिया जिल्लालाई मुलतः ३ भागमा विभाजन गर्न सकिन्छ ।

क) गर्मी सुख्खा र समशितोष्ण हावापानी (Hot Dry sub- tropical climate)

ख) न्यानो सुख्खा समशितोष्ण हावापानी (Warm Dry sub-tropical climate)

ग) शितोष्ण आद्र हावापानी ( Cool moist Tropical)

मनसूनको समयमा बर्षेनी बाढीको समस्या तथा गर्मी सुख्खायाम (बैशाख–जेष्ठ) मा भारतको थार मरुभुमीबाट तातो हावा (लु) बढ्नाले जन जीवन कष्टकर हुने गरेको छ । मौसम परिवर्तन हुने समयमा रुघाखोकी भाइरल ज्वरो, ईन्सेफ्लाइटिस, मेनिन्जाइटिसको प्रकोप बढेको हुन्छ । यस जिल्लाको जलवायु तथा हावापानी निम्नानुसार भएेको पाइन्छ ।

| | |
|---|---|
| अधिकतम तापक्रमः– | ३९.८° से. |
| न्युनतम तापक्रमः– | ९° से. |
| बार्षिक बर्षाः– | १११८ मि.लि. |
| हावापानीः– | उष्ण देखि समशितोष्णसम्म |

स्रोतः जल तथा मौसम विज्ञान कार्यालय कोहलपुर

### १.४. नदीनाला तथा जल भण्डारः

कृषि प्रधान मुलुकका लागि जलसाधन सबैभन्दा महत्वपूर्ण प्राकृतिक स्रोत हो। कृषि, उद्योग तथा पर्यटनजस्ता आर्थिक क्षेत्रहरूको विकासमा यसको महत्वपूर्ण भूमिका रहन्छ। भौगोलिक बनावटका कारण बर्दिया जिल्लामा सतही जलसाधन प्रचुर मात्रामा उपलब्ध छन्। यस जिल्लामा रहेका प्रमुख जलाशयहरूमा च्यामाताल, चकियाताल, निमाहाताल, तौरैया–चटकैया ताल, कुमरगड्डी ताल, टरोहवा ताल, सतखलवा ताल, बेलघारी कञ्चन ताल, कुमहरदा ताल, खौसौह्रा ताल, भद्रभरिया सिमसार ताल, श्रीगैडा ताल, तारा ताल, बढैयाताल, देवरानी ताल तथा भगरैया ताल लगायतका तालतलैयाहरू पर्दछन्। यस जिल्लामा बग्ने मुख्य नदी तथा खोलाहरूमा कर्णाली, गेरुवा, बबई, औरही, बुढीकुलो, मानखोला, डुडुवा र रेउखोला आदि पर्दछन्। यी नदी तथा खोलाहरूमा बाह्रै महिना पानी बहने भएकाले सिंचाइका लागि उल्लेखनीय सम्भावना रहेको छ।

नदीहरूको बहाव मापन गर्न कर्णाली नदीको चिसापानी पुलमा, बबई नदीको चेपाङ बबई पुल एवम् भादा पुल र औरही खोलाको गोडना क्षेत्रमा मापन केन्द्रहरू स्थापना गरिएका छन्। कर्णाली नदीको सतर्कता तह ९.५० मिटर र खतरा तह १०.५० मिटर तोकिएको छ, जहाँ मिति २०७९ असोज २४ गते १२.४० मिटर जलस्तर मापन भई खतरा तह पार भएको थियो। त्यसैगरी, बबई नदीको सतर्कता तह ५.५० मिटर र खतरा तह ६.१० मिटर रहेकोमा मिति २०७४ श्रावण २८ गते ७.११ मिटर जलस्तर मापन भई खतरा तह पार भएको थियो। औरही नदीको सतर्कता तह ३.०० मिटर र खतरा तह ३.५० मिटर तोकिएको छ।

### १.५. राजनैतिक तथा प्रशासनिक विभाजनः

| विवरण | संख्या | नगरपालिका/गाउँपालिका |
|---|---|---|
| संघीय निर्वाचन क्षेत्र | २ | क्षेत्र नं.१ बाँसगढी, गुलरिया र बारबर्दिया (वडा नं. ४ देखि ११ सम्म) नगरपालिका र बढैयाताल गाउँपालिका<br>क्षेत्र नं.२ बारबर्दिया(वडा नं.१ देखि ३ सम्म), मधुवन, ठाकुरद्वारा र राजापुर नगरपालिका र गेरुवा गाउँपालिका |

| विवरण | संख्या | नगरपालिका/गाउँपालिका |
|---|---|---|
| प्रदेश निर्वाचन क्षेत्र | ४ | क्षेत्र नं.१: बाँसँगढी नपा र बढैयाताल गापा<br>क्षेत्र नं.२: गुलरिया नपा र बारबर्दिया नपा वडा नं. ४ देखि ११ सम्म<br>क्षेत्र नं.३: बारबर्दियाको वडा नं.१ देखि ३ सम्म, मधुवन र ठाकुरबाबा नपा<br>क्षेत्र नं.४: राजापुर नपा र गेरुवा गाउँपालिका |
| नगरपालिका | ६ | १.बाँसँगढी नगरपालिका, २. गुलरिया नगरपालिका, ३. बारबर्दिया नगरपालिका, ४.मधुबन नगरपालिका, ५. ठाकुरबाबा नगरपालिका र ६. |
| गाउँपालिका | २ | १. बढैयाताल गाउँपालिका र २. गेरुवा गाउँपालिका |
| जम्मा वडा | ७५ | (१) बाँसँगढी नगरपालिकामा-९ वडा , (२) गुलरिया नगरपालिकामा-१२ वडा,<br>(३) बारबर्दिया नगरपालिकामा-११ वडा, (४) मधुबन नगरपालिकामा-९ वडा,<br>(५) ठाकुरबाबा नगरपालिकामा-९ वडा, (६) राजापुर नगरपालिकामा-१० वडा,<br>(७) बढैयाताल गाउँपालिकामा-९ वडा (८) गेरुवा गाउँपालिकामा-६ वडा |

## १.६. जनसंख्या

| स्थानीय तह | परिवार संख्या | जम्मा जनसंख्या | पुरुष | महिला | परिवार को औसत आकार | लैङ्गिक अनुपात | वार्षिक जनसंख्या वृद्धिदर (%) | जनघनत्व |
|---|---|---|---|---|---|---|---|---|
| बढैयाताल गाउँपालिका | १२९६१ | ५२८१८ | २४३८४ | २८४३४ | ४.०८ | ८५.७६ | ०.९४ | ४५९ |
| बाँसगढी नगरपालिका | १५०९१ | ६३२५२ | २९३०७ | ३३९४५ | ४.१९ | ८६.३४ | १.१९ | ३०७ |
| बारबर्दिया नगरपालिका | १६८९७ | ७२५३३ | ३४१२६ | ३८४०७ | ४.२९ | ८८.८५ | ०.६२ | ३२१ |
| गेरुवा गाउँपालिका | ७७६२ | ३३५१४ | १५३६३ | १८१५१ | ४.३२ | ८४.६४ | -०.३८ | ४२७ |
| गुलरीया नगरपालिका | १६००२ | ७४५०५ | ३६७२७ | ३७७७८ | ४.६६ | ९७.२२ | १.०७ | ६३० |
| मधुवन नगरपालिका | १२४४४ | ५०७३९ | २३३१० | २७४२९ | ४.०८ | ८४.९८ | ०.८५ | ३९१ |
| राजापुर नगरपालिका | १३६५९ | ६०८३१ | २८६०७ | ३२२२४ | ४.४५ | ८८.७८ | ०.२० | ४७९ |
| ठाकुरबाबा नगरपालिका | ११४६९ | ४९४२० | २२८७० | २६५५० | ४.३१ | ८६.१४ | १.०५ | ४७३ |
| संस्थागत | ४१ | २२८८ | २०७२ | २१६ | - | - | - | - |
| जम्मा | १०६३२६ | ४५९९०० | २१६७६६ | २४३१३४ | ४.३३ | ८९.१५ | ०.७२ | २२७ |

स्रोतः जनगणना, २०७८

## खण्ड दुईः मनसुनजन्य विपद् जोखिम विश्लेषण तथा प्रभाव आकलन

२.प्रारम्भ

मौसमी विषमता, भौगोलिक अवस्था, वातावरण प्रदुषण तथा जलवायु परिवर्तनका कारणबाट बहुप्रकोपबाट बर्दिया जिल्ला जोखिममा पर्दै आइरहेको छ। प्रत्येक बर्ष भारी बर्षा, कम बर्षा बाढी, डुबान, कटान, सर्पदंश, चटयाङ, तातो हावाको लहर, शीतलहर, आगलागी, सडक दुर्घटना, वातावरणीय प्रदुषण र महामारी जस्ता प्राकृतिक तथा गैरप्राकृतिक प्रकोपबाट बर्दिया जिल्लामा जनधनको क्षति तथा नोक्सानी हुने गरेको छ। विपद्को बार्षिक आकडालाई हेर्ने हो भने सबै भन्दा बढी विपद्का घटना र क्षति तथा नोक्सानी मनसुनको चार महिनाको अवधिमा हुने गरेको छ।

मनसुन हिन्द महासागरमा उत्पन्न भई बङ्गालको खाडी हुँदै सामान्यतया जेष्ठ महिनामा भित्रने र चार महिना सक्रिय रही असोज महिनामा बाहिरिने गरेको छ। विगत केही बर्षयता मुनसुनको शुरुवाती वा अन्तिम चरणमा अध्यधिक बर्षा भई बाढी, डुबानका घटना भई ठूलो क्षति पुगेको अवस्था छ। यस्ता क्षतिहरू न्यूनीकरण गर्न विगतदेखि नै जिल्ला स्तरमा विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाहरू तयार गरी कार्यान्वयन गर्दै आइएको छ। सरकारद्वारा स्वीकृत विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धी ऐन, नीति, नियम, रणनीति तथा कार्ययोजनाहरूका मार्गदर्शन, साथै नगर तथा गाउँपालिकाबाट संकलित सूचनाहरूका आधारमा विपद् व्यवस्थापन क्षेत्रमा क्रियाशील सबै सरोकारवाला निकायहरूले मनसून पूर्वतयारी तथा प्रतिकार्य योजना बनाई सोही अनुरूप कार्य गर्नु आवश्यक देखिएको छ। यसै सन्दर्भमा सरोकारवाला निकायहरूसँगको समन्वय, प्राप्त सुझाव तथा विवरणका आधारमा जिल्ला विपद् व्यवस्थापन समिति, बर्दियाबाट अनुमोदन गरी “बर्दिया मनसून पूर्वतयारी तथा प्रतिकार्य योजना, २०८३” तयार गरिएको हो। यस योजनाले मनसूनजन्य विपद् आउनुभन्दा अगाडि, मनसूनको समयमा तथा त्यसपछिका चरणहरूमा गरिनुपर्ने खोज तथा उद्धार, राहत तथा पुनःस्थापना सम्बन्धी कार्यहरूलाई प्रभावकारी र व्यवस्थित रूपमा सञ्चालन गर्न सहजीकरण गर्नेछ।

बर्दिया जिल्लामा विपद् उद्धारलाई **तयारीमुखी (preparedness-based)** बनाउनका लागि उद्धार घटना भएपछि मात्रै सक्रिय हुने होइन, घटना हुनु अघि नै योजना, साधन, जनशक्ति र सूचना प्रणाली तयार राख्नुपर्छ। बर्दियामा विशेषगरी **बाढी, डुबान, चटयाङ, आगलागी, वन्यजन्तु आक्रमण तथा हावाहुरी** जस्ता विपद् दोहोरिने भएकाले तयारीमुखी दृष्टिकोण अझ महत्त्वपूर्ण हुन्छ।

यस वर्ष विपद् जोखिम न्यूनीकरण, खोज तथा उद्धार तथा राहत कार्यहरू उच्च सतर्कता अपनाउँदै यसै कार्ययोजना अनुरूप सञ्चालन गरिनेछ।

### ३.प्रतिकार्य योजनाको उद्देश्य

मनसूनजन्य विपद्को प्रभावकारी तथा समन्वयात्मक ढङ्गले प्रतिकार्य गर्न दिशानिर्देश प्रदान गर्नु यस योजनाको मूल उद्देश्य हो। यस कार्ययोजनाका उद्देश्यहरू देहायअनुसार रहेका छन्:

- ❖ विगतका विपद्का घटना तथा तिनका प्रभावसम्बन्धी तथ्याङ्कहरूको विश्लेषण गरी मनसूनजन्य विपद्को सम्भावित जोखिमको पूर्वानुमान गर्नु।

- विपद् व्यवस्थापनसँग सम्बन्धित जिल्लामा रहेका संघीय, प्रादेशिक तथा स्थानीय तहका कार्यालयहरू, सुरक्षा निकायहरू तथा अन्य सरोकारवाला निकायहरूको मनसून पूर्वतयारी र प्रतिकार्यसम्बन्धी कार्यजिम्मेवारी स्पष्ट रूपमा निर्धारण गर्नु।
- मनसून पूर्वतयारी तथा प्रतिकार्यका लागि समन्वयात्मक तथा एकीकृत क्रियाकलापहरू तय गरी प्रतिकार्यलाई प्रभावकारी बनाउँदै सम्भावित क्षतिलाई न्यूनीकरण गर्नु।

## ४. मनसुनजन्य विपद् २०८२ को समीक्षा र सिकाइ

४.१. समिक्षाः

गत वर्ष २०८२ को मनसुन ऋतुको लागि जल तथा मौसम विज्ञान विभागले गरेको वर्षाको आँकलन अनुसार देशका अधिकांश स्थानहरुमा सरदर भन्दा बढी वर्षा हुने सम्भावना रहेकोमा आँकलन अनुसार नै अधिकांश स्थानहरुमा सरदर भन्दा वढी वर्षा मापन गरिएको थियो। अधिकतम तापक्रम तथा न्यूनतम तापक्रमको आँकलन अनुसार देशका अधिकांश स्थानमा तापक्रम सरदर भन्दा बढी हुने सम्भावना रहेकोमा आँकलन अनुसार नै अधिकांश स्थानहरुमा सरदर भन्दा बढी अधिकतम तथा न्यूनतम तापक्रम मापन गरिएको भएता पनि बर्दिया जिल्लामा औषध भन्दा कम बर्षा मापन गरिएको थियो।

४.१.१ विगत वर्षको मुख्य बाढी प्रभावित विवरण

२०८१ सालमा आएको बाढीबाट प्रभावित विवरण

| सि.न | विपद्को प्रकृति | सम्भावित स्थान र जोखिम अवस्थाको पुर्वानुमान | | | |
|---|---|---|---|---|---|
| | | स्थानीय तह वडा न. र स्थान | प्रभाबित भएकाको विवरण | | |
| | | | घर संख्या | सरकारी/अन्य संरचना | जनसंख्या |
| १ | बाढी | ठाकुरबाबा नगरपालिका वडा नं ३, ५ | ४ | ० | २७ |
| २ | डुबान | ठाकुरबाबा नगरपालिका वडा नं १ | ६० | ० | २५२ |

२०८२ सालमा आएको बाढीबाट प्रभावित विवरण

| सि.न | विपद्को प्रकृति | सम्भावित स्थान र जोखिम अवस्थाको पुर्वानुमान | | | |
|---|---|---|---|---|---|
| | | स्थानीय तह वडा न. र स्थान | प्रभाबित भएकाको विवरण | | |
| | | | घर संख्या | सरकारी/अन्य संरचना | जनसंख्या |
| १ | बाढी | ठाकुरबाबा नगरपालिका वडा नं ६, ७, र ८ | ३१ | ० | १२१ |
| २ | डुबान | ठाकुरबाबा नगरपालिका वडा नं ६, ७ र ८ | ४४७ | ० | १४४३ |

बर्दिया जिल्लाका सबै स्थानीय तहहरू बाढीबाट प्रभावित हुने गरेका छन्। बाढीको उच्च जोखिमको प्राथमिकताका आधारमा क्रमशः गुलरिया नगरपालिका, बारबर्दिया नगरपालिका, ठाकुरबाबा नगरपालिका,

बाँसगढी नगरपालिका, मधुवन नगरपालिका, राजापुर नगरपालिका, गेरुवा गाउँपालिका र बढैयाताल गाउँपालिका पर्दछन्। मनसूनको समयमा पानी तथा जीवाणुजन्य संक्रमणका कारण हरेक वर्ष उल्लेखनीय मानवीय क्षति हुने गरेको छ। झाडापखाला, हैजा, कमलपित्त, श्वासप्रश्वाससम्बन्धी रोग, डेङ्गु, इन्फ्लुएन्जा, प्लेगलगायत रोगहरू महामारीका रूपमा देखा पर्ने गरेका छन्। साथै, सर्पदंशका कारण पनि जनधनको क्षति हुने गरेको छ। पर्याप्त जनचेतनाको कमी तथा नागरिकहरूको लापरवाहीका कारण विपद्का घटनाहरू अझ बढ्ने गरेका छन्। विशेषगरी असार, साउन र भदौ महिनामा सर्पदंशका घटनाहरू उल्लेखनीय रूपमा वृद्धि हुने गर्दछ।

४.१.२ विगत बर्षहरुमा विपद् व्यवस्थापनमा गरिएका सकारात्मक पक्षहरूः

- जिल्ला विपद् व्यवस्थापन समिति सक्रिय रूपमा परिचालन भएको ।
- सुरक्षा निकायहरूको खोज तथा उद्धार कार्य प्रभावकारी रहेको ।
- उच्च जोखिम क्षेत्रमा पूर्वसूचना तथा माइकिङ कार्य सञ्चालन गरिएको ।
- स्थानीय तह र सरोकारवाला निकायबीच समन्वयमा सुधार आएको ।
- राहत सामग्रीको पूर्व भण्डारणले तत्काल राहत वितरणमा सहयोग पुगेको ।
- नेपाल रेडक्रस तथा स्वयंसेवकहरूको परिचालन प्रभावकारी रहेको ।
- अवरुद्ध सडक तथा विद्युत सेवा पुनःस्थापनामा शीघ्र कार्य गरिएको ।
- स्वास्थ्य शिविर तथा सरसफाइ कार्यक्रम सञ्चालन गरिएको ।

४.१.३ देखिएका कमजोरी तथा चुनौतीहरू

- केही क्षेत्रमा पूर्वसूचना समयमै पुग्न नसकेको ।
- खोज तथा उद्धार सामग्री पर्याप्त नभएको ।
- बाढी तथा डुबान प्रभावित क्षेत्रमा आश्रयस्थल अपर्याप्त रहेको ।
- नदी कटान नियन्त्रणका संरचनाहरू कमजोर देखिएका ।
- राहत वितरणमा कतिपय स्थानमा ढिलाइ भएको ।
- विपद् व्यवस्थापनमा दक्ष जनशक्ति सीमित रहेको ।
- सञ्चार तथा यातायात अवरुद्ध हुँदा समन्वयमा कठिनाइ भएको ।
- खानेपानी तथा सरसफाइ व्यवस्थापन चुनौतीपूर्ण रहेको ।
- स्थानीय तहहरूबीच स्रोत तथा तयारीमा असमानता देखिएको ।

४.१.४ आगामी वर्षका लागि सुधार गर्नुपर्ने पक्षहरू

- पूर्वसूचना प्रणालीलाई थप प्रभावकारी र समुदायमैत्री बनाउने ।
- प्रत्येक स्थानीय तहमा पर्याप्त उद्धार सामग्री भण्डारण गर्ने ।
- जोखिमयुक्त क्षेत्रमा स्थायी तटबन्ध तथा नदी नियन्त्रण कार्य सुदृढ गर्ने ।
- समुदायस्तरमा विपद् सचेतना तथा अभ्यास कार्यक्रम नियमित सञ्चालन गर्ने ।
- अस्थायी आश्रयस्थलको संख्या तथा क्षमता वृद्धि गर्ने ।
- स्वास्थ्य तथा सरसफाइ सामग्रीको पर्याप्त व्यवस्था गर्ने ।
- सुरक्षा निकाय तथा स्वयंसेवकलाई थप तालिम प्रदान गर्ने ।

- स्थानीय तह र विषयगत निकायबीच सूचना आदानप्रदान प्रणाली मजबुत बनाउने ।
- विपद् प्रतिकार्य कोष तथा स्रोत व्यवस्थापनलाई सुदृढ गर्ने ।

## ४.२. सिकाईः

- ❖ स्थानीय तहहरूमार्फत विपद्को समयमा पूर्वतयारी, पूर्वसूचना, खोज तथा उद्धारका लागि स्थानीय समुदाय परिचालन गर्न उपयुक्त सञ्चार तथा प्रविधिको प्रयोग गर्नुपर्नेछ। साथै, सम्बन्धित समुदाय तथा विभिन्न समयमा तालिम लिएका उपलब्ध स्वयंसेवकहरूको विवरण संकलन गरी प्रभावकारी रूपमा परिचालन गर्न आवश्यक व्यवस्था मिलाउनुपर्नेछ।
- ❖ मनसूनजन्य विपद् पूर्वतयारी तथा प्रतिकार्य कार्ययोजना कार्यान्वयनका सन्दर्भमा सरोकारवाला जिम्मेवार निकायहरूबीच प्रभावकारी समन्वय र सहकार्य सुनिश्चित गर्नुपर्नेछ।
- ❖ सम्बन्धित निकायबाट जारी हुने पूर्वसूचना तथा चेतावनी जोखिमयुक्त वर्ग, क्षेत्र र समुदायसम्म समयमै पुग्ने तथा सोको प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्न सक्षम सञ्चार प्रणालीको विकास गर्नुपर्नेछ।
- ❖ विभिन्न तहका आपतकालीन कार्यसञ्चालन केन्द्रहरू, सुरक्षा निकायहरू तथा सम्बन्धित निकायहरूलाई खोज, उद्धार तथा राहत व्यवस्थापन कार्यमा प्रभावकारी रूपमा परिचालन गर्न आवश्यक क्षमता अभिवृद्धि र स्रोत—साधनको पर्याप्त व्यवस्था गर्नुपर्नेछ।
- ❖ Incident Command System (ICS) लाई प्रभावकारी रूपमा कार्यान्वयन गरी खोज तथा उद्धारका क्रममा परिचालित निकायहरूबीच समन्वय र सहकार्यलाई व्यवस्थित बनाउनुपर्नेछ। साथै, कार्ययोजना अनुसार जिम्मेवार तथा सहयोगी निकायहरूले आफ्नो भूमिका निर्वाह गरे—नगरेको विषयमा नियमित अनुगमन, मूल्याङ्कन र समीक्षा गर्नुपर्नेछ।
- ❖ विपद् व्यवस्थापनमा संलग्न कर्मचारी तथा विभिन्न तहका जनप्रतिनिधिहरूको क्षमता विकासका लागि तालिम, अभ्यास, छलफल तथा सेमिनारहरूलाई नियमित बनाउनु आवश्यक छ। क्षमता विकासलाई वृत्ति विकाससँग जोड्ने नीतिगत व्यवस्था गर्न सकेमा संस्थागत क्षमता थप सुदृढ हुने देखिन्छ।
- ❖ सरकारी निकायहरूमा हुने कर्मचारीहरूको बारम्बार सरुवा तथा फेरबदलका कारण विपद् व्यवस्थापनसम्बन्धी कार्यप्रगतिमा असर पर्ने भएकाले कार्य हस्तान्तरण (handover) लाई व्यवस्थित र अनिवार्य बनाउनुपर्ने आवश्यकता देखिन्छ।
- ❖ विषयगत क्षेत्र निर्धारण गरी संघ, प्रदेश, जिल्ला र स्थानीय तहमा छुट्टै प्रशासनिक संयन्त्र विकास गर्दै कर्मचारी व्यवस्थापन र वृत्ति विकासको प्रणाली सुदृढ गर्नुपर्ने देखिन्छ।
- ❖ तीनवटै सुरक्षा निकायका सुरक्षाकर्मीहरूलाई विपद् व्यवस्थापनसम्बन्धी तालिममा थप सक्रिय बनाई आधुनिक उपकरण तथा स्रोत—साधनले सुसज्जित बनाउनु अत्यावश्यक छ।
- ❖ विपद् व्यवस्थापनमा सूचना तथा प्रतिवेदन प्रणाली सुदृढ गर्नु महत्वपूर्ण चुनौतीका रूपमा रहेको छ। तथ्याङ्क संकलनदेखि प्रतिवेदन, अभिलेखीकरण, भण्डारण, समीक्षा, निगरानी र वितरणसम्मका सबै पक्ष समेट्ने एकीकृत सूचना व्यवस्थापन प्रणाली विकास गर्न आवश्यक छ।

- ❖ आपतकालीन कार्यसञ्चालन केन्द्रहरूको भूमिका महत्वपूर्ण भए पनि केन्द्र, प्रदेश, जिल्ला र स्थानीय तहबीच समन्वयका लागि प्रभावकारी माध्यम र संयन्त्रको अभाव देखिएको छ। तसर्थ डिजिटल माध्यममार्फत एकीकृत कार्यप्रणाली तथा रिपोर्टिङ प्रणाली विकास गर्नुपर्ने आवश्यकता छ।
- ❖ विपद्को समयमा स्थानीय समुदाय पहिलो प्रतिकार्यकर्ता (First Responder) हुने भएकाले उनीहरूको क्षमता विकासमा विशेष जोड दिनुपर्छ। स्थानीय तहमा स्वयंसेवक व्यवस्थापन प्रणाली विकास गरी संगठित रूपमा तालिम, परिचालन तथा आवश्यक न्यूनतम सामग्री उपलब्ध गराउन सकेमा समुदायस्तरको प्रतिकार्य क्षमता अझ सुदृढ हुने देखिन्छ।
- ❖ विगतका मनसून (२०७१, २०७४, २०७९, २०८०, २०८१, २०८२) मा कर्णाली, बबई नदी र निकुञ्ज क्षेत्रबाट आएको खहरे खोलामा उच्च बाढी तथा डुबान मापन भएको थियो। केही पूर्वसूचना केन्द्रहरूमा क्षति भए तापनि समयमै गरिएको पूर्वानुमान तथा सूचना प्रवाहका कारण २०७१ र २०७४ सालको तुलनामा मानवीय तथा भौतिक क्षति न्यून भएको देखिन्छ।
- ❖ हाल दैनिक बाढी पूर्वानुमान बुलेटिनमा सुधार गरी नदी बेसिन तथा जोखिमस्तर (हरियो'न्यून, पहेंलो' मध्यम, सुन्तला'उच्च, रातो'अत्यधिक) अनुसार सूचना प्रदान गर्दिँदै आएको छ।

## ५. वि.सं. २०८३ सालको मनसुन ऋतुको जलवायु आकलनः

जल तथा मौसम विज्ञान विभागले वि.सं. २०८३ साल जेठ १८ देखि असोज १४ सम्मको चार महिनाको मनसुन अवधिमा देशका अधिकांश स्थानहरूमा सरदरभन्दा कम वर्षा हुने र अधिकतम तथा न्यूनतम तापक्रम देशभर सरदरभन्दा बढी रहने सम्भावना देखिन्छ। लुम्बिनी प्रदेशको अधिकांस स्थानहरुमा सरदरभन्दा कम वर्षा हुने सम्भावना तथा तापक्रम सरदरभन्दा बढी रहने आंकलन गरिएको छ।

**वर्षाः**

लुम्बिनी प्रदेशको अधिकांस स्थानहरुमा सरदरभन्दा कम वर्षा हुने सम्भावना। बर्दिया जिल्लाको पश्चिमि भागमा सरदरभन्दा कम हुने सम्भावना (४५% देखि ५५% सम्भावना) रहेको छ भने बाँकी भागहरुमा सरदरभन्दा कम हुने सम्भावना (५५% देखि ६५% सम्भावना) रहेको छ।



### अधिक्तम तापक्रम

लुम्बिनी प्रदेशको अधिकांस स्थानहरुमा अधिक्तम तापक्रम सरदरभन्दा बढी हुने सम्भावना। बर्दियामा सरदर भन्दा बढी हुने सम्भावना (५५%-६५% सम्भावना) रहेको छ ।




### न्यूनतम तापक्रम

लुम्बिनी प्रदेशको अधिकांस स्थानहरुमा न्यूनतम तापक्रम सरदरभन्दा बढी हुने सम्भावना। बर्दिया जिल्लामा सरदरभन्दा बढी हुने सम्भावना (३५-४५% सम्भावना) रहेको छ।



ऋतुगत जलवायु विविध सामुद्रिक तथा वायुमण्डलीय प्रणालीहरू एवं भूउपयोगसँग सम्बन्धित विभिन्न कारकहरूमा निर्भर रहने र ऋतु परिवर्तनको समयमा जलवायु प्रारुपहरु (मोडेल) लाई शतप्रतिशत विश्वसनीय पूर्वानुमान गर्न कठिन हुने भएकोले आगामी महिनामा अध्यावधिक आँकलन गर्ने जल तथा मौसम विज्ञान विभागले जनाएको छ। थप जानकारीका लागि: **https://dhm.gov.np/climate-services/seasonal-outlook** बाट हेर्न सकिन्छ। जलवायु सम्बन्धी अन्य जानकारीको लागि विभागको वेबसाइट https://www.dhm.gov.np/climate-services मा हेर्नसकिन्छ।

DHM ले रेडियो, टेलिभिजन, एसएमएस अलर्ट, सामाजिक सञ्जाल र अन्य सञ्चार च्यानलहरु सहित विभिन्न माध्यमहरु मार्फत समुदायमा प्राकृतिक प्रकोपहरुबारे जानकारी फैलाउछ। DHM ले स्थानीय समुदायहरु र राष्ट्रिय/प्रादेशिक/जिल्ला/स्थानीय आपतकालीन कार्य सञ्चालन केन्द्र (NEOC, PEOC, DEOC, LEOC) सँग पनि सम्भावित प्रकोपहरुको बारेमा जनतालाई समयमै र सही जानकारी प्राप्त गर्ने कुरा सुनिश्चित गर्नका लागि काम गर्दछ।

**ट्रिगर स्तर:** नेपालमा बाढीको ट्रिगर स्तर स्थान र नदी बेसिनमा निर्भर गर्दछ । उर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय अन्तर्गतको जल तथा मौसम विज्ञान विभागले नदीमा पानीको सतहको अनुगमन गर्ने र आवश्यक परे बाढीको चेतावनी जारी गर्ने गर्दछ।

**ट्रिगर संयन्त्र:** जल तथा मौसम विज्ञान विभागको ३ दिने मौसम पूर्वानुमान तथा कर्णाली नदी, बबई नदी र औरही खोलाको जल सतह मापन केन्द्रको आधारमा ट्रिगर संयन्त्र सकृय हुन्छ ।

| पूर्वानुमान | अति उच्च जोखिम | उच्च जोखिम | मध्यम जोखिम | न्यून जोखिम |
|---|---|---|---|---|
| जल तथा मौसम विज्ञान विभागको ३ दिने मौसम तथा बाढी पूर्वानुमान, गेजरिडरहरुबाट प्राप्त सूचना | नदिहरुको बहाव उल्लख्य बढ्ने तथा खतरा तह पार गर्नसक्ने पूर्वानुमान। बस्तिमा बाढी पस्न सक्ने उच्च संभावना भएकोले सुरक्षित स्थानमा स्थानान्तरण। | नदिहरुको बहाव उल्लेख्य बढ्नसक्ने तथा खतरा तह आसपास पुग्नसक्ने पूर्वानुमान। समुदायलाई उच्च सतर्कता अपनाउन आग्रह | नदिहरुको बहाव उलेख्य बढ्नसक्ने तथा सतर्कता तह आसपास पुग्न सक्ने पूर्वानुमान। सतर्कता अपनाउन आग्रह | जलसतह सतर्कता तह भन्दा तलै रहने र बाढीको न्यून जोखिम हुनसक्ने। |

६. वि.सं. २०८३ सालको मनसुनजन्य विपद्को जोखिम आकलन

यस वर्ष मनसुन ऋतुको अवधिमा सरदरभन्दा कम वर्षा रहने सम्भावना विगतको तुलनामा कम रहेको भएता पनि सरदर तापक्रम वृद्धि हुनसक्ने आकलनले हिमाली क्षेत्रहरुमा हिमताल विस्फोटन भई बाढी, डुबान, जमिन कटान तथा आकस्मिक बाढी जस्ता मनसुनजन्य विपद्को जोखिम अधिक हुने सम्भावना रहेको छ। त्यसैगरी उक्त अवधिमा दैनिक तापक्रममा वृद्धि हुने सम्भावना अधिक रहने आकलनले

अत्याधिक गर्मी वा तातो हावाको लहर (लू) बाट समेत प्रभावित बन्ने सम्भावना रहेको आकलन गर्न सकिन्छ। यस वर्षको मनसुनको पूर्वानुमान सन् २०१४, २०१६ र २०२२ का मनसुन मौसमसँग मिल्दोजुल्दो देखिन्छ । समग्रमा यस वर्षको मनसनुको अवधिमा मनसनुजन्य विपद्बाट बर्दिया जिल्लामा करिब ५७०७ व्यक्तिहरुमा ११०० देखि १२०० घरपरिवार प्रभावित हुने आकलन गरिएको छ। ४०० देखि ७०० व्यक्तिहरु प्रत्यक्ष रूपमा प्रभावित हुन सक्ने अनुमान गरिएको छ, जुन सबैभन्दा खराब अवस्थाको परिदृश्यको करिब ८ प्रतिशत बराबर हो। जिल्ला तथा स्थानीय तहमा विपद् पूर्वतयारी गर्न सहज होस् भन्ने अभिप्रायले स्थानीय तहगत विश्लेषण गरी विपद् जोखिम आकलन निम्न अनुसार गरिएको छ।




| क्र.सं. | स्थानीय तह | अनुमानित प्रभावित प्रतिशत | अनुमानित केसलोड (जना) | अनुमानित घरपरिवार (औसत ५ जना) |
|---|---|---|---|---|
| १ | ठाकुरबाबा नगरपालिका | २२% | १२५६ | २५१ |
| २ | राजापुर नगरपालिका | १८% | १०२७ | २०५ |
| ३ | गुलरिया नगरपालिका | १५% | ८५६ | १७१ |
| ४ | बारबर्दिया नगरपालिका | १३% | ७४२ | १४८ |
| ५ | गेरुवा गाउँपालिका | ११% | ६२८ | १२६ |
| ६ | मधुवन नगरपालिका | ९% | ५१४ | १०३ |
| ७ | बाँसगढी नगरपालिका | ७% | ४०० | ८० |
| ८ | बढैयाताल गाउँपालिका | ५% | २८४ | ५७ |
| | **जम्मा** | **१००%** | **५७०७** | **११४१** |

- **ठाकुरबाबा नगरपालिका** कर्णाली नदी तथा निकुञ्ज भित्रका खहरे खोलाको उच्च जोखिम क्षेत्रमा पर्ने भएकाले सबैभन्दा बढी प्रभावित हुने अनुमान गरिएको ।
- **राजापुर, गुलरिया र बारबर्दिया** क्षेत्रमा डुबान, नदी कटान तथा बाढीको जोखिम मध्यमदेखि उच्च रहेकाले उच्च केसलोड निर्धारण गरिएको ।
- **गेरुवा र मधुवन** मा नदी तथा वन क्षेत्रको प्रभावका कारण मध्यम जोखिम रहने अनुमान गरिएको ।
- **बाँसगढी र बढैयाताल** तुलनात्मक रूपमा कम प्रभावित भए पनि मनसुनजन्य जोखिम कायम रहने भएकाले न्यून केसलोड समावेश गरिएको ।

यो संख्या विगत वर्षहरूको विपद् विवरण, जोखिम नक्सांकन, बाढी प्रभावित क्षेत्र, जनघनत्व, नदी तटीय बस्ती, स्वास्थ्य जोखिम तथा सरोकारवाला निकायबाट प्राप्त तथ्यांकको विश्लेषण गरी निर्धारण गरिएको हो। उक्त केसलोडलाई आधार मानी निम्न कार्यहरूको योजना तयार गरिन्छः

- खोज तथा उद्धार सामग्रीको पूर्व तयारी
- राहत सामग्री (खाद्यान्न, त्रिपाल, औषधि, खानेपानी) को व्यवस्थापन
- अस्थायी आश्रयस्थलको क्षमता निर्धारण
- स्वास्थ्य तथा सरसफाइ सेवा तयारी
- सुरक्षा निकाय तथा स्वयंसेवक परिचालन योजना
- संवेदनशील क्षेत्रको प्राथमिकता निर्धारण

यसरी “५७०७ केसलोड” ले मनसुन अवधिमा सम्भावित प्रभावित जनसंख्याको प्रक्षेपण गरी पूर्वतयारी तथा प्रतिकार्य कार्यलाई व्यवस्थित, स्रोत—आधारित र प्रभावकारी बनाउन सहयोग पुर्‍याउँछ ।समग्र विश्लेषण यस्तो रहेको ।

| पक्ष | विश्लेषण |
|---|---|
| जोखिम अवस्था | बर्दिया जिल्लामा बाढी, डुबान, नदी कटान तथा स्वास्थ्य जोखिम उच्च रहेको । |
| प्रभावित क्षेत्र | राजापुर, ठाकुरबाबा, गुलरिया, बारबर्दिया र गेरुवा बढी जोखिमयुक्त क्षेत्रका रूपमा देखिएका । |
| मुख्य चुनौती | उद्धार सामग्री अभाव, कमजोर तटबन्ध, सीमित स्रोत तथा पूर्वसूचना पहुँच । |
| अवसर | स्थानीय तह, सुरक्षा निकाय तथा समुदायबीच समन्वय सुधार हुँदै गएको । |
| आवश्यक सुधार | समुदायस्तरमा पूर्वतयारी, स्रोत व्यवस्थापन र पूर्वसूचना प्रणाली सुदृढ गर्नुपर्ने । |

## ७. मनसून पूर्वतयारीः

<u>पहिलो तहः</u>

### क. बाढीपूर्व तयारी तथा सचेतना (Pre-Flood Preparation & Awareness):

बाढी व्यवस्थापनका लागि सुरक्षा निकायहरू, स्थानीय तह तथा अन्य संघ-संस्थामार्फत आवश्यक स्रोत-साधन जुटाई जिल्लामा उपलब्ध साधनहरूको समुचित व्यवस्थापन गरी पूर्ण र सक्षम तयारीमा जोड दिइनेछ। यस चरणमा गरिने कार्यहरू निम्नानुसार रहेका छन्:

- ❖ बाढी प्रतिकार्यसम्बन्धी उपायहरू सम्बन्धित स्थानीय तह तथा संघ—संस्थासँग सहकार्य गरी जनजागरणका रूपमा प्रशिक्षण तथा प्रचार—प्रसार गर्ने।

- ❖ पूर्वानुमानमा आधारित पूर्वतयारी कार्यविधि कार्यान्वयन गरी सोहीअनुसार तयारी तथा गतिविधि सञ्चालन गर्ने।
- ❖ जिल्ला विपद् व्यवस्थापन समितिको पहलमा स्थानीय तह, सुरक्षा निकाय, सरकारी कार्यालयहरू तथा संघ—संस्थाहरूसँग नियमित समन्वय र छलफल गरी सहकार्यलाई सुदृढ बनाउने।
- ❖ पत्रकार महासंघ, उद्योग वाणिज्य संघ, नेपाल रेडक्रस सोसाइटी तथा विभिन्न सञ्चार माध्यमहरूसँग समन्वय गरी जनचेतनामूलक सूचना तथा सन्देशहरूको निरन्तर प्रसार गर्ने। जस्तै'तारजाली प्रयोग, बाँस तथा रुख—बिरुवा रोपणद्वारा बाढी—पहिरो नियन्त्रण, अर्थिङ प्रयोगद्वारा चट्याङबाट जोगिने उपाय, तथा सरसफाइमा ध्यान दिई महामारीबाट बच्ने उपायहरू।
- ❖ सुरक्षा निकायसहित सबै सरोकारवाला निकायहरूले विपद् सुरक्षा तालिम सञ्चालन गर्ने तथा आवश्यक स्रोत-साधन, उपकरण र अत्यावश्यक सामग्रीहरूलाई तत्काल प्रयोगयोग्य अवस्थामा तयारी राख्ने।
- ❖ बाढीको अवस्थामा तत्काल उद्धार तथा राहत वितरणका लागि जिल्लाका दुर्गम क्षेत्रहरूमा रहेका गाउँपालिकाहरू, नेपाल रेडक्रस सोसाइटी, जिल्ला खाद्य डिपो तथा स्थानीय तहहरूमा खाद्य तथा गैर-खाद्य सामग्रीहरूको भण्डारण व्यवस्थापन गर्ने।
- ❖ बाढीपछिको क्षतिको विवरण, उद्धार तथा राहतसम्बन्धी अभिलेख राख्न विपद् लेखाजोखा मार्गदर्शन २०७२ (संशोधन सहित) अनुसारका फारमहरू जिल्ला आपतकालीन कार्य सञ्चालन केन्द्रमा तयारी अवस्थामा राख्ने।
- ❖ ग्रामीण क्षेत्रका बिग्रिएका सडकहरूको मर्मतसम्भारका लागि सम्बन्धित निकायलाई समन्वय तथा अनुरोध गर्ने।
- ❖ खोज तथा उद्धारका सामग्रीहरू सुरक्षा निकाय र नेपाल रेडक्रसका स्थानीय इकाइहरूमा मौज्दात राखी स्वयंसेवकहरूलाई तालिम प्रदान गर्ने।
- ❖ जिल्लामा निर्माणाधीन सडक तथा पुलहरूको कार्य वर्षायामअघि सम्पन्न नहुने देखिएका स्थानहरूमा वैकल्पिक मार्गको व्यवस्था गर्न आवश्यक पहल गर्ने।

<u>दोस्रो तहः</u>

### ख. बाढीको अवस्था (During Flood) खोज तथा उद्धार, अस्थायी आश्रय र आकस्मिक राहतः

जिल्लामा बाढी आएको अवस्थामा सुरक्षा निकायसहित सबै सरोकारवाला निकायहरू निम्नानुसार परिचालित हुनेछन्ः

- ❖ सूचनाको यकिन गरी जिल्ला विपद् व्यवस्थापन समितिसँग पूर्वसमन्वय अनुसार सुरक्षा निकायहरूलाई घटनाको प्रकृति हेरी आवश्यक स्रोत-साधनसहित तुरुन्त परिचालन गरिनेछ।
- ❖ बाढीको अवस्थालाई मध्यनजर गर्दै घाइते तथा बिरामीहरूको उद्धार, उपचार र थप क्षति हुन नदिन आवश्यक कार्यहरू गरिनेछ।
- ❖ नेपाल रेडक्रस सोसाइटीका तालिमप्राप्त स्वयंसेवकहरू तथा बर्दिया अस्पताल एवम् स्वास्थ्य कार्यालयका कर्मचारीमार्फत घाइते तथा बिरामीहरूको प्राथमिकताका आधारमा उद्धार तथा उपचारको व्यवस्था गरिनेछ।
- ❖ खोज तथा उद्धार कार्य निष्पक्ष, इमान्दार र पीडितको अवस्थाअनुसार प्राथमिकता निर्धारण गरी सञ्चालन गरिनेछ।
- ❖ घाइते, बिरामी तथा विस्थापित परिवारहरूको व्यवस्थापनका लागि अस्थायी शिविर (क्याम्प) स्थापना गरिनेछ। बिरामीहरूलाई अस्पताल लैजान एम्बुलेन्सको व्यवस्था गरिनेछ तथा आवश्यक परेमा हेलिकप्टर अवतरणका लागि जिल्लामा रहेका हेलीप्याड (Landing Zone) पहिचान, मर्मत गरी प्रयोगमा ल्याइनेछ।

❖ तत्काल प्रारम्भिक द्रुत मूल्याङ्कन (IRA) का लागि स्थानीय प्रतिनिधिको अगुवाइमा नेपाल रेडक्रस र प्रहरीको टोलीमार्फत सर्वेक्षण गरिनेछ।

❖ बाढीका कारण सडक अवरुद्ध भएमा यथाशीघ्र सञ्चालनमा ल्याउन प्राथमिकताका साथ काम गरिनेछ। आवश्यक परेमा डोजर, क्रेनजस्ता उपकरणहरू सरकारी निकाय, यातायात व्यवसायी संघ तथा निर्माण व्यवसायी संघमार्फत उपलब्ध गराइनेछ।

❖ बाढीपश्चात हैजा, झाडापखालाजस्ता महामारी फैलिन सक्ने अवस्थामा तुरुन्त नियन्त्रणका उपायहरू अपनाइनेछन्। यसका लागि जिल्ला अस्पताल तथा जनस्वास्थ्य कार्यालयबाट स्वास्थ्यकर्मी टोली परिचालन गरिनेछ।

❖ उद्धार कार्यमा संलग्न सुरक्षा निकाय तथा अन्य उद्धारकर्मीहरू पूर्वनिर्धारित योजना अनुसार परिचालित हुनेछन्।

**मुख्य कार्यहरू (Tasks):**

- बाढी प्रभावित व्यक्तिहरूको तत्काल उद्धार गर्ने।
- अवरुद्ध सडकहरू यथाशीघ्र सञ्चालनमा ल्याउने।
- प्राथमिकताका आधारमा घाइतेहरूको उपचार तथा अस्पतालसम्म पुर्याउने।
- विपद्को थप प्रभावलाई न्यून गर्न आवश्यक प्रयासहरू गर्ने।

<u>तेस्रो तहः</u>

**ग. बाढीपछिको अवस्था (राहत, पुनर्स्थापन तथा व्यवस्थापन):**

घटना पश्चात पीडितहरूको अवस्था न्यूनीकरण गर्न राहत वितरण, पुनर्स्थापन तथा व्यवस्थापनका कार्यहरू आवश्यक हुने भएकाले जिल्ला विपद् व्यवस्थापन समितिमार्फत निम्नानुसार समन्वयात्मक तथा कार्यगत पहल गरिनेछः

❖ विपद् व्यवस्थापनसँग सम्बन्धित सबै सरकारी निकाय, स्थानीय तह तथा संघ-संस्थाहरूले विस्थापित तथा घाइतेहरूलाई प्रदान गरिने मानवीय सहयोग "विपद् संवेदनशील सामाजिक सुरक्षा तथा राहत वितरण मापदण्ड, २०८१" अनुसार गर्ने।

❖ विस्थापित तथा घाइते बिरामीहरूको समयमै उपचार सुनिश्चित गरी प्रभावित क्षेत्रमा शान्ति तथा सुरक्षाको प्रत्याभूति गरिनेछ तथा आवश्यकताअनुसार अस्पतालसम्म पुऱ्याउने व्यवस्था मिलाइनेछ।

❖ प्राथमिकताको आधारमा राहत वितरण कार्यलाई सरल, सुलभ तथा पारदर्शी बनाउँदै कार्यान्वयन गरिनेछ।

❖ उपलब्ध स्रोत—साधनको अधिकतम परिचालन गरी आवश्यकताअनुसार फिल्ड मेडिकल क्याम्प सञ्चालन गरिनेछ तथा समस्या प्रभावित क्षेत्रमा महामारी फैलिन नदिन जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ।

❖ "विपद् लेखाजोखा मार्गदर्शन, २०७२ (संशोधन सहित)" अनुसार स्थानीय तहको नेतृत्वमा प्रारम्भिक द्रुत लेखाजोखा (IRA) टोली गठन गरी क्षतिको मूल्याङ्कन गरिनेछ। साथै, विपद्को प्रभाव र क्षेत्रअनुसार अन्य लेखाजोखा उपकरणहरू सक्रिय गरी सम्बन्धित व्यक्तिहरूलाई जिम्मेवारी प्रदान गरिनेछ।

**घ. समन्वयात्मक तथा व्यवस्थापकीय तयारी (Coordination and Management):**

जिल्लामा हुने बाढीपूर्व तथा बाढीपछिका कार्यहरू प्रभावकारी बनाउन सरोकारवाला सबै निकायहरूसँग समन्वय तथा छलफल गरी निम्नानुसार तयारी गरिनेछः

- ❖ सुरक्षा निकायहरू (नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपाल) आवश्यक स्रोत-साधनसहित जुनसुकै समयमा खटिन सक्ने अवस्थामा तयारी रहनेछन्।
- ❖ नेपाल रेडक्रस सोसाइटी जिल्ला शाखा, उद्योग वाणिज्य संघ, गैरसरकारी संस्था महासंघलगायत संघ-संस्थाबाट उद्धार सम्बन्धी स्रोत—साधन संकलन गरी जिल्ला आपतकालीन कार्य सञ्चालन केन्द्रमा स्टक रोस्टर कायम गरिनेछ।
- ❖ जिल्ला प्रशासन कार्यालय, जिल्ला समन्वय समिति, सडक डिभिजन कार्यालय तथा निर्माण व्यवसायी संघको समन्वयमा जिल्लामा उपलब्ध डोजर, क्रेनजस्ता हेभी इक्विपमेन्टहरू आवश्यक पर्दा तुरुन्त परिचालन गर्न सकिने अवस्थामा राखिनेछ। सम्भव भएसम्म जोखिमयुक्त क्षेत्र नजिकै यस्ता उपकरणहरू पूर्वतयारीका रूपमा राखिनेछ।
- ❖ स्वास्थ्य कार्यालयले मातहतका स्वास्थ्य संस्थाहरू तथा स्थानीय तहका स्वास्थ्य शाखाहरूलाई औषधी तथा उपकरणसहित सर्ट नोटिसमै मेडिकल टोली परिचालन गर्न निर्देशन दिई तयारी अवस्थामा राख्नेछ।
- ❖ जिल्लाका यातायात व्यवसायी संघहरूले जिल्ला प्रशासन कार्यालयको मागअनुसार आवश्यक सवारीसाधन उपलब्ध गराउनेछन्।
- ❖ जिल्लाका अन्य सबै सरकारी कार्यालयहरूले आवश्यकता अनुसार सेवा दिन घटनास्थलमा छिटो परिचालन हुन आवश्यक स्रोत—साधन तयारी अवस्थामा राख्नेछन्।
- ❖ तत्काल राहत तथा पुनर्स्थापनाका लागि उद्योग वाणिज्य संघ, निर्माण व्यवसायी संघ तथा स्थानीय संघ—संस्थाहरूलाई पूर्वसूचना दिई राहत संकलनमा सक्रिय बनाइनेछ तथा एकद्वार प्रणालीमार्फत राहत वितरण व्यवस्थापन गरिनेछ।
- ❖ पत्रकार महासंघ तथा सञ्चार माध्यमहरूले विपद्सम्बन्धी सूचना द्रुत रूपमा प्रसार गरी जनचेतना अभिवृद्धि गर्नुका साथै राहत संकलन तथा व्यवस्थापनमा सहयोग पु¥याउनेछन्।
- ❖ जिल्ला समन्वय समितिको समन्वयमा स्थानीय तहमा संकलित नगद तथा जिन्सी राहत सामग्रीलाई जिल्ला विपद् व्यवस्थापन समितिको निर्देशनमा पारदर्शी रूपमा भण्डारण तथा व्यवस्थापन गरिनेछ।
- ❖ सुरक्षा निकाय, सरकारी निकाय तथा राष्ट्रिय/अन्तर्राष्ट्रिय संघ—संस्थाहरूलाई Cluster System मार्फत विपद् प्रतिकार्यमा आबद्ध गराई District Disaster Response System अनुसार प्रभावकारी कार्यान्वयन सुनिश्चित गरिनेछ।
- ❖ जिल्लामा उपलब्ध सम्पूर्ण स्रोत—साधनको स्टक विवरण, वितरण विवरण तथा अन्य सूचनाहरू जिल्ला आपतकालीन कार्य सञ्चालन केन्द्रमा अभिलेख राखी नियमित रूपमा जिल्ला विपद् व्यवस्थापन समितिलाई जानकारी गराइनेछ।

**८. विपद जोखिमको अवस्थाः**

बर्दिया जिल्लामा बाढी र डुबान ठूलो प्रकोपको रुपमा रहेको छ । बर्दिया जिल्लामा वर्षेनी पानीजन्य आपत्काल निम्त्याउने मूख्य नदीहरुमा कर्णाली नदी, बबई नदी, मान खोला, औरही खोला, रेउखोला, बुढीकुलो जस्ता

नदी/खोलाहरुमा आउने बाढीका कारण वर्षेनी ठूलो मात्रामा भौतिक क्षती तथा मानवीय हुने गरेको छ । बाढी तथा त्यसबाट हुने विपदका घटना बर्षेनी दोहोरिने गरेको पाइन्छ । नदीको पिँधमा धेरै ढुङ्गा, बालुवा र माटो जम्मा भई बर्षेनी डुवानका घटनाहरु बढी रहेका छन् । पानीजन्य आपतकालको ईतिहासलाई हेर्दा वि.सं. २०४०, २०५१, २०६३, २०७१, २०७४, २०७८, २०७९ र २०८० कार्तिक महिनामा बाढीको प्रभाव वढी भएको पाइन्छ।

जिल्ला आपतकालीन कार्यसञ्चालन केन्द्रमा रहेको अभिलेख अनुसार गत वर्ष २०८० मा मात्र बाढी/डुबेरबाट मृत्यू हुनेको संख्या २ र वेपत्ता हुनेको संख्या २ जना रहेको छ । यसले गर्दा बाढी तथा डुबानबाट मर्ने जोखिम कम गर्न अपनाउनु पर्ने सजकता पनि उत्तिकै अपरिहार्य रहेको छ ।

बर्दियाका प्रमुख २ नदी कर्णाली र बबई नदी एवम् १ वटा औरही खोलामा गरी जम्मा ३ स्थानमा स्वःचालित बाढी पूर्वसूचना प्रणाली स्थापना गरिएको छ भने अन्य नदी तथा खोलाहरुमा स्वःचालित बाढी पूर्वसूचना प्रणाली स्थापना नभएका कारण उक्त नदी तटीय क्षेत्रमा बसोबास गर्ने नागरिकहरु बढी जोखिममा रहेको पाइन्छ ।

## ९. सम्भाव्य जोखिम र पहुँच

## ९.१ सम्भाव्य जोखिम स्थल (विवरण)

| बाढी वाट उच्च जोखिममा रहेका नगरपालिका | बाढीवाट उच्चजोखिममा रहेका वडाहरु | बाढी तथा डुबानको उच्चजोखिममा रहेका समुदाय | फौज तैनाथ स्थान | दुरी (किमी) | समय (मिनेट) | |
|---|---|---|---|---|---|---|
| | | | | | सवारी साधन | पैदल |
| गुलरिया न.पा. | २, ३, ४, १०, ११, १२ | चौधरी टोल, नवजागरण टोल, पार्वति मन्दिर टोल, मिलनटोल, केरावारी, सँगम टोल, दर्जी टोल, छेदापुर, सगाहपुर, मलरिया टोल, १६ नं. गाँउ, १० नं. गाँउ र भगरीया टोल, संगमबस्ती, पण्डितपुर, पचासखल्ला, भगहर, जैनपुर र खैरापुर पटाह, हरियालीटोल, मनकामनाटोल, चेतना, उदयपुर, उदयपुर क, आन्नदनगर, शिवमन्दिर, मनिकापुर, राधाकृष्ण क, शान्तिटोल, दर्गाटोल, शंकरटोल, जानकी, सुर्कहिया र भगौतिटोल, वगही, तुलसीपुर, गणेशचोक उत्तर, तुलापुर, सानो वेचैपुर, लक्ष्मी नारायणटोल, कारागार, तुरुन्तपुर, हरियालीटोल, कैशालनगर र प्रगति नगर, वालापुर, सोहेलवा र सन्तोषीटोल, भेटनरीटोल, दिपेन्द्र नगर, आन्नदटोल, आदर्श नगर, विद्युतटोल, हस्पिटल हुदै दक्षिण भानुभक्तटोल, शिवशंकर, शान्तिटोल, राधाकृष्णटोल र समृद्धिटोल, चौगुर्जी, सर्जुनदी, टपरा, भन्सार वरिपरी र खल्ला, कोठियागाँउ, थपुवा, मुक्तिनारायण, परसपुर, गंगानगर, सुरजपुर, टेपरा, लक्ष्मणपुर, आशापुर र पकडिया, गोडियनपुर, टपरी, खालीपुर, प्रयागपुर, बाह्रबिगाह उत्तर, डब्बागाऊव, पदमपुर, रामनगर र पण्डापुर, मस्जिदिया, रत्नापुर, बाजी प्रसिया, जयरामपुर, उँगीपुर, शिवशंकरटोल, राधाकृष्णटोल, चमनटोल, लटकनिया, दलितटोल, नयाऊ प्रयागपुर, पुरानो प्रयागपुर, कालाबन्जर, थारु प्रसिया र रामजीटोल, लालपुर, ईन्द्रपुर, डाँडालालपुर, सानो विक्री, ठुलो विक्री, भैसाही, टड्वा, , सुर्यगौडी, लालपुर र दुद्या । | गुलरिया नगरपालिका वडा नं. ४, गुलरिया न.पा.८ सुरजपुर (स.प्र.बल) | ०-१० | ५-२० | ३०-१२० |
| बारबर्दिया नपा | १, २, ३, ४, ५, ८, ११ | मुर्गिया र कुशुमडाँडा, डुङ्ग्रही, कुमरा गाँउ, रामपुर र लक्ष्मणपुर , भैशाखानी , जब्वरपुर, | गुलरिया नगरपालिका वडा नं. ४, गुलरिया न.पा.८ सुरजपुर ( स.प्र.बल) | १३-२० | १०-४० | ९०-१८० |
| ठाकरबाबा नपा | १, २, ३, ४, ७, ८, ९ | भुरिगाँउ वजारक्षेत्र, कर्मला खोदाउ कर्मला, रानिपुर, वेसर्माफाटा मिर्चैया सुकुम्वासिफाँटा, नेउलापुर, चटकपुर, जुडपानी गोदाना, जम्ति बावननपुर, खैलार, भदेलि, कालिगौडी, सुजानपुर चिटकैया, गोब्रेला, सुखाड, सुतैया ठाकुरद्वारा, खुशालपुर, वनतरिया, शिवपुर र हात्तिसार | गुलरिया नगरपालिका वडा नं. ४, मधुवन न.पा.३ धनौरा ( स.प्र.बल) | २२ देखि ५८ | १५ देखि ६० मिनेट | १८० देखि ६०० मिनेट |
| मधुवन नपा | १, २, ३, ८, ९ | कैलाशि, पथ्थरवोझी, छोटकीटड्वा, कुशुम्म खाता, खैरेनी, वंगालीपुर, सोनाहा, रजवारा, भगरैया, भगतपुर, कोठियाघाट | गुलरिया नगरपालिका वडा नं. ४ मधुवन न.पा.३ धनौरा (स.प्र.बल) | २४- ३७ | ३२-४५ मिनेट | २००-४०० |

| बाढी वाट उच्च जोखिममा रहेका नगरपालिका | बाढीवाट उच्चजोखिममा रहेका वडाहरु | बाढी तथा डुबानको उच्चजोखिममा रहेका समुदाय | फौज तैनाथ स्थान | दुरी (किमी) | समय (मिनेट) | |
|---|---|---|---|---|---|---|
| | | | | | सवारी साधन | पैदल |
| राजापुर नपा | १, ३, ४, ७, ८, ९, १० | टिहुनी, दौलतपुर, चनौरा, भदाली टोल, प्रेमनगर, मुर्गहवा, सोनाहा, दुर्गानगर, धोविनपुर, मैलाबरगद्दी, सिन्द्रा , सिन्द्रा, मुरैया, बसन्ता, तिघ्रा, रजपुरुवा, टेडीया, चखखापुर संघर्षनगर, दलई, अनन्तपुर, खल्लाटोल, शंकरपुर, भालुफाँटा, लालचीपुर, बेलासा, , मैलानाला, ईश्वरीगञ्ज,दलैपुर, बनियापुर, चैनपुर, दुर्गानगर, गोडीयाना, लालपुर, भप्टी, ढुण्डीपुर, मझरा, पहाडीपुर , संघर्षनगर, दलई, अनन्तपुर, खल्लाटोल | गुलरिया नगरपालिका वडा नं. ४राजापुर न.पा.४ राजापुर ( स.प्र.बल) | ३० देखि ५८ | ४५ देखि ८० मिनेट | २४० देखि ६०० मिनेट |
| बाँसगढी नपा | १, ३, ८, ९ | चेपाङ्ग, बाटुले(पहिरो), भंगाहा, माहादेवा, सल्यानीटोल, फल्कापुर, पुष्पनगर, उत्तर वखारी , कुनैठी, दुर्गाफाँटा, तोरैंया, माछागढ | गुलरिया नगरपालिका वडा नं. ४ बारबर्दया न.पा.९ कतर्निया ( स.प्र.बल) | २६ देखि १०० | ३० देखि १५० मिनेट | २२० देखि १२०० मिनेट |
| गेरुवा गापा | १, २, ३, ४, ६ | सरखोल, भठेरा, वनखेत, वघैपुर, टिकुलीगड, राजिपुर, वनघुश्रा सनक्टी , वनक्ट्टी , लोहारपुर डिकुनिया, गद्टिोल ,खल्लागाँउ, खोल्टी वजार, सोनहाफाँटा, गुप्तीपुर, सैजनावाचपुर हात्तिखल्ला | गुलरिया नगरपालिका वडा नं. ४ राजापुर न.पा.४ राजापुर ( स.प्र.बल) | ३३ देखि ७० केमि | ४० देखि ९० मिनेट | २५० देखि ८०० मिनेट |
| बढैयाताल गापा | १,३,९ | शान्तिपुर, सतपतिया, भोलागौडि पुष्पनगर, टेसनपुर | गुलरिया नपा-४ बढैयाताल गा.पा.८ कण्ठपुर ( स.प्र.बल) | १०-३० | १५-४५ | १२०- ३६० |


बर्दिया जिल्लाको बाढी जोखिम नक्सा
राजापुर नगरपालिका
गेरुवा गाउँपालिका
ठाकुरबाबा नगरपालिका
बर्दिया राष्ट्रिय निकुञ्ज
बारबर्दिया नगरपालिका
मधुवन नगरपालिका
गुलरिया नगरपालिका
बढैयाताल गाउँपालिका
बाँसगढी नगरपालिका
बाँके राष्ट्रिय निकुञ्ज
यो नक्सा विपद् पोर्टल बाट बनाइएको हो।
र यसमा बर्दिया सम्भावित डुबान क्षेत्र देखाइएको छ।
थप जानकारीका लागि https://bipadportal.gov.np/risk-info/#/hazard
बाढीको गहिराई
> २ मिटर भन्दा माथि
१ - २ मिटर
<१ मिटर
बर्दिया जिल्ला
0 4 8 16 24 32 Kilometers
Map By : Mukesh gautam
© OpenStreetMap (and) contributors, CC-BY-SA

## ९.२. सम्भाव्य जोखिमस्थल सम्मको पहुच मार्ग




## ९.३. सुरक्षित आश्रय स्थलहरुको विवरण

| क्र.स. | नगरपालिका गाउँपालिका | स्थान | वडा नं. | क्षमता प्रति जनामा | नदीको किनारा |
|---|---|---|---|---|---|
| १. | राजापुर नगरपालिका | टिहुनी | १ | २०० | कर्णाली नदी |
| २. | राजापुर नगरपालिका | प्रेमनगर वस्ती | १ | १०० | कर्णाली नदी |
| ३. | राजापुर नगरपालिका | चनौरा | १ | १०० | कर्णाली नदी |
| ४. | राजापुर नगरपालिका | मुर्घहवा | १ | १५० | कर्णाली नदी |
| ५. | राजापुर नगरपालिका | चख्खापुर | ३ | २०० | कर्णाली नदी |
| ६. | राजापुर नगरपालिका | नंगापुर | ३ | ३०० | कर्णाली नदी |
| ७. | राजापुर नगरपालिका | भालुफाटाँ | ४ | १०० | कर्णाली नदी |
| ८. | राजापुर नगरपालिका | संघर्षनगर | ४ | १०० | कर्णाली नदी |
| ९. | राजापुर नगरपालिका | सन्कटी | ५ | २०० | कर्णाली नदी |
| १०. | राजापुर नगरपालिका | शंकरपुर | ६ | १०० | वुढी कुला |
| ११. | राजापुर नगरपालिका | भिम्मापुर | ७ | १५० | वुढी कुला |
| १२. | राजापुर नगरपालिका | थारु टोल | ७ | १५० | वुढी कुला |
| १३. | राजापुर नगरपालिका | मझरा | १० | १५० | गेरुवा नदी |
| १४. | राजापुर नगरपालिका | खैरी | १० | २०० | गेरुवा नदी |
| १५. | गेरुवा गाउँपालिका | दक्षिणपुरुवा | १ | १०० | गेरुवा नदी |
| १६. | गेरुवा गाउँपालिका | राजिपुर | २ | २०० | कर्णाली नदी |
| १७. | गेरुवा गाउँपालिका | बनघुस्रा | २ | ३०० | कर्णाली नदी |
| १८. | गेरुवा गाउँपालिका | बनकट्टी | ३ | २०० | कर्णाली नदी |
| १९. | गेरुवा गाउँपालिका | दंगपुर | ४ | १५० | गेरुवा नदी |
| २०. | गेरुवा गाउँपालिका | खल्लागाउ | ४ | १०० | गेरुवा नदी |
| २१. | गेरुवा गाउँपालिका | सेउलीवजार | ५ | १०० | गेरुवा नदी |
| २२. | गेरुवा गाउँपालिका | सोनाहाफाटा | ६ | २०० | कर्णाली नदी |
| २३. | गेरुवा गाउँपालिका | बाचपुर | ६ | १५० | गेरुवा नदी |
| २४. | गेरुवा गाउँपालिका | बाचपुर | ६ | १५० | गेरुवा नदी |
| २५. | गेरुवा गाउँपालिका | गुप्तीपुर | ६ | २०० | गेरुवा नदी |
| २६. | गुलरिया नगरपालिका | बालापुर | ५ | १०० | बवई नदी |
| २७. | गुलरिया नगरपालिका | वेचैपुर | ५ | १०० | बवई नदी |
| २८. | गुलरिया नगरपालिका | थपुवा | ११ | १०० | बवई नदी |
| २९. | गुलरिया नगरपालिका | विक्री | १२ | १०० | बवई नदी |
| ७०७. | बारबर्दिया न.पा. | गोरुखुरे गैटी | वटा | २ |
| ७०८. | बारबर्दिया न.पा. | क्रो बार | वटा | १ |
| ७०९. | बारबर्दिया न.पा. | बाल्टी (फलामको) | वटा | १० |
| ७१०. | बारबर्दिया न.पा. | टायर ट्यूब | वटा | २ |
| ७११. | बारबर्दिया न.पा. | ब्याग प्याक फायर | वटा | ४ |
| ७१२. | बारबर्दिया न.पा. | वाकर | वटा | ५ |
| ७१३. | बारबर्दिया न.पा. | शौचालय कुर्सी | वटा | २ |
| ७१४. | बारबर्दिया न.पा. | बैसाखी | वटा | १० |
| ७१५. | बारबर्दिया न.पा. | पोर्टेबल कुर्सी | वटा | ३ |
| ७१६. | बारबर्दिया न.पा. | पञ्जा | पाकेट | २ |

| सि.नं. | सामाग्रि रहेको स्थान | विवरण | इकाई | परिमाण |
|---|---|---|---|---|
| ७१७. | बारबर्दिया न.पा. | **गुन्द्री** | **वटा** | **५** |
| ७१८. | बारबर्दिया न.पा. | त्रिपाल | **वटा** | **१८९** |
| ७१९. | बारबर्दिया न.पा. | प्लाष्टिक बोरा | वटा | **१७** |
| ७२०. | बारबर्दिया न.पा. | **माउन्टेन ब्याग** | **वटा** | **४** |
| ७२१. | बारबर्दिया न.पा. | **हसिया** | **वटा** | **१** |
| ७२२. | बारबर्दिया न.पा. | **सानो हेम्बर** | **वटा** | **१** |
| ७२३. | बारबर्दिया न.पा. | **भेक्स फेरेन** | **वटा** | **२** |
| ७२४. | बारबर्दिया न.पा. | **झुल (युनिसेफ)** | **वटा** | ४७ |
| ७२५. | बारबर्दिया न.पा. | **मर्यादा सामाग्री** | **वटा** | ६० |
| ७२६. | बारबर्दिया न.पा. | **सिडी फोल्डीङ्ग** | **वटा** | २ |
| ७२७. | बारबर्दिया न.पा. | **बाल्टी स्टिलको** | **वटा** | ४ |
| ७२८. | बारबर्दिया न.पा. | **बन्चरो** | **वटा** | ७ |
| ७२९. | बारबर्दिया न.पा. | **गाईकरे** | **वटा** | **५** |
| ७३०. | बारबर्दिया न.पा. | **फायर बिगेड** | **वटा** | २ |
| ७३१. | बारबर्दिया न.पा. | **आरा (सानो)** | **वटा** | ४ |
| ७३२. | बारबर्दिया न.पा. | **फायर पञ्जा** | जोडी | २ |
| ७३३. | बारबर्दिया न.पा. | **हेक्स ब्लेट** | **वटा** | **१** |
| ७३४. | बारबर्दिया न.पा. | **कटर** | वटा | **१** |
| ७३५. | बारबर्दिया न.पा. | **पम्प** | **वटा** | **१** |
| ७३६. | बारबर्दिया न.पा. | **लाईट** | **वटा** | २ |
| ७३७. | बारबर्दिया न.पा. | **नि प्याड** | **वटा** | **१५** |
| ७३८. | बारबर्दिया न.पा. | **फायर सुज** | **वटा** | ६ |
| ७३९. | बारबर्दिया न.पा. | **पञ्जा** | जोडी | **५** |
| ७४०. | बारबर्दिया न.पा. | **ट्वाईलेट बकेट** | जोडी | **२०** |
| ७४१. | बारबर्दिया न.पा. | फस्टएड बक्स | वटा | २ |
| ७४२. | बारबर्दिया न.पा. | **दबला** | **वटा** | **१** |
| ७४३. | बारबर्दिया न.पा. | **टुल बक्स** | **वटा** | ६ |
| ७४४. | बारबर्दिया न.पा. | **रुख काटने मेशिन** | **वटा** | **१** |
| ७४५. | राजापुर नपा | रेस्क्यु टुउव | वटा | १० |
| ७४६. | राजापुर नपा | रेस्क्यु भेस्ट | वटा | ६ |
| ७४७. | राजापुर नपा | रेनकोट | वटा | ५ |
| ७४८. | राजापुर नपा | रबर बोट | वटा | १ |
| ७४९. | राजापुर नपा | स्टेचर | वटा | ३१ |
| ७५०. | राजापुर नपा | सब्बल | वटा | १७ |
| ७५१. | राजापुर नपा | सानो हाटे आरी | वटा | १० |
| ७५२. | राजापुर नपा | साईनिङ्ग ज्याकेट | वटा | ५ |

| सि.नं. | सामाग्रि रहेको स्थान | विवरण | इकाई | परिमाण |
|---|---|---|---|---|
| ७५३. | राजापुर नपा | सन ग्लास | वटा | २७ |
| ७५४. | राजापुर नपा | सलाई रिन्च | सेट | १ |
| ७५५. | राजापुर नपा | रुख काट्ने मेसिन | सेट | २ |
| ७५६. | राजापुर नपा | घन | वटा | १० |
| ७५७. | राजापुर नपा | छाता | वटा | ३ |
| ७५८. | राजापुर नपा | ट्रो व्याग डोरी | रोल | ६ |
| ७५९. | राजापुर नपा | टुल बक्स | सेट | २ |
| ७६०. | राजापुर नपा | ड्रील मेसिन | सेट | ३ |
| ७६१. | राजापुर नपा | डाईरेक्सन टेप | रोल | १ |
| ७६२. | राजापुर नपा | बेल्चा | वटा | १८ |
| ७६३. | राजापुर नपा | बुट | जोडी | ५८ |
| ७६४. | राजापुर नपा | बन्चरो | वटा | १० |
| ७६५. | राजापुर नपा | मेजरिङ टेप | वटा | ४ |
| ७६६. | राजापुर नपा | माक्स राम्रोमा | वटा | ६ |
| ७६७. | राजापुर नपा | नाईलन डोरी | रोल | २ |
| ७६८. | राजापुर नपा | पञ्जा | जोडी | ५२ |
| ७६९. | राजापुर नपा | फस्टएड बक्स | वटा | २ |
| ७७०. | राजापुर नपा | फलाम काट्ने आरी | वटा | १० |
| ७७१. | राजापुर नपा | प्लाष्टिक मझौला डोरी | रोल | ८ |
| ७७२. | राजापुर नपा | प्लाष्टिक मोटो डोरी | रोल | १ |
| ७७३. | राजापुर नपा | प्लाष्टिक पातलो डोरी | रोल | २ |
| ७७४. | राजापुर नपा | पिन्चर ताल्ने | सेट | १ |
| ७७५. | राजापुर नपा | त्रिपाल | वटा | ५० |
| ७७६. | राजापुर नपा | लाईफ ब्वाय | वटा | २ |
| ७७७. | राजापुर नपा | लाइफ ज्याकेट | वटा | ३० |
| ७७८. | राजापुर नपा | कम्बल | वटा | २० |
| ७७९. | राजापुर नपा | काँटी निकाल्ने | वटा | ५ |
| ७८०. | राजापुर नपा | गैटी | वटा | २५ |
| ७८१. | राजापुर नपा | हेड टर्च | वटा | ६ |
| ७८२. | राजापुर नपा | हेल्मेट | वटा | ५२ |
| ७८३. | राजापुर नपा | ह्यान्ड माईक | वटा | ६ |
| ७८४. | राजापुर नपा | प्लाष्टिक बोरा | वटा | ५००० |
| ७८५. | राजापुर नपा | नाइलन जाली | वटा | ५० |

## ९.७ हेभी ईक्यूपमेन्टको विवरणः

### क. स्थानीय तहमा रहेका :

| क.स. | संस्थाको नाम | ठेगाना | साधन | | | |
|---|---|---|---|---|---|---|
| | | | टिप्पर | स्काभेटर | भ्याकुलोडर | रोलर |
| १. | गुलरिया नगरपालिका | गुलरिया | २ | १ | ० | १ |
| २. | बारबर्दिया नगरपालिका | बारबर्दिया | १ | ० | १ | १ |
| ३. | राजापुर नगरपालिका | राजापुर | १ | १ | १ | २ |
| ४. | ठाकुरबाबा नगरपालिका | ठाकुरबाबा | ० | २ | १ | १ |
| ५. | बाँसगढी नगरपालिका | बाँसगढी | १ | १ | १ | १ |
| ६. | मधुवन नगरपालिका | मधुवन | १ | १ | १ | १ |
| ७. | बढैयाताल गाउँपालिका | बढैयाताल | १ | ० | ० | ० |
| ८. | गेरुवा गाउँपालिका | गेरुवा | ० | ० | १ | ० |

### ख. निर्माण व्यवसायीसंग रहेकाः

| सि.नं. | स्थानीय तहको | फर्मको नाम | उपकरण | संख्या | सम्पर्क व्यक्ति | फोन नं. |
|---|---|---|---|---|---|---|
| १ | गुलरिया न.पा. | यादव कन्स्ट्रक्सन | टिप्पर | २ | अशोक यादव | ९८५८०२३३०९ |
| | | | व्याकूलोडर | २ | | |
| | | | इस्काईभेटर | १ | | |
| २ | | जय धनन्जय निर्माण सेवा/श्याम ज्ञान एण्ड सन्स कन्स्ट्रक्सन प्रा.लि. | टिप्पर | २ | भेषराज पौडेल/ सि.के.पौडेल | ९८५८०२०३६२/९८ ४९०५९८८६ |
| | | | व्याकूलोडर | २ | | |
| | | | इर्स्काभेटर | १ | | |
| ३ | | पौडेल विल्डर्स | टिप्पर | २ | हेमन्त पौडेल | ९८५८०२७४८८ |
| | | | व्याकूलोडर | १ | | |
| ४ | | मार्क कन्स्ट्रक्सन | टिप्पर | २ | रेशम गिरी | ९८५८०२८२५८ |
| | | | व्याकूलोडर | १ | | |
| ५ | | जय वागेश्वरी निर्माण सेवा | टिप्पर | २ | गोविन्द कंडेल | ९८४८१४५५९१ |
| | | | व्याकूलोडर | १ | | ९८५१०९४८७६ |
| | | | | | | |
| १ | मधुवन न.पा. | कुसुमा देवी निर्माण सेवा | इस्काईभेटर | १ | मान बहादुर जुम्लीमगर | ९८४८०४६८१७ |
| | | | टिप्पर | २ | | |
| | | | व्याकूलोडर | १ | | |
| २ | | नमुना कन्स्ट्रक्सन | इस्काईभेटर | १ | अमर भण्डारी | ९८४८०४६६१२ |
| | | | टिप्पर | ४ | | |
| | | | व्याकूलोडर | २ | | |
| | | | | | | |
| १ | ठाकुरबाबा न.पा. | मेनका कन्स्ट्रक्सन | इस्काईभेटर | १ | तिलक लम्साल | ९८५८०२७३८० |
| | | | टिप्पर | ४ | | |
| | | | व्याकूलोडर | २ | | |
| २ | | गौली निर्माण सेवा | व्याकूलोडर | १ | रमेश गौली | ९८५८०५४३०५ |
| | | अमर कन्स्ट्रक्सन | व्याकूलोडर | १ | विकास के.सी. | ९८६३०८५३३८ |
| | | | | | | |
| | | | | | | |
| १ | बारबर्दिया न.पा. | जे.ई.निर्माण सेवा | व्याकूलोडर | १ | जनक विष्ट | ९८५१०७७८७१ |
| २ | | कन्काई कन्स्ट्रक्सन | व्याकूलोडर | १ | निर्मल कुमार | ९८५८०२७७६१ |
| ३ | | श्री सदा शिव कन्स्ट्रक्सन | टिप्पर | १ | दिपेन्द्र बस्नेत | ९८५८०२५३९९ |
| | | | व्याकूलोडर | १ | | |

| सि.नं. | स्थानीय तहको | फर्मको नाम | उपकरण | संख्या | सम्पर्क व्यक्ति | फोन नं. |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| १ | बांसगढी न.पा. | देउती बज्यै निर्माण सेवा | टिप्पर | २ | देवीलाल न्यौपाने | ९८५८०२१३७६ |
| | | | इस्काईभेटर | १ | | |
| | | | व्याकूलोडर | २ | | |
| | | सुर्खेती खड्का निर्माण सेवा | व्याकूलोडर | ३ | कुल बहादुर खड्का | ९८४८०६६८९९ |
| | | | टिप्पर | ३ | | |
| | | | | | | |
| १ | बढैयाताल गा.पा. | विजय कन्स्ट्रक्सन विना सप्लायर्स | टिप्पर | २ | राजेन्द्र श्रेष्ठ | ९८४८१११५५४ |
| | | | व्याकुलोडर | १ | | |
| | | | | | | |
| १ | राजापुर | बीरेन्द्र अम्मर निर्माण सेवा | इस्काईभेटर | १ | नारायण क्षेत्री | ९८५८०२११०८ |
| | | | टिप्पर | २ | | |
| | | | व्याकूलोडर | १ | | |
| २ | | तुलसी निर्माण सेवा | इस्काईभेटर | १ | टिकाराम पौडेल | ९८५८०२५१२९ |
| | | | टिप्पर | २ | | |
| | | | व्याकूलोडर | १ | | |
| ३ | | तिमिल्सेना विल्ड्र्स | ग्रेडर | १ | सन्तोष तिमिल्सेना | ९८५८०२५०८७ |
| | | | टिप्पर | १ | | |
| | | | व्याकूलोडर | १ | | |
| ४ | | चित्र कन्स्ट्रक्सन | टिप्पर | २ | सन्त गिरी | ९८५१२१७५२२ |
| | | | व्याकूलोडर | १ | | |
| ५ | | डि.वि. निर्माण सेवा | व्याकूलोडर | १ | दिल बहादुर चौधरी | ९८५८०३२४७५ |
| | | | | | | |
| १ | गेरुवा | निरौला विल्डर्स | व्याकूलोडर | १ | राज कुमार चौधरी | ९८५८०२५२९० |

## ९.८ जिल्लामा रहेका खोज तथा उद्धारमा प्रयोग हुने डुँगाहरुको विवरण

| क.सं. | डुंगाको विवरण | | | डुंगा रहेको स्थान | डुंगाको स्वामित्व रहेको निकाय | सहयोग |
|---|---|---|---|---|---|---|
| | रबरबोट | मोटरबोट | जम्मा | | | |
| १ | २ | ० | २ | जिल्ला प्रशासन कार्यालय DEOC | DDMC | नेपाल रेडक्रस सोसाईटी |
| २ | १ | ० | १ | नेपाल रेडक्रस सोसाइटी मगरागाडी उपशाखा, बारबर्दिया वडा नं. ६ | नेपाल रेडक्रस सोसाइटी मगरागाडी उपशाखा | |
| ३ | १ | ० | १ | वारवर्दिया नगरपालिकाको कार्यालय | वारवर्दिया नगरपालिका | |
| ४ | १ | ० | १ | नेपाल रेडक्रस सोसाइटी, बर्दिया | नेपाल रेडक्रस सोसाइटी | |
| ५ | १ | ० | १ | प्रस्तावित सीमा सुरक्षा गुल्म राजापुर नपा वडा | प्रस्तावित सीमा सुरक्षा गुल्म | |
| ६ | १ | ० | १ | गेरुवा गाउँपालिका | प्रस्तावित सीमा सुरक्षा गुल्म राजापुरले हेर्ने | |
| ७ | १ | ० | १ | मधुवन नगरपालिका वडा नं.१ पथ्थरवोम्फी | वडा विपद् व्यवस्थापन समिति वडा-१ | CSDR |
| ८ | २ | ० | २ | राजापुर नपा वडा नं. १० मझरा | वडा विपद् व्यवस्थापन समिति-१ | NRCS/CSDR |
| ९ | २ | ० | २ | राजापुर नपा वडा नं. १ प्रेमनगर | वडा विपद् व्यवस्थापन समिति-१ | NRCS/CSDR |
| १० | १ | ० | १ | राजापुर नपा वडा नं. ७ भिम्मापुर | वडा विपद् व्यवस्थापन समिति-७ | NRCS/CSDR |
| ११ | १ | ० | १ | राजापुर नपा वडा नं. ४ संघर्षनगर | वडा विपद् व्यवस्थापन समिति-४ | NRCS |
| १२ | ० | १ | १ | सप्रब नेपाल ३१ नं गण हे.क्वा. | DDMC/DEOC | WFP सहयोग |
| १३ | ० | १ | १ | बज्रदल गण सुरक्षा गुल्म | DDMC/DEOC | WFP सहयोग |
| १४ | ० | १ | १ | जिल्ला प्रहरी कार्यालय बर्दिया | DDMC/DEOC | NEOC |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| जम्मा | १४ | ३ | १७ | | | |

## ९.९ समुदायस्तरमा रहेका विपद्मा प्रयोग हुने सामग्रीहरु

| क्र.सं. | नगरपालिका | हालको वडा नं. | समुदायको नाम | सामाग्रीको परिमाण | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | लाइफ ज्याकेट (थान) | हाते माइक (सेट) | साइरन (थान) | डोरी (मिटरमा) | हेलमेट (थान) | क्याराविना (थान) | स्ट्रेचर (थान) | डुङ्गा (थान) | त्रिपाल (थान) |
| १ | राजापुर नगरपालिका | १० | पहाडीपुर | ५ | १ | १ | | | | | | |
| २ | राजापुर नगरपालिका | १० | झप्टी | १० | १ | १ | ५० | | | | | १० |
| ३ | राजापुर नगरपालिका | १० | लालपुर | ५ | १ | | ५० | | | | | |
| ४ | राजापुर नगरपालिका | १० | मझरा | १० | १ | १ | ५० | | | | १ | |
| ५ | राजापुर नगरपालिका | ७ | लालचीपुर | १० | २ | २ | १०० | | | | | ५ |
| ६ | राजापुर नगरपालिका | ४ | दलै | १० | १ | १ | | | | | | |
| ७ | राजापुर नगरपालिका | ३ | रजपुरुवा | ८ | १ | १ | ५० | | २ | | | ३ |
| ८ | राजापुर नगरपालिका | ४ | भालुफाँटा | ४ | १ | १ | | | | | | |
| ९ | राजापुर नगरपालिका | ९ | गोडियाना | १० | २ | २ | १०० | | | | | |
| १० | राजापुर नगरपालिका | ९ | चैनपुर | ८ | १ | १ | | | | | | |
| ११ | राजापुर नगरपालिका | ९ | दुर्गानगर | ९ | १ | १ | | | | | | |
| १२ | राजापुर नगरपालिका | ८ | छोट्की भिम्मापुर | ३ | १ | १ | | | | | | |
| १३ | राजापुर नगरपालिका | १ | टिहुनी | ८ | २ | १ | १०० | ४ | | | | |
| ४ | राजापुर नगरपालिका | ३ | तिघ्रा | ९ | २ | १ | ५० | | | | | २ |
| १५ | राजापुर नगरपालिका | ३ | चख्खापुर | १० | १ | १ | ५० | | | १ | | १० |
| १६ | राजापुर नगरपालिका | ४ | संघर्षनगर | १० | २ | २ | ५० | | | २ | | ३ |
| १७ | राजापुर नगरपालिका | १ | प्रेमनगर | ९ | १ | २ | | | | | | ५ |
| १८ | राजापुर नगरपालिका | ३ | नंगापुर | ९ | १ | २ | ५० | | | १ | | १७ |
| १९ | राजापुर नगरपालिका | १ | चनौरा | ५ | १ | १ | १०० | | | | | |
| २० | राजापुर नगरपालिका | १ | मुर्गहवा | ९ | २ | १ | | | | | | १५ |
| २१ | राजापुर नगरपालिका | ४ | अनन्तपुर | ८ | १ | १ | | | | | | |
| २२ | राजापुर नगरपालिका | ३ | टेडिया | १० | १ | १ | ५० | | | | | |
| २३ | राजापुर नगरपालिका | ७ | शंकरपुर | ९ | १ | १ | | | | | | २ |
| २४ | राजापुर नगरपालिका | ७ | लाहुरेटोल | ८ | १ | १ | | | | | | |
| २५ | राजापुर नगरपालिका | ४ | मुक्तकमैयाटोल | १० | १ | १ | १०० | | | | | ३ |
| २६ | मधुवन नगरपालिका | १ | पत्थरबमेझी | १० | १ | १ | | | २ | | | |
| २७ | मधुवन नगरपालिका | २ | खैरेनी | ५ | १ | १ | | | २ | | | |
| २८ | मधुवन नगरपालिका | २ | सोनाहा | ५ | १ | १ | | | २ | | | |
| २९ | मधुवन नगरपालिका | २ | बंगालीपुर | ५ | १ | १ | | | २ | | | |
| ३० | गेरुवा गाउपालिका | २ | बनघुस्रा | १० | | | | | | | | ८ |
| ३१ | गेरुवा गाउपालिका | २ | राजिपुर | ६ | | | | | | | | |
| ३२ | गेरुवा गाउपालिका | ३ | सोनाहागाउ | ८ | | १ | | | | १ | | |
| ३३ | गेरुवा गाउपालिका | ३ | टिकुलिगढ | १० | | १ | ५० | | | | | |
| ३४ | गेरुवा गाउपालिका | ३ | सनकटटी | ८ | | १ | | | | | | ८ |
| ३५ | गेरुवा गाउपालिका | ३ | बनकटटी | ३ | | १ | | | | | | |
| ३६ | गेरुवा गाउपालिका | ३ | खुटैना | १० | | १ | १०० | | | | | |
| ३७ | गेरुवा गाउपालिका | ४ | खल्लागाउ | ३ | | | | | | | | |
| ३८ | गेरुवा गाउपालिका | ४ | दक्षिणपुर | ८ | १ | १ | १०० | | | | | ८ |
| ३९ | गेरुवा गाउपालिका | ४ | दंगपुर | ६ | १ | १ | | | | | | १ |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ४० | गेरुवा गाउपालिका | ४ | राजिपुर | १० | | १ | ५० | | | | | १ |
| ४१ | गेरुवा गाउपालिका | ४ | शान्तीपुर | १० | १ | २ | | | | | | |
| ४२ | गेरुवा गाउपालिका | ५ | सेउलीबजार | ६ | | १ | | | | | | |
| ४३ | गेरुवा गाउपालिका | ६ | सोनाहाफाटा | १३ | १ | २ | | | | | | ५ |
| ४४ | गेरुवा गाउपालिका | ६ | गुप्तीपुर | १५ | १ | १ | | | | १ | | |
| | **जम्मा** | | | **३५७** | **४०** | **४७** | **१२५०** | **४** | **१०** | **६** | **१** | **१०६** |

## ९.१० हेलीप्याड र हेलिकप्टर बस्न सक्ने स्थानहरुको विवरण:

| क्र स | स्थानीय तहको नाम | वडा नं | टोल/बस्तीको नाम | अवस्थित (अक्षांश र देशान्तर) |
|---|---|---|---|---|
| १ | ठाकुरबाबा नगरपालिका | ९ | ठाकुरद्वारा नेपाली सेनाको व्यारेक | 28°27'"18.05N<br>81°14'"33.54E |
| २ | गुलरिया नगरपालिका | ४ | नेपाली सेनाको क्याम्प | 28$^0$13'24.65 N<br>81$^0$20'03.81 E |
| ३ | बारबर्दिया नगरपालिका | १ | बानियाभार | 28$^0$21'21.04 N<br>81$^0$20'24.12 E |
| ४ | राजापुर नगरपालिका | ६ | अ.स.द.च.मावि.को खुल्ला मैदान | 28$^0$25'44.06 N<br>81$^0$05'39.89 E |
| ५ | बाँसगढी नगरपालिका | ५ | नेरामावि नजिकै खुल्ला चौर | 28$^0$14'23.23"N<br>81$^0$31'10.94"E |

### हेलिकप्टर वस्न सक्ने थप सम्भावित स्थान:

| क्र.स. | स्थानीय तहहरु | वडा नं. | हेलिकप्टर वस्न सक्ने थप सम्भावित स्थान |
|---|---|---|---|
| १ | गुलरिया नगरपालिका | २ | कृष्णसार संरक्षण क्षेत्र |
| २ | | ४ | कवड हल खेल मैदान |
| ३ | | ५ | सिचाइ कार्यालयको मैदान |
| ४ | | ६ | गुलरिया न.पा. खेल मैदान |
| ५ | | १२ | कुम्भर प्रा.वि.विक्री, नेरामावि भैसाहीको मैदान |
| ६ | बारबर्दिया नगरपालिका | ३ | वडा नं. ३ को कार्यालयको मैदान |
| ७ | | ४ | पञ्जयन्य मा.वि. पदनाहा |
| ८ | | ६ | अंशुवर्मा मा.वि. जयनगर, सदाशिव बहुमुखी क्यापस |
| ९ | | ९ | वैदी खेल मैदान |
| १० | मधुवन नगरपालिका | १ | सरस्वती प्रा.वि.पथरवोझी, त्रिभुवन मा.वि.सूर्यपटुवा |
| ११ | | ३ | सामुदायिक भवन भगैयाको कम्पाउण्ड |
| १२ | | ६ | गुराँस मा.वि.को खुल्ला मैदान |
| १३ | | ८ | सुक्र मा.वि.को खुल्ला मैदान |
| १४ | | ९ | धर्म ज्योति मा.वि.को खुल्ला मैदान |
| १५ | ठाकुरबावा नगरपालिका | १ | त्रिभुवन मा.वि.भुरीगाउँ |
| १६ | | ३ | चुरे मा.वि.को खेल मैदान |
| १७ | | ६ | सारदा मा.वि.को खेल मैदान |

| क्र.स. | स्थानीय तहहरु | वडा नं. | हेलिकप्टर वस्न सक्ने थप सम्भावित स्थान |
|---|---|---|---|
| १८ | | ९ | ठाकुरबाबा मन्दिर परिसर, शिव दल गणको खुल्ला मैदान |
| १९ | राजापुर नगरपालिका | ४ | अ.स.द.च.मावि.को खुल्ला मैदान |
| २० | | १० | जनचेतना मा.वि. मंगलपुर |
| २१ | बासँगढी नगरपालिका | ५ | ने.रा.मा.वि. लक्ष्मणपुर |
| २२ | गेरुवा गाउँपालिका | २ | एकप्रयि उ.मा.वि.पाताभार |
| २३ | | ३ | कालिका प्रा.वि.पाताभार |
| २४ | | ४ | जनता मा.वि. गोला,ने.रा.मा.वि.गोला |
| २५ | | ६ | जनकल्यण प्रा.वि.मनाउ, नेरा गणेश प्रा.वि.मनाउ |
| २६ | | १ | अमर ज्योति मा.वि.जमुनि, विरभद्र मा.वि.जमुनि |
| २७ | बडैयाताल गाउँपालिका | ५ | खैरेनी फाटाँ सामुदायिवनको खेल मैदान |
| २८ | | ६ | सर्वेदय नि.मा.वि. खेल मैदान |
| २९ | | ७ | पशुपतिबजार खेल मैदान |
| ३० | | ९ | मुनाल वस्तीको खुल्ला मैदान |

खण्ड तीनः मनसून पूर्वतयारी तथा प्रतिकार्य सम्बन्धी जिम्मेवार निकाय र मुख्य मुख्य जिम्मेवारी

## १०. सम्बन्धित निकायको जिम्मेवारी

मनसून पूर्वतयारी तथा प्रतिकार्य सम्बन्धमा सम्बन्धी समिति, कार्यालय तथा सम्बन्धित निकायको मुख्य मुख्य जिम्मेवारी निम्न अनुसार रहनेछ।

### १०.१ जिल्ला विपद् व्यवस्थापन समिति

(१) जिल्लास्तरमा विपद् व्यवस्थापन सम्बन्धी कार्यको लागि देहाय बमोजिमको जिल्ला विपद् व्यवस्थापन समिति रहनेछ :-

(क) प्रमुख जिल्ला अधिकारी -अध्यक्ष
(ख) जिल्ला समन्वय समितिको प्रतिनिधि -सदस्य
(ग) जिल्ला भित्रका स्थानीय तहका अध्यक्ष तथा प्रमुख -सदस्य
(घ) स्वास्थ्य सम्बन्धी विषय हेर्ने जिल्लास्थित कार्यालयको प्रमुख -सदस्य
(ङ) जिल्लास्थित सुरक्षा निकायका प्रमुखहरु -सदस्य
(च) जिल्लास्थित पूर्वाधार तथा सामाजिक विकाससँग सम्बन्धित कार्यालयका प्रमुखहरू -सदस्य
(छ) राष्ट्रिय मान्यता प्राप्त दलका जिल्लास्थित प्रमुख वा प्रतिनिधि -सदस्य
(ज) नेपाल रेडक्रस सोसाइटीको जिल्लास्थित प्रमुख -सदस्य
(झ) गैरसरकारी महासङ्घको जिल्लास्थित प्रमुख -सदस्य
(ञ) नेपाल पत्रकार महासङ्घको जिल्लास्थित प्रमुख -सदस्य
(ट) उद्योग वाणिज्य महासङ्घको जिल्लास्थित प्रमुख -सदस्य
(ठ) प्रमुख जिल्ला अधिकारीले तोकेको अधिकृत -सदस्य सचिव

(२) जिल्ला विपद् व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) परिषद्, कार्यकारी समिति तथा प्रदेश समितिबाट स्वीकृत नीति, योजना तथा कार्यक्रम कार्यान्वयन गर्न सहयोग गर्ने, गराउने,
(ख) जिल्लाको विपद् प्रतिकार्य योजना तयार गरी लागू गर्ने, गराउने,
(ग) जिल्लास्तरमा रहेका आपत्कालीन कार्यसञ्चालन केन्द्रको सञ्चालन गर्ने,
(घ) उपलब्ध स्रोतको उच्चतम प्रयोग तथा प्रवाह गरी विपद् प्रभावित क्षेत्रमा खोजी तथा उद्धार गर्ने,
(ङ) नेपाल सरकारबाट स्वीकृत मापदण्ड अनुसार राहत वितरण गर्ने, गराउने तथा जिल्लास्थित सरकारी तथा गैरसरकारी कार्यालयलाई सोही अनुसार राहत वितरण गर्न लगाउने,
(च) विपद् प्रभावित क्षेत्रमा आवश्यकता अनुसार यातायात तथा मानिसको आवत जावतमा नियन्त्रण गर्ने,
(छ) विपद्का कारण सिर्जित फोहोर तथा अन्य अनावश्यक वस्तु हटाउने वा हटाउन लगाउने,
(ज) विपद्को समयमा मृत्यु भएका मानिसको शव तथा जनावरको व्यवस्थापन गर्ने, गराउने,
(झ) आपत्कालीन अवस्थामा विपद् प्रभावित व्यक्तिहरुको लागि आश्रय गृहको व्यवस्था गर्ने,

(ञ) विपद्को समयमा तत्काल परिचालन हुन सक्ने गरी सुरक्षा निकायलाई दुरुस्त राख्न लगाउने,

(ट) विपद् प्रभावित क्षेत्रमा खानेपानी, खाद्यान्न, लत्ताकपडा तथा औषधि उपचार जस्ता अत्यावश्यक वस्तुको प्रबन्ध गर्ने,

(ठ) विपद् प्रभावित क्षेत्रमा तत्काल आवश्यक पर्ने अस्थायी भौतिक संरचनाहरूको निर्माण गर्न लगाउने,

(ड) विपद्को अवस्थामा स्थानीयस्तरमा उपलब्ध सरकारी, गैरसरकारी एवं निजी यातायातका साधन, यन्त्र, सरसामान, खाद्य सामान आदि कानून बमोजिम नियन्त्रणमा लिई प्रयोग गर्ने वा गर्न लगाउने,

(ढ) विपद्को जोखिममा रहेका वा विपद् प्रभावित क्षेत्रमा रहेका असुरक्षित भवनहरू भत्काउन लगाउने,

(ण) असुरक्षित भवन तथा स्थानमा रहेका विपद् प्रभावित व्यक्तिहरूलाई सुरक्षित स्थानमा स्थानान्तरण गर्ने,

(त) विपद् प्रभावित क्षेत्रमा स्वयंसेवक, विशेषज्ञ तथा परामर्शदातालाई परिचालन गर्ने र सोको सुपरिवेक्षण गर्ने,

(थ) राष्ट्रिय वा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूबाट गरिने उद्धार तथा राहत एवं सहयोग आदि क्रियाकलापको समन्वय गर्ने,

(द) विपद्को समयमा खोज, उद्धार तथा राहत र पुनर्लाभ सम्बन्धी कार्यको लागि स्थानीय तह लगायत सम्बन्धित निकायहरुसँग समन्वय गर्ने,

(ध) विपद् पश्चात आउन सक्ने सहायक प्रकोपहरुको न्यूनीकरणका लागि आवश्यक कार्यहरू गर्ने,

(न) विपद् प्रभावित क्षेत्रमा सङ्कटग्रस्त क्षेत्र घोषणा गर्नु पर्ने अवस्था रहेमा नेपाल सरकार समक्ष सिफारिस गर्ने,

(प) विपद् सम्बन्धी सूचना प्रवाह गर्ने,

(फ) उद्धार तथा राहत कार्यक्रमको प्रगति विवरण प्राधिकरणमा पठाउने,

(ब) विपद् व्यवस्थापन सम्बन्धमा तोकिए बमोजिमका अन्य काम गर्ने, गराउने ।

(३) जिल्ला विपद् व्यवस्थापन समितिको सचिवालय, बैठक सम्बन्धी कार्यविधि र अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**१०.२. स्थानीय विपद् व्यवस्थापन समिति**:

(१) प्रत्येक स्थानीय तहले गाउँपालिकाको अध्यक्ष वा नगरपालिकाको प्रमुखको अध्यक्षतामा बढीमा पन्ध्र जना सदस्य रहेको स्थानीय विपद् व्यवस्थापन समिति गठन गर्नु पर्नेछ।

(२) स्थानीय विपद् व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :—

(क) परिषद्बाट स्वीकृत राष्ट्रिय नीति तथा योजना एवम् कार्यकारी समिति र प्रदेश विपद् व्यवस्थापन समितिबाट स्वीकृत एकीकृत तथा क्षेत्रगत नीति योजना र कार्यक्रम अनुरुप हुने गरी स्थानीय विपद् व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वयन गर्ने,

(ख) स्थानीय तहलाई विपद् व्यवस्थापनका लागि बजेट विनियोजन गर्न लगाउने,

(ग) सरकारी, निजी एवम् गैरसरकारी संस्था, स्थानीय स्वयंसेवक, सामाजिक परिचालक लगायत सम्बन्धित सबै पक्षको समन्वय र संलग्नतामा विपद् व्यवस्थापन सम्बन्धी कार्य गर्ने, गराउने,

(घ) स्थानीय तहका पदाधिकारी, कर्मचारी, स्वयंसेवक, सामाजिक परिचालक तथा समुदायलाई विपद् व्यवस्थापन सम्बन्धमा प्रशिक्षण दिने व्यवस्था मिलाउने,

(ङ) भौतिक संरचना निर्माण गर्दा भवनसंहिता लगायत अन्य स्वीकृत निर्देशिका वा मापदण्डको पालना गराउने,

(च) स्थानीय समुदायलाई विपद्प्रति जागरुक बनाउन, विपद्सँग सम्बन्धित योजना तथा कार्यक्रम तर्जुमा गर्न तथा विपद्को घटना हुनासाथ प्रतिकार्यका लागि परिचालित हुन वडा वा समुदायस्तरमा विपद् पूर्वतयारी तथा प्रतिकार्य समिति गठन गर्ने,

(छ) विपद् प्रतिकार्यका लागि आपत्कालीन नमूना अभ्यास गर्ने, गराउने,

(ज) विपद् प्रभावित क्षेत्रमा उद्धार तथा राहतको व्यवस्था गर्ने,

(झ) विपद् व्यवस्थापन सम्बन्धमा सार्वजनिक संस्था तथा व्यावसायिक प्रतिष्ठानले यस ऐन बमोजिम कार्य गरे नगरेको अनुगमन गर्ने,

(ञ) स्थानीय तहमा विपद् व्यवस्थापन सूचना प्रणाली तथा पूर्वचेतावनी प्रणालीको विकास र सञ्चालन गर्ने, गराउने,

(ट) स्थानीय स्तरमा आपत्कालीन कार्यसञ्चालन केन्द्रको स्थापना र सञ्चालन गर्ने,

(ठ) विपद्मा परी हराएका, बिग्रेका वा नष्ट भएका कागजातको यकिन तथ्याङ्क अद्यावधिक गरी राख्न लगाउने,

(ड) विपद्बाट प्रभावित घरपरिवारको पहिचान, स्तर निर्धारण तथा परिचयपत्र वितरण गर्ने, गराउने,

(ढ) विपद्को समयमा प्रयोग गर्न सकिने गरी वारुणयन्त्र लगायतका अन्य उपकरणहरू तयारी हालतमा राख्न लगाउने,

(ण) कार्यकारी समिति, प्रदेश विपद् व्यवस्थापन समिति तथा जिल्ला विपद् व्यवस्थापन समितिको निर्णय अनुसार विपद् व्यवस्थापन सम्बन्धी अन्य कार्य गर्ने, गराउने,

(त) विपद् व्यवस्थापन सम्बन्धमा तोकिए बमोजिमका अन्य कार्य गर्ने, गराउने ।

(३) स्थानीय विपद् व्यवस्थापन समितिको सचिवालय, बैठक सम्बन्धी कार्यविधि र अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

## १०.३ मनसून प्रतिकार्य कमाण्ड पोष्ट

जिल्ला तथा स्थानीय तहले आफ्नो विपद् व्यवस्थापन हेर्ने निकायको नेतृत्वमा आवश्यकता अनुसार आ-आफ्नो कमाण्ड पोष्टको बनावट निर्धारण गर्न सक्नेछन् ।

**कमाण्ड पोष्टको मुख्य जिम्मेवारीः**

१. मनसूनजन्य विपद्को बेला समग्र प्रतिकार्यको नेतृत्व गर्ने।

२. स्थानीय विकास साझेदार तथा गैरसरकारी संघ/संस्थासँग प्रभावकारी समन्वय गर्ने।

३. मनसुनजन्य विपद्को अवधिमा प्रभावकारी प्रतिकार्यको लागि जिम्मेवार निकायलाई निर्देशन दिने।

४. मनसुनको अवस्थाको निरन्तर निगरानी गर्ने र स्थिति प्रतिवेदन अनुसार जिम्मेवार निकायलाई तत्काल आवश्यक कार्य गर्न निर्देशन दिने।

५. मौसमको पूर्वानुमानका आधारमा सम्भावित विपद्को पूर्वसूचना प्रवाहको नेतृत्व गर्ने।

६. मनसुनजन्य विपद्को अवधिमा साधन श्रोत परिचालनको समन्वय तथा नेतृत्व गर्ने।

७. मनसूनजन्य विपद्को बेलामा सम्पूर्ण सूचना प्रवाहको नेतृत्व तथा व्यवस्थापन गर्ने।

८. विपद्का घटना तथा क्षतिको विवरण संकलन, विश्लेषण र सूचना प्रवाह गर्दा लैङ्गिक तथा समावेशी दृष्टिकोणले खण्डीकृत बनाउने।

९. विपद्को समयमा प्रतिकार्यका लागि प्राथमिकतामा राख्नुपर्ने महिला, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, अशक्त, दिर्घरोगी, बालबालिका लगायत जोखिमयुक्त समूह पहिचान तथा जोखिम आंकलन गर्ने/गराउने।

१०.विपद्को समयमा किशोर-किशोरी, सुत्केरी र गर्भवती महिलाको स्वास्थ्य र सामाजिक संरक्षणमा ध्यान दिनुका साथै लैङ्गिक हिंसा विरुद्ध संकटासन्न समूह (विपद्को सामना गर्न नसक्ने अवस्थामा रहेका बालबालिक, वृद्धवृद्धा, अपाङ्गता भएका व्यक्ति, एकल महिला, सुत्केरी, गर्भवती, भूमिहीन,

दलित, दिर्घरोगी, लोपोन्मुख जाति, यौनिक अल्पसंख्यक वर्ग वा समुदायका व्यक्ति)का लागि चेतनामूलक कार्यक्रम संचालन गर्ने गराउने। /स्वास्थ्य सेवालाई प्रभावकारी रुपले संचालनका लागि सहयोग गर्ने।

११. खोज, उद्धार गर्दा पहिचान गरिएका जोखिमयुक्त समूहलाई प्राथमिकता राख्ने व्यवस्था गर्ने/गराउने।

१२. मानसिक स्वास्थ्य तथा मनोसामाजिक परामर्श प्रदान गर्ने।

१३. सहायता कक्षमा मोबाइल नम्बर सहितको सम्पर्क व्यक्ति तोकी सार्वजनिक गर्ने।

### १०.३.१ जिल्ला विपद् सहायता कक्ष (District Disaster Help Desk, DDHD) को संरचना

| | |
|---|---|
| सहायक प्रमुख जिल्ला अधिकारी | -संयोजक |
| जिल्लास्थित सुरक्षा निकायका प्रतिनिधिहरु | -सदस्य |
| नेपाल रेडक्रस सोसाइटीका जिल्ला प्रतिनिधि | -सदस्य |
| जिल्लासदरमुकाममा रहेको उद्योग वाणिज्य संघको प्रतिनिधि | -सदस्य |
| पत्रकार महासंघका जिल्ला प्रतिनिधि | -सदस्य |
| नागरिक समाजका जिल्ला प्रतिनिधि | -सदस्य |
| जिल्ला आपतकालीन कार्यसंचालन केन्द्रका प्रतिनिधि | -सदस्य सचिव |

### १०.३.२ स्थानीय विपद सहायता कक्ष (Local Disaster Help Desk, LDHD) को संरचना

| | |
|---|---|
| स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृत | -संयोजक |
| सुरक्षा निकायका स्थानीय प्रतिनिधि | -सदस्य |
| नेपाल रेडक्रस सोसाइटीका स्थानीय प्रतिनिधि | -सदस्य |
| उद्योग वाणिज्य संघका स्थानीय प्रतिनिधि | -सदस्य |
| पत्रकार महासंघका स्थानीय प्रतिनिधि | -सदस्य |
| नागरिक समाजका स्थानीय प्रतिनिधि | -सदस्य |

स्थानीय विपद् फोकल पर्सन/स्थानीय आपतकालीन कार्यसंचालन केन्द्रका प्रतिनिधि- सदस्य सचिव

### १०.४ जिल्ला प्रशासन कार्यालयः

- जिल्लास्तरीय मनसुन पूर्वतयारी तथा प्रतिकार्य योजना तयार गरी लागू गर्ने।
- स्थानीय तहसँग समन्वय गरी विपद्को बेला तत्काल प्रयोग गर्न सकिने गरी खुला क्षेत्र, सुरक्षित आश्रयस्थल, हेलिप्याड, गोदामघर, दमकल, एम्बुलेन्स लगायतका विवरण विपद् पोर्टलमा Geo-Location सहित अद्यावधिक गर्ने।
- विपर्जन्य घटनाका कारण सडक अवरोध भई यात्रुहरु फसेको अवस्थामा उद्धारका लागि तत्काल सम्पर्क गर्न सक्ने गरी बाढी, पहिरो लगायतका विपद्का दृष्टिले जोखिमयुक्त सडकका विभिन्न स्थानमा आपत्कालीन सम्पर्क नम्बरहरु (नेपाल प्रहरी १००, ट्राफिक प्रहरी १०३, सशस्त्र प्रहरी ११९४, विपद् उद्धार १२३४ लगायत) सहितको सूचना बोर्ड राखे व्यवस्था मिलाउने ।
- जिल्ला तहमा मनसुन पूर्वतयारी एवं मनसुनजन्य विपद्को अवधिमा खोज, उद्धार तथा राहत व्यवस्थापनको लागि साधन स्रोतको व्यवस्थापन गर्ने।

- विपद् जोखिमको हिसाबले संवेदनशील सडक मार्ग पहिचान गरी जोखिम न्यूनीकरण गर्न समयमै समन्वय गर्ने। विपद्को बेला सडक अवरुद्ध भई सवारी आवगमन बन्द भएको अवस्थामा अलपत्र परेका र जोखिममा रहेका यात्रुहरुलाई सुरक्षित राख योजना तयार पारी सोही अनुसार कार्यान्वयन गर्ने, गराउने।
- जिल्लास्थित सबै सुरक्षा निकायहरूलाई तयारी अवस्थामा राखे र जिल्लामा रहेका स्वयंसेवकहरू प्रभावकारी परिचालन गर्ने।
- पूर्वतयारी तथा प्रतिकार्यको लागि विषयगत क्षेत्रका सम्बन्धित निकायहरू एवं संघ, प्रदेश र स्थानीय तहका विपद् सम्बद्ध निकायसँग समन्वय गर्ने।
- जिल्ला आपत्कालीन कार्यसञ्चालन केन्द्रलाई थप सक्रिय बनाई प्रभावकारी मनसुन प्रतिकार्यको लागि जिल्लामा मनसुन प्रतिकार्य कमाण्ड पोष्ट स्थापना गर्ने।
- विपद्को समयमा बजारमा हुने कृत्रिम अभाव, कालोबजारी तथा आपराधिक गतिविधिलाई नियन्त्रण गर्ने।
- दक्षिणी सीमावर्ती क्षेत्रमा मनसुनको पानीको वहाव निकास अवरूद्ध हुन सक्ने स्थान पहिचान गर्ने।
- भारतीय समकक्षी निकायसँगको समन्वयमा पानीको निकास खोल्ने र अवरोध हटाउने।
- ठूलो बाढी आएमा मुख्य नदीहरूको जलमार्ग तथा ब्यारेजका ढोकाहरू खुला वा बन्द गर्ने सम्बन्धमा आवश्यक समन्वय गर्ने।

**१०.५ स्थानीय तह/सरकार**

- पालिकास्तरीय मनसुन पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा गरी लागू गर्ने।
- विपद्को बेला तत्काल प्रयोग गर्न सकिने गरी खुला क्षेत्र, सुरक्षित आश्रयस्थल, हेलिप्याड, गोदामघर, दमकल, एम्बुलेन्स लगायतका विवरण विपद् पोर्टलमा Geo-Location सहित यथाशीघ्र अद्यावधिक गर्ने।
- पूर्वसूचना, खोज तथा उद्धारका लागि आवश्यक पर्ने आपत्कालीन सम्पर्क नम्बरहरु (नेपाल प्रहरी १००, ट्राफिक प्रहरी १०३, सशस्त्र प्रहरी १११४, विपद् उद्धार ११४९, मौसम तथा बाढी ११५५ लगायत) सहितको सूचना बोर्ड पालिकाको कार्यालय, वडा कार्यालय, विद्यालय लगायतका सार्वजनिक स्थलमा राखे व्यवस्था मिलाउने। साथै, पालिकाको वेवसाइट, सामाजिक सञ्जाल लगायतमा समेत सबैले स्पष्ट रुपमा पढ्न सक्ने गरी अपलोड गर्ने।
- पालिकाभित्रका विपद् जोखिमको हिसाबले संवेदनशील सडकमार्ग पहिचान गरी जोखिम न्यूनीकरण गर्न समयमै समन्वय गर्ने। विपद्को बेला सडक अवरुद्ध भई सवारी आवगमन बन्द भएको अवस्थामा अलपत्र परेका र जोखिममा रहेका यात्रुहरुलाई सुरक्षित राख योजना तयार पारी सोही अनुसार कार्यान्वयन गर्ने, गराउने।
- स्थानीय समुदायलाई मनसुनजन्य विपद्प्रति जागरूक बनाउन तथा जनचेतना अभिवृद्धि गर्न सचेतनामूलक कार्यक्रमहरू सञ्चालन गर्ने।
- मनसुन विपद्को अवधिमा आवश्यक पर्ने खोज, उद्धार तथा राहत सामग्रीहरूको व्यवस्थापन गर्ने।
- प्रतिकार्यको लागि नगर प्रहरीलाई आवश्यक साधन स्रोतसहित तयारी अवस्थामा राखे। पालिकामा रहेका स्वयंसेवकहरू परिचालन गर्ने।

- पूर्वतयारी तथा प्रतिकार्यको लागि सरकारी, गैर सरकारी, निजी तथा मानवीय क्षेत्रमा कार्य गर्ने संघसंस्था, स्थानीय समुदाय तथा स्वयंसेवकहरूसँग सहकार्य र समन्वय गर्ने।
- मनसुन अगावै सहर बस्तीका ढल सफा गर्ने, खोला नालामा अत्यधिक थुप्रिएका गेग्रान हटाउने तथा पानीका निकासहरू खोल्ने कार्यहरू गर्ने।
- स्थानीय आपत्कालीन कार्यसञ्चालन केन्द्रलाई सक्रिय बनाई प्रभावकारी मनसुन प्रतिकार्यको
- लागि पालिकास्तरमा मनसुन प्रतिकार्य कमाण्ड पोष्ट स्थापना गरी प्रभावकारी सञ्चालन गर्ने।
- मनसुन पूर्वसूचना प्रणालीको विकास गर्ने।
- विपद्को समयमा बजारमा हुने कृत्रिम अभाव, कालोबजारी तथा आपराधिक गतिविधिलाई नियन्त्रण गर्ने।

**१०.६ खानेपानी तथा सरसफाई कार्यालयः**

- विपद्ग्रस्त क्षेत्रमा शुद्ध पिउने पानी व्यवस्थापनको नेतृत्व गर्ने।
- पानीजन्य तथा फोहोरबाट फैलिन सक्ने रोगव्याधी नियन्त्रणमा नेतृत्वदायी भूमिका निर्वाह गर्ने।
- खानेपानी शुद्धीकरण तथा सरसफाई सम्बन्धी सचेतनामूलक प्रचार प्रसार गर्ने, गराउने।
- खानेपानी, सरसफाइ तथा स्वास्थ्य प्रवर्धन विषयगत क्षेत्रको नेतृत्व गर्ने।

**१०.७ स्वास्थ्य कार्यालय र अस्पतालः**

- मनसुनजन्य विपद्बाट प्रभावितहरुको स्वास्थ्य उपचारका लागि आवश्यक साधन श्रोत तथा जनशक्ति तयारी अवस्थामा राख्ने र आवश्यकता अनुसार समन्वय र परिचालन गर्ने।
- सञ्चार माध्यमबाट मनसुनको अवधिमा हुनसक्ने महामारी तथा स्वास्थ्य समस्याबारेमा सचेत तुल्याउन सन्देशमूलक सूचना प्रवाह गर्ने, गराउने।
- संघ, प्रदेश तथा स्थानीय तहमा रहेका स्वास्थ्य आपतकालीन कार्यसंचालन केन्द्रहरुलाई थप सक्रिय तुल्याई पूर्वतयारी र प्रतिकार्यका कृयाकलापहरु सञ्चालन गर्ने।
- विपद्को बेला बालबालिका, गर्भवती तथा स्तनपान गराउने महिला, वृद्धवृद्धा तथा दिर्घरोगीहरुको लागि आवश्यक पोषण सामग्रीहरुको व्यवस्थापन गर्ने।
- मनसुनजन्य विपद्को बेला मानसिक स्वास्थ्य र मनोसामाजिक सवालहरु, लैङ्गक हिंसा, परिवारसँगको विछोड, बाबुआमाको स्याहार नपाएका बालबालिकाहरुको आवश्यकता र जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिहरुको आवश्यकतालाई सम्बोधन गर्ने, गराउने गरि तयारी अवस्थामा रहने।
- सरोकारवाला निकायहरु मार्फत मनसुनजन्य विपद्को लागि स्थानीय तहमा महिलामैत्री स्थल, महिला तथा बालबालिकाका लागि सुरक्षित स्थल र बालमैत्री स्थलहरुको व्यवस्थापन भएको एकीन गर्ने।
- मनसुनजन्य विपद्लाई लक्षित गरि महिला तथा किसोरीहरुको लागि आवश्यक डिग्निटी किट, किसोरी किट लगायतका जिवन बचाउने राहत सामग्रीहरुको पूर्व निर्धारण तथा भण्डारण गर्ने, गराउने। साथै उक्त सामग्रीको लेखाजोखा गर्ने।,
- स्वास्थ्य विषयगत क्षेत्रको नेतृत्व गर्ने।

**१०.८ आवास सम्बन्धी काम गर्ने कार्यालयहरुः**

- मनसुनजन्य विपद्‌बाट प्रभावित परिवारहरुको लागि आवश्यक पर्ने आपत्कालीन आश्रयस्थल व्यवस्थापन गर्न समन्वय, सहकार्य र नेतृत्व गर्ने।
- आपत्कालीन आश्रयस्थल व्यवस्थापनको लागि आवश्यक श्रोत साधन व्यवस्थापनमा नेतृत्वदायी भूमिका निर्वाह गर्ने।
- जिल्ला तथा स्थानीय तह/सरकार मार्फत आवश्यकता अनुसार आपत्कालीन आश्रयस्थलको लागि खुला क्षेत्रहरु रहेको एकीन गर्ने।
- आपत्कालीन आश्रयस्थल र शिविर समन्वय तथा व्यवस्थापन विषयगत क्षेत्रको नेतृत्व गर्ने।।

**१०.९ शिक्षा विकास तथा समन्वय इकाईः**

- स्थानीय तह तथा विद्यालयहरुमा मनसुनजन्य विपद् र त्यसको प्रभावबारे सचेतनामूलक कार्यक्रम गर्ने, गराउने।
- विपद्‌को अवधिमा यौन शोषण र दुर्व्यवहार रोकथाम र सचेतना अभिवृद्धिमा नेतृत्वदायी भूमिका निर्वाह गर्ने।
- आपत्कालीन अवस्थामा शैक्षिक कृयाकलापलाई निरन्तरता दिन सरोकारवाला निकायहरुले न्यूनतम पूर्वतैनाथी (Minimum Pre-positioning) कायम राखेको सुनिश्चित गर्ने।
- आपत्कालीन अवस्थामा मनोवैज्ञानिक प्राथमिक सहायता सहयोग गर्न मानव श्रोत पूर्वपहिचान गर्ने, गराउने।
- शिक्षा विषयगत क्षेत्रको नेतृत्व गर्ने।

**१०.१० कृषिसंग सम्बन्धित कार्यालयः**

- आपत्कालीन अवस्थाको लागि आवश्यक खाद्य सामग्रीको भण्डारण तयारी अवस्थामा राख्ने।
- विपद् पीडित परिवारहरुलाई नगद प्रदान/हस्तान्तरण कार्यक्रमको लागि वित्तीय सेवा प्रदायकहरुसँगको सहकार्यमा तयारी अवस्थामा रहने।
- खाद्य सुरक्षा विषयगत क्षेत्रको नेतृत्व गर्ने।

**१०.११ वनसँग सम्बन्धित कार्यालय**

- कटान रोकथाम र नियन्त्रण, संरक्षण पोखरी तथा Runoff Harvesting, ड्याम निर्माण, मर्मत संभार र व्यवस्थापन, खोला किनारा संरक्षण, पानी मुहान संरक्षण, सिमसार व्यवस्थापन, वायो इन्जिनियरिङ तथा हरियाली प्रवर्द्धन लगायत भू-क्षय नियन्त्रणका विविध कार्यहरु गर्ने।
- जलाधार प्रभावकारी व्यवस्थापन हुन नसक्दा सिर्जना हुन सक्ने विपद् जोखिमबारे जलाधार व्यवस्थापन सम्बनधी विविध जनचेतनामुलक कार्यक्रम संचालन गर्ने।
- विपद्बाट प्रभावित परिवारहरुको लागि सहुलियत दरमा आवश्यक काठ दाउरा उपलब्ध गराउने।

**१०.१२ जलश्रोत तथा सिंचाइ अन्तर्गतका कार्यालयहरुः**

- निर्माणाधीन आयोजनाका पूर्वाधारहरुमा हुनसक्ने जोखिमको न्यूनीकरण गर्न मनसुन अगावै अत्यावश्यक कार्यहरु सम्पन्न गर्ने।
- मनसुनजन्य विपद्को प्रतिकार्यको लागि मातहत अन्तर्गतका यान्त्रिक कार्यालयहरुसँग समन्वय गरी रहर्का Excavator, Loader, Dump Truck तयारी अवस्थामा राख्ने।
- बाढी, डुबान तथा कटान जोखिम न्यूनीकरण तथा रोकथामको लागि अन्तर्गतका निकायहरुमा आवश्यकता अनुसार तारजाली तयारी हालतमा राख्ने।

**१०.१३ सडक अन्तर्गतका कार्यालयहरुः**

- मनसुन अवधिभर बाढी, डुबान तथा कटानबाट हुनसक्ने सडक अवरोधलाई तत्काल हटाई यातायात सुचारु गर्न Strategic Locations मा डोजर, एस्काभेटर लगायतका हेभी इक्युपमेन्ट चालक सहित तयारी अवस्थामा राख्ने।
- अत्यावश्यक स्थानमा तत्काल पुऱ्याउन सकिने गरी बेलीब्रिजहरुलाई ढुवानीको साधन तथा जडान गर्ने जनशक्तिसहित वा सम्बन्धित कार्यालयसँग समन्वय गरी Strategic Locations मा तयारी अवस्थामा राख्ने।

**१०.१४ नेपाल विद्युत प्राधिरणः**

- मनसुनजन्य विपद्को अवधिमा विद्युत आपूर्ति अबरुद्ध भएमा तत्का सुचारु गर्न आवश्यक श्रोत साधन सहित अन्तर्गतका निकायहरुलाई तयारी अवस्थामा राख्ने, राख्न लगाउने।

११ सुरक्षा निकाय:

सुरक्षा निकायको मनसून पूर्वतयारी तथा प्रतिकार्य सम्बन्धमा मुख्य जिम्मेवारी निम्न अनुसार रहनेछ। विपद्को समयमा खोज, उद्धार तथा राहतको कार्यको लागि नेपाल सरकारले नेपाली सेना परिचालन गर्न सक्नेछ । विपद् प्रतिकार्यका लागि प्रमुख जिल्ला अधिकारीको आदेश बमोजिम कुनै पनि स्थानमा प्रवेश गर्ने तथा उपलब्ध जुनसुकै व्यक्ति वा संस्थाको साधन र स्रोत उपयोग गर्ने अधिकार सुरक्षा निकायलाई हुनेछ ।

**११.१ नेपाली सेना**

- मनसुनजन्य विपद् प्रतिकार्यको लागि आवश्यक औजार उपकरण तथा दश जनशक्तिसहित तयारी अवस्थामा रहने।
- केन्द्र, प्रदेश तथा जिल्लामा स्थापना गरिने मनुसुन प्रतिकार्य कमाण्ड पोष्टमा आवश्यक संख्यामा प्रतिनिधि खटाउने।
- विपद्को बेला खोज, उद्धार तथा राहत वितरणमा सहयोग र सुरक्षा व्यवस्था एवम् आवश्यकता अनुसार टोली परिचालन गर्ने।
- राष्ट्रिय विपद् प्रतिकार्य कार्यढाँचाले निर्दिष्ट गरे अनुरुप मनसुन प्रतिकार्य कमाण्ड पोष्टलाई खोज तथा उद्धार कार्यको नेतृत्व गर्ने।

- मनसुनजन्य विपद् प्रतिकार्यको लागि हवाई साधन तयारी अवस्थामा राख्ने।
- विपद् पूर्वतयारी, खोज, उद्धार तथा राहतको प्रदेशस्तरीय नेतृत्व र समन्वय गर्ने।
- विपद् प्रतिकार्यको अवधिमा स्रोत साधन परिचालनमा समन्वय र सहजीकरण गर्ने।
- मनसुनजन्य विपद्को अवधिमा सूचना व्यवस्थापनमा प्रभावकारी भूमिका निर्वाह गर्ने।
- स्थानीय जनतालाई विपद्बाट बच्ने उपाय तथा प्रारम्भीक रुपमा सुरक्षीत हुन अवलम्वन गर्नुपर्ने उपाय बारे सचेतनामुलक कक्षा तथा अभ्यास संचालन गर्ने ।
- विपद्को समयमा महामारी फैलिन नदिने कार्यमा सहयोग गर्ने ।
- नेपाल सरकारको निर्देशन अनुसार पुर्नःस्थापना कार्यमा परिचालन हुने ।

## ११.२ नेपाल प्रहरीः

१. मनसूनजन्य विपद् प्रतिकार्यको लागि आवश्यक औजार, उपकरण तथा दक्ष जनशक्तिसहित तयारी अवस्थामा रहने।
२. सम्भावित विपद्को सम्बन्धमा पूर्वचेतावनी दिने तथा विपद् जोखिम न्यूनीकरणका लागि समुदायलाई सजग बनाउने,
३. जिल्ला एवम् स्थानीय तहसम्म स्थापना गरिने मनसून प्रतिकार्य कमाण्ड पोष्टमा आवश्यक प्रतिनिधि खटाउने।
४. विपद्को बेला खोज, उद्धार तथा राहत वितरणमा सहयोग र सुरक्षा व्यवस्था तथा आवश्यकता अनुसार टोली परिचालन गर्ने।
५. स्थानीयस्तरमा विपद् पूर्वसूचना प्रवाहमा सहयोग पुर्याउने।
६. विपद्का घटना सम्बन्धी सूचना प्रवाह तथा तत्काल गरिने लेखाजोखामा सहयोग पुर्याउने।

## ११.३ सशस्त्र प्रहरी बल नेपाल

१. मनसूनजन्य विपद् प्रतिकार्यको लागि आवश्यक औजार उपकरण तथा दक्ष जनशक्ति सहित तयारी अवस्थामा रहने।
२. केन्द्रदेखि स्थानीय तहसम्म स्थापना गरिने मनसून प्रतिकार्य कमाण्ड पोष्टमा आवश्यक प्रतिनिधि खटाउने।
३. विपद्को अवधिमा खोज, उद्धार तथा राहत वितरणमा सहयोग र सुरक्षा तथा आवश्यकता अनुसार टोली परिचालन गर्ने।
४. स्थानीयस्तरमा विपद् पूर्वसूचना प्रवाहमा सहयोग पुर्याउने।
५. विपद्का घटना सम्बन्धी सूचना प्रवाहमा सहयोग पुर्याउने।
६. विपद् प्रतिकार्यका लागि प्रमुख जिल्ला अधिकारीको आदेश बमोजिम कुनै पनि स्थानमा प्रवेश गर्ने तथा उपलब्ध जुनसुकै व्यक्ति वा संस्थाको साधन र स्रोत उपयोग गर्ने अधिकार सुरक्षा निकायलाई हुनेछ ।

(५) सुरक्षा निकायले विपद्को समयमा खोज तथा उद्धार कार्यका लागि प्रदेश विपद् व्यवस्थापन समिति तथा स्थानीय विपद् व्यवस्थापन समितिसँग आवश्यक सामग्री माग गर्न सक्नेछ।

१२ आपत्कालीन कार्यसञ्चालन केन्द्र

## १२.१ जिल्ला आपतकालीन कार्यसञ्चालन केन्द्र

१. मौसमी पूर्वानूमान सम्बन्धी सूचना प्रवाहमा सहयोगका साथै मनससुनजन्य विपद्का पूर्वसूचना प्रवाहमा जिल्लास्तरीय भूमिका निर्वाह गर्ने।

२. मनुसूनको अवधिमा २४सै घण्टा जिल्लास्तरको विपद्को अवस्थाको निगरानी गर्ने र सो अनुसार सूचना संप्रेषण गर्ने।

३. जिल्ला मनसून प्रतिकार्य कमाण्ड पोष्ट स्थापना गर्न सहजीकरण गर्ने।

४. विपद् पूर्वतयारी, खोज, उद्धार तथा राहतको नेतृत्व र समन्वय गर्ने।

५. विपद् प्रतिकार्यको बेला श्रोत साधन परिचालनमा समन्वय र सहजीकरण गर्ने।

६. मनसूनजन्य विपद्को अवधिमा सूचना व्यवस्थापनमा प्रभावकारी भूमिका निर्वाह गर्ने।

## १२.२ स्थानीय आपत्कालीन कार्यसञ्चालन केन्द्र

१. मौसमी पूर्वानूमान सम्बन्धी सूचना प्रवाहमा सहयोगका साथै मनसुनजन्य विपद्का पूर्वसूचना प्रवाहमा पालिकास्तरीय नेतृत्वदायी भूमिका निर्वाह गर्ने।

२. मनुसूनको अवधिमा २४सै घण्टा पालिकास्तरको विपद्को अवस्थाको निगरानी गर्ने।

३. पालिका तहमा मनसून प्रतिकार्य कमाण्ड पोष्ट स्थापना गर्न सहजीकरण गर्ने।

४. मौसमको पूर्वानुमानका आधारमा सम्भावित विपद्को पूर्वसूचना प्रवाहको नेतृत्व गर्ने।

५. मनसूनजन्य विपद्को अवधिमा साधन श्रोत परिचालनको समन्वय तथा नेतृत्व गर्ने।

६. मनसूनज्य विपद्को बेला सूचना व्यवस्थापन र प्रवाहको प्रभावकारी नेतृत्व तथा व्यवस्थापन गर्ने।

## १२.३ स्वास्थ्य आपतकालीन कार्यसञ्चालन केन्द्र

१. आपत्कालीन उपचारको पूर्वतयारी, समन्वय र नेतृत्व गर्ने।

२. संघ, प्रदेश तथा स्थानीय तहमा रहेका अस्पतालको आपत्कालीन उपचार पूर्वतयारीको समन्वय र नेतृत्व गर्ने।

## १२.४ नेपाल रेडक्रस सोसाइटी, रक्त सञ्चार केन्द्र

१. रक्तसञ्चार केन्द्रमा न्यूनतम रगत मौज्दात राख्ने।

२. रक्तादाताहरुसँग समन्वय गर्ने।

३. आपतकालीन अवस्थामा रगत संकलन तथा वितरण गर्ने भौतिक क्षेत्र निर्धारण गरी रगत संकलन र आपूर्ति गर्न तयारी गर्ने।

४. सुरक्षा निकाय, जिल्ला प्रशासन कार्यालय र स्थानीय तहसँग समन्वय गरी रगत सङ्कलन तथा वितरणको लागि बन्दोबस्ती मिलाउने।

## १२.५ सेवा प्रदायक निकायको काम, कर्तव्य र अधिकारः

(१) कुनै स्थानमा विपद् परेमा वारूणयन्त्र तथा अन्य सेवा प्रदायक निकायले सम्बन्धित स्थानीय विपद् व्यवस्थापन समितिलाई तत्काल सूचना दिनु पर्नेछ ।

(२) वारूणयन्त्र तथा अन्य सेवा प्रदायक निकायले आपत्कालीन खोज, उद्धार तथा राहत उपलब्ध गराउन जिल्ला विपद् व्यवस्थापन समिति तथा स्थानीय विपद् व्यवस्थापन समितिले दिएको निर्देशनको पालना गर्नु पर्नेछ ।

(३) आपत्कालीन कार्य सम्पादन गर्दा स्थानीय विपद् व्यवस्थापन समितिको आदेश बमोजिम कुनै पनि स्थानमा प्रवेश गर्ने तथा जुनसुकै व्यक्ति वा संस्थाको साधन र स्रोत उपयोग गर्ने अधिकार वारुणयन्त्र सेवा प्रदायक निकायलाई हुनेछ ।

**१२.६ सार्वजनिक संस्था तथा व्यावसायिक प्रतिष्ठानको दायित्वः**

(१) विपद् व्यवस्थापन सम्बन्धमा सार्वजनिक संस्था तथा व्यावसायिक प्रतिष्ठानको दायित्व देहाय बमोजिम हुनेछ :-

(क) आफ्नो भवन, उद्योग, कार्यालय वा व्यावसायिक केन्द्रमा विपद्का घटना हुन नदिन विपद् सुरक्षा औजार, उपकरण, सामग्री, आपत्कालीन निकास लगायत तोकिए बमोजिमका अन्य व्यवस्था गर्ने,

(ख) तथ्याङ्क सङ्कलन, क्षतिको मूल्याङ्कन, राहत, पुनर्स्थापना तथा पुनर्निर्माण समेतका सम्पूर्ण कार्यमा कार्यकारी समिति, विपद् व्यवस्थापन सम्बन्धी अन्य समिति तथा प्राधिकरणलाई आवश्यक सहयोग गर्ने,

(ग) आफ्ना कर्मचारी तथा कामदारलाई विपद् व्यवस्थापन सम्बन्धमा प्राधिकरणले तोके बमोजिमका आधारभूत अभिमुखीकरण तालिम दिने,

(घ) विपद् व्यवस्थापन कार्यमा उपयोग हुने स्रोत साधनलाई तयारी हालतमा राख्ने,

(ङ) नेपाल सरकार, प्राधिकरण, प्रदेश सरकार, स्थानीय तह र प्रमुख जिल्ला अधिकारीको आदेश अनुसार आफ्ना भवन लगायत अन्य संरचना आपत्कालीन प्रयोजनका लागि आवश्यक परेमा उपलब्ध गराउने,

(च) सम्बन्धित अधिकारीको सुपरिवेक्षणमा उद्धार तथा राहत वितरण कार्यमा सहयोग पुऱ्याउने,

(छ) विपद् जोखिम न्यूनीकरण संयन्त्रको व्यवस्था गरी तयारी अवस्थामा राख्ने,

(ज) फोहोरमैला तथा प्रदुषणको यथोचित व्यवस्थापन गरी यसबाट वातावरण र जनजीवनमा पर्न सक्ने नकारात्मक प्रभावलाई न्यूनीकरण गर्ने उपायहरू अपनाउने,

(झ) विपद्को घटना घटेमा तत्काल नजिकको सुरक्षा निकाय र स्थानीय आपत्कालीन कार्यसञ्चालन केन्द्रलाई खबर गर्ने ।

(२) सार्वजनिक संस्था तथा व्यावसायिक प्रतिष्ठानले नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहको विपद् व्यवस्थापन सम्बन्धी योजनाको अधीनमा रही विपद् व्यवस्थापन योजनाको तर्जुमा गरी अनिवार्य रूपमा लागू गर्नु पर्नेछ ।

**१२.७ विपद् व्यवस्थापनमा निजी क्षेत्र तथा अन्य निकायहरुः**

निजी क्षेत्र तथा अन्य निकायको मनसून पूर्वतयारी तथा प्रतिकार्य सम्बन्धमा मुख्य जिम्मेवारी निम्न अनुसार रहनेछ।

१२.७.१ निजी क्षेत्रः

- मनसूनजन्य विपद् प्रतिकार्यको अवधिमा खाद्य तथा गैर—खाद्य राहत सामग्रीको व्यवस्थापन, राहत ढुवानी, बजार व्यवस्थापन, नियन्त्रण, अनुगमन तथा सुपरिवेक्षण कार्यमा सहजीकरण गर्ने।
- खोज तथा उद्धारका लागि आवश्यक विपद् सामग्री र्‍याफ्ट बोट, डुङ्गा तथा गोताखोर टोली लगायत उपलब्ध गराउने।

१२.७.२ यातायात तथा पारवहनः

- जारी गरिएको पूर्वसूचना तथा निर्देशनहरूको पूर्ण पालना गर्ने तथा गराउने।
- चालक तथा सहचालकमार्फत यात्रुहरूलाई सम्बन्धित क्षेत्रको मौसम पूर्वानुमान, विपद् जोखिमको अवस्था तथा अपनाउनु पर्ने सावधानीका उपायहरूबारे जानकारी गराउने।

१२.७.३ विकास साझेदार/गैरसरकारी संघसंस्थाः

- नेपाल रेडक्रस सोसाइटीलगायत अन्य गैरसरकारी तथा मानवीय सहायतामा संलग्न संस्थाहरूले आफ्नो कार्यक्षेत्र र क्षमताअनुसार यस कार्ययोजना बमोजिम मनसूनजन्य विपद् पूर्वतयारी तथा प्रतिकार्यमा सहयोग पुर्‍याउने।
- Start Network अन्तर्गत Start Fund मार्फत बाढीको जोखिमको पूर्वानुमानमा आधारित पूर्वतयारी तथा प्रतिकार्यका लागि विनियोजित रकम राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणसँगको समन्वयमा प्रभावकारी रूपमा परिचालन गर्ने।

१२.७.४ सञ्चार क्षेत्रः

- यस कार्ययोजना अनुरूप मनसूनजन्य विपद् पूर्वतयारी तथा प्रतिकार्यका लागि जनचेतना अभिवृद्धि, पूर्वसूचना तथा चेतावनी सम्प्रेषण, तथा विपद्को समयमा यथार्थ, तथ्यपरक र समयोचित सूचना प्रवाह गर्ने।

## १३ निकायगत समन्वय र अन्तरसम्बन्ध

## १३.१ राष्ट्रिय विपद् प्रतिकार्यको कार्यढाँचाः




## १३.२ विपद् व्यवस्थापन कोष प्रवाह



## खण्ड चारः विषयगत क्षेत्र तथा सम्बन्धित निकायको मनसुन पूर्वतयारी र प्रतिकार्य योजना

१४. पूर्वतयारी योजना

### १४.१ विपद् उद्धारलाई तयारीमुखी बनाउने कार्ययोजना

| क्र.सं. | कार्यक्षेत्र | मुख्य गतिविधि | जिम्मेवार निकाय | समयावधि | अपेक्षित परिणाम |
|---|---|---|---|---|---|
| १ | जोखिम पहिचान तथा नक्साङ्कन | बाढी, डुबान, आगलागी तथा जोखिमयुक्त क्षेत्रको तथ्याङ्क संकलन र नक्सा तयार गर्ने | जिल्ला प्रशासन कार्यालय, स्थानीय तह | छोटो अवधि | जोखिमयुक्त क्षेत्र स्पष्ट पहिचान हुने |
| २ | पूर्वसूचना प्रणाली | नदी जलस्तर मापन, साइरन, SMS, एफएम रेडियोमार्फत सूचना प्रवाह गर्ने | DHM, स्थानीय तह, सुरक्षा निकाय | निरन्तर | समयमै सूचना प्राप्त हुने |
| ३ | उद्धार टोली गठन | प्रत्येक पालिकामा स्थानीय विपद् उद्धार टोली गठन गर्ने | स्थानीय तह, नेपाल प्रहरी, सशस्त्र प्रहरी, रेडक्रस | छोटो अवधि | तत्काल उद्धार क्षमता वृद्धि हुने |
| ४ | तालिम तथा क्षमता विकास | प्राथमिक उपचार, खोज तथा उद्धार सम्बन्धी तालिम सञ्चालन गर्ने | स्थानीय तह, रेडक्रस, सुरक्षा निकाय, स्वास्थ्य कार्यालय | प्रत्येक ६ महिनामा | दक्ष जनशक्ति तयार हुने |
| ५ | उद्धार सामग्री व्यवस्थापन | डुंगा, लाइफ ज्याकेट, डोरी, टर्च, प्राथमिक उपचार सामग्री भण्डारण गर्ने | स्थानीय तह, जिल्ला विपद् व्यवस्थापन समिति, NGO/INGO | मनसुनअघि | आपतकालीन सामग्री सहज उपलब्ध हुने |
| ६ | सुरक्षित आश्रय स्थल व्यवस्थापन | विद्यालय, सामुदायिक भवनलाई अस्थायी आश्रयस्थलको रूपमा तयारी गर्ने | स्थानीय तह | मनसुनअघि | प्रभावित नागरिकलाई सुरक्षित बसोबास हुने |
| ७ | नियमित Mock Drill | बाढी, आगलागी तथा भूकम्प सम्बन्धी अभ्यास सञ्चालन गर्ने | स्थानीय तह, सुरक्षा निकाय | वर्षमा २ पटक | विपद् प्रतिक्रिया क्षमता वृद्धि हुने |
| ८ | समुदाय सचेतना कार्यक्रम | जनचेतनामूलक सभा, पर्चा, रेडियो कार्यक्रम सञ्चालन गर्ने | स्थानीय तह, विषयगत कार्यालय, NGO/INGO | निरन्तर | समुदायमा सचेतना वृद्धि हुने |

| क्र.सं. | कार्यक्षेत्र | मुख्य गतिविधि | जिम्मेवार निकाय | समयावधि | अपेक्षित परिणाम |
|---|---|---|---|---|---|
| ९ | स्वास्थ्य तथा आपतकालीन सेवा तयारी | औषधि, एम्बुलेन्स र स्वास्थ्यकर्मी तयारी अवस्थामा राख्ने | स्थानीय तह, स्वास्थ्य कार्यालय, अस्पताल | निरन्तर | विपद्पछि स्वास्थ्य जोखिम कम हुने |
| १० | बहु-निकाय समन्वय | सबै सरोकारवाला निकायबीच संयुक्त कार्ययोजना र बैठक सञ्चालन गर्ने | जिल्ला विपद् व्यवस्थापन समिति | त्रैमासिक | प्रभावकारी समन्वय र द्रुत उद्धार हुने |
| ११ | विशेष समूह संरक्षण | बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिको उद्धार योजना बनाउने | स्थानीय तह | छोटो अवधि | संवेदनशील समूह सुरक्षित हुने |
| १२ | विपद्पछिको पुनर्स्थापना योजना | राहत, पुनर्वास तथा क्षति मूल्याङ्कनको तयारी गर्ने | स्थानीय तह, जिल्ला प्रशासन कार्यालय | विपद्पछि | पुनर्स्थापना कार्य छिटो हुने |

## १४.२ सामान्य पूर्वतयारी योजना (सम्पूर्ण विषय क्षेत्रहरुको)

मनुसून पूर्वतयारी तथा प्रतिकार्य योजना कार्यान्वयनका लागि क्षेत्रगत रुपमा सम्बन्धित सरोकारवाला निकायहरुले आ-आफ्नो जिम्मेवारी हेरी सोही अनुसार आवश्यक कार्य गर्न तपसिल बमोजिमको समय तालिका अनुसारको जिम्मेवारी कार्ययोजना बनाइएको छ।

| सि.नं. | क्रियाकलाप | कसले | कहाँ | कहिले |
|---|---|---|---|---|
| **१** | राहत सामग्री भण्डारण एवम् व्यवस्थापन | नगरपालिका तथा गाउँपालिकाहरु, उद्योग वाणिज्य संघ/खाद्य संस्थान डिपो मार्फत तयारी खाना व्यवस्थापन, त्रिपाल लगायत अन्य लत्ता कपडाहरु, नेपाल रेडक्रस सोसाइटीले । | क्षेत्र अनुसार जिल्लाको विभिन्न स्थानहरुमा | **जेष्ठ १५ भित्र** |
| २ | खोज तथा उद्धार कार्य | जिल्ला विपद् व्यवस्थापन समिति, नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी वल नेपाल, नेपाल रेडक्रस सोसाइटी । | जिल्ला भर | बाढी तथा डुवान हुँदा |
| ३ | बिस्तृत तथ्याक संकलन तथा अभिलेखिकरण (महिला पुरुष, अपांगता, एकल महिला, गर्भवति, सुत्केरी, जेष्ठ नागरिक, बालबालिका आदि ) | • स्थानीय तह, नेपाल प्रहरी, नेपाल रेडक्रस सोसाइटी तथा जिल्ला आपत्कालिन कार्य संचालन केन्द्र तथा बिषयगत निकायहरु ।<br>• स्वास्थ्य कार्यालय । | प्रभावित क्षेत्रहरुमा | बाढी तथा डुवान हुदा २४ घन्टा भित्र IRA गर्ने |
| ४ | राहत वितरण (लैगिक मैत्री | विपद् संवेदनशील सामाजिक सुरक्षा तथा राहत वितरण मापदण्ड, २०८१ अनुसार | प्रभावित क्षेत्रमा र | • बाढी तथा डुवान भएको |

| | | | | |
|---|---|---|---|---|
| | तथा सामाजिक समावेशीकरण) | स्थानीय विपद व्यवस्थापन समिति, स्थानीय तह | अस्थायी शिविरहरुमा | २४ घन्टा भित्र |
| ५ | एम्वुलेन्स सेवा | एम्बुलेन्स संचालक संघसंस्थाहरु तथा समितिहरु । | जिल्ला भर | बाढी तथा डुवान हुने वित्तिकै |
| ६ | स्वास्थ्य शिविर | बर्दिया अस्पताल, स्थानीय तह अन्तर्गतका स्वास्थ्य इकाईहरु र अन्य सेवा प्रदायक संघसंस्था | प्रभावित क्षेत्रमा | प्रभावित क्षेत्रमा एक साता भित्र |
| ७ | सडक यातायात संचालन सुधार तथा यातायात उपलब्ध | स्थानीय तह, हुलाकी सडक निर्देशनालय, सडक डिभिजन कार्यालय, | जिल्ला भर | बाढी तथा डुवानवाट पानीको सतह घट्ने वित्तिकै |
| ८ | विपद सम्बन्धी सूचना तथा जनचेतना | जिल्ला आपत्कालीन कार्य संचालन केन्द्र, पत्रकार महासंघ, स्थानीय संचार माध्यमहरु, जल तथा मौसम फिल्ड कार्यालय, नेपालगंज | जिल्ला भर | बाढी तथा डुवानको पूर्वसूचना प्राप्त हुदासाथ बाढी तथा डुवानको प्रभाव नसकिदा सम्म निरन्तर |
| ९ | कृतिम घटना अभ्यास ( सिमुलेसन) | नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी वल नेपाल, नेपाल रेडक्रस सोसाइटी, प्राक्टिकल एक्सन लगायत अन्य संघ सस्थाहरु । | स्थानीय तह देखि जिल्ला तहसम्म | जेठ महिना अन्तिम देखि असार पहिलो हप्ता भित्र |
| १० | शान्ति सुरक्षा | नेपाल प्रहरी, सशस्त्र प्रहरी वल नेपाल । | जिल्ला भर | विपद् अवधिभर |
| ११ | सूचना व्यवस्थापन | जिल्ला आपतकालीन कार्य सञ्चालन केन्द्र । | जिल्ला भर | निरन्तर |
| १२ | अस्थायी शिविर निर्माण तथा सञ्चालन | शहरी बिकास तथा भवन निर्माण विभाग, संघीय आयोजना कार्यान्वयन इकाई, नेपालगञ्ज, नेपाल रेडक्रस सोसाइटी । | | बाढी तथा डुवान लगतै |
| १३ | हिंसा दुर्व्यवहारबाट संरक्षणको लागि नियमित टोली वा व्यक्ति परिचालन | स्थानीय तह (स्थानीय विपद व्यवस्थापन समिति, महिला बालबालिका तथा ज्येष्ठ नागरिक शाखा) | | |
| १४ | मनोसामाजिक परामर्शकर्ता परिचालन, कानूनी सहायता प्रदान गर्ने | स्थानीय तह, विभिन्न संघसंस्थाहरु | | |
| १५ | विपद प्रभावितहरुको अभिलेख राख्ने | स्थानीय तह, जिल्ला विपद व्यवस्थापन समिति | | |

## (क) ट्रिगर संयन्त्र

| **पूर्वानुमानका श्रोतहरु** | **उच्च सम्भाव्यता** | **मध्यम सम्भाव्यता** | **न्युन सम्भाव्यता** |
|---|---|---|---|
| जल तथा मौसम विज्ञान विभाग र क्षेत्रीय एकीकृत बहुप्रकोप पूर्वसूचना प्रणाली | ३ दिनमा १८० मिलिमिटर भन्दा बढी वर्षा हुने | ३ दिनमा ६०-१८० मिलिमिटर वर्षा हुने | ३ दिनमा ६० मिलिमिटर भन्दाकम वर्षा हुने |

| | | | |
|---|---|---|---|
| (RIMES) | | | |
| विश्व बाढी सतर्कता प्रणाली (GloFAS) र जल तथा मौसम विज्ञान विभाग | ३ दिनमा खतरा स्तर नाघ्ने सम्भाव्यता ७०% भन्दाबढी | ३ दिनमा खतरा स्तर नाघ्ने सम्भाव्यता ५०-७०% | ३ दिनमा खतरा स्तर नाघ्ने सम्भाव्यता ५०% भन्दा कम |

**(ख) भूमिका तथा उत्तरदायित्व तालिका**

| ट्रिगर लेभल | गर्नु पर्ने कार्यहरुको विवरण (के) | जिम्मेवार निकायहरु (को) |
|---|---|---|
| **उच्च** | उच्च, मध्यम र न्युन संभाव्यताको लागि साधारणपूर्व तयारी र १० दिने पूर्व तयारीका सम्पूर्ण गतिविधिहरु सबै सम्भाव्यतास्तरका लागि सम्बन्धीत निकायहरुद्वारा सम्पन्नगरिएको सुनिश्चित गर्ने । | जिल्ला विपद व्यवस्थापन समिति, आपतकालीन कार्य सञ्चालन केन्द्र, जिल्ला समन्वय समिति, जिल्ला प्रशासन कार्यालय र स्थानीयतह (गाउँपालिका र नगरपालिकाहरू) |
| | **समन्वय, सूचना तथा संचार**<br>● जल तथा मौसम विज्ञान विभागले जारी गरेको मौसम पूर्वानुमानबारे जिल्ला र स्थानीय स्तरका सम्पूर्ण सरोकारवालाहरु, क्लस्टर प्रमुख तथा उपप्रमुखलाई जानकारी गराउने ।<br>● जिल्ला विपद् व्यवस्थापन समिति बैठक बोलाउने हरेक क्लस्टरका लागि समन्वय बैठक गर्ने ।<br>● स्थानीय विपद् व्यवस्थापन समितिको बैठक बस्ने ।<br>● समन्वयकारी रणनीतिक प्रतिकार्य योजना तयारीका निम्ति क्लस्टर बैठक बस्ने ।<br>● स्थानीय तहमा कार्यरत कर्मचारी, विषयगत समूहका सदस्य, सबैलाई बिदामा नबस्न निर्देश नगर्ने ।<br>● निर्माण व्यवसायी, मेडिकल तथा प्रहरी प्रशासनसँग आवश्यक समन्वय गर्ने ।<br>● भए गरेका निर्णयहरुको अनुगमन गर्ने । | जिल्ला आपतकालीन कार्य सञ्चालन केन्द्र,<br>जिल्ला समन्वय समिति,<br>स्थानीय तह (गाउँपालिका र नगरपालिकाहरू)<br>नेपाल रेडक्रस सोसाइटी<br>सुरक्षा निकाय<br>संचारकर्मी |
| | **खोज तथा उद्दार**<br>● जिल्ला एवं स्थानीय स्तरमा खोज तथा उद्दार प्रतिकार्य प्रणाली स्थापना, कायम र प्रबन्ध गर्ने ।<br>● कमान्ड पोस्टको विकास गर्ने, असुरक्षित परिवारसम्म पुग्ने सम्पूर्ण मौजूदा मार्गको पहिचान गर्ने ।<br>● सङ्कटासन्न समुदायको नजिकै तयारी अवस्थामा बसेका खोज तथा उद्धार टोली, उनीहरुका पहुँच र स्रोत साधन अनुगमन गर्ने ।<br>● जिल्ला विपद् प्रतिकार्य टोलीको परिचालन, सम्भावित बाढीको खतरा भएको गाउँहरु, अस्थायीी आश्रयस्थल र शिविरहरुमा चिकित्सा टोली परिचालन गर्ने । | सुरक्षा निकायहरु, स्थानीय तह<br>नेपाल रेडक्रस सोसाइटी |
| | **खाद्य सुरक्षा, कृषि र जीविकोपार्जन/अस्थायी आवास र गैर खाद्यपदार्थ** | जिल्ला विपद् व्यवस्थापन समिति, स्थानीय तह (गाउँपालिका र नगरपालिकाहरू), नेपाल खाद्य संस्थान, उद्योग वाणिज्य |

| ट्रिगर लेभल | गर्नु पर्ने कार्यहरुको विवरण (के) | जिम्मेवार निकायहरु (को) |
|---|---|---|
| | ● आवश्यक देखिएको खण्डमा अस्थायी शिविर र टेण्ट सुरक्षित स्थानमा तयारी अवस्थामा राख्ने ।<br>● बाढी पीडित आश्रयस्थल र शिविरहरुमा १ देखि ३ दिनसम्म पुग्ने पर्याप्त सुख्खा खाना स्थान्तरित गर्ने (मानवीय र पशुपंक्षीहरुको लागि समेत)<br>● खाद्य पदार्थको अभाव हुन नदीन खाद्य सामग्री बेचबिखन गर्ने संस्था, उद्योग वाणिज्य संघलाई सजग गर्ने ।<br>● राहत सामग्रीहरु संभावित विपद क्षेत्रमा नै पुर्‍याई सुरक्षित स्थानमा भण्डारण गरी राख्ने ।<br>● जनशक्तिलाई तयारी अवस्थामा राख्ने ।<br>● अन्तर विषयगत समूहको समन्वय बैठक गर्ने । | सङ्घ, ,<br>सुरक्षा निकायहरु, नेपाल रेडक्रस सोसाइटी, विभिन्न संघसंस्था |
| | **स्वास्थ्य र पोषण,शिक्षा, खानेपानीतथा सरसफाई**<br>● सङ्कटासन्न समुदायलाई प्राथमिक उपचार किट, density किट र पानी निर्मलीकरण घोल वितरणगर्ने ।<br>● घुम्ती क्लिनिकको स्थापना र परिचालनका लागि सम्पूर्ण आवश्यक प्रबन्ध मिलाउने ।<br>● किटजन्य रोगबाट बाच्नको झुल वितरण कार्यक्रम ।<br>● पानी प्रदुषण जाचँ सम्बन्धमा फिल्ड टेष्टकिट सहित तालिम प्राप्त प्राविधिकहरुको परिचालन ।<br>● बढीको उच्च जोखिमबारे स्वास्थ्यकर्मी RRT र C-RRT लाई जानकारी गराई वृद्ध, बालबालिका, गर्भवती र सुत्केरी आमा आदिको लागि सुरक्षित वासस्थान तथा खानबस्न व्यबस्था मिलाउने ।<br>● आवश्यक सामग्रीहरुलाई स्थानीय सेवाप्रदायक संस्था र वंडा कार्यालयहरुमा पुर्‍याउने । | जिल्ला विपद् व्यवस्थापन समिति, स्थानीय विपद् व्यवस्थापन समिति, स्थानीयतह (खानेपानी तथा सरसफाई कार्यालय इकाई), नेपाल रेडक्रस सोसाइटी, गैर सरकारी संस्थाहरु |
| | **संरक्षण**<br>● अति संकटापन्न क्षेत्रका वृद्धवृद्धा, अपाङ्गता भएका र खाँचोमा परेका मानिसहरुका लागि अन्यत्र सार्ने प्रक्रिया शुरु गर्ने ।<br>● अपाङ्गता भएका व्यक्ति, बृद्धबृद्धा, गर्भवती, सुत्केरी, स्तनपान गराइराखेका आमाहरु, बालबालिका, महिला आदिप्रति विशेष सरंक्षण प्रदान गर्ने व्यवस्था मिलाउने । | स्थानीय विपद् व्यवस्थापन समिति, स्थानीयतह (महिला तथा बालबालिका इकाई), नेपाली सेना, नेपालप्रहरी र सशस्त्र प्रहरी बल, नेपाल रेडक्रस सोसाइटी, गैर सरकारी संस्थाहरु |
| **मध्यम** | **समन्वय, सूचना तथा संचार**<br>अनुगमन तथा मूल्याङ्कन टोली गठन गर्ने । | जिल्ला प्रशासन कार्यालय, जिल्ला समन्वय समिति, स्थानीय तह (गाउँपालिका र नगरपालिकाहरू)<br>नेपाल रेडक्रस सोसाइटी |
| | **खाद्य सुरक्षा, कृषि र जीविको पार्जन / अस्थायी आवास र गैर खाद्यपदार्थ**<br>● खाद्य आपूर्ति भण्डारणको निम्ति पानी नछिर्ने झोला सामुदायिक विपद् व्यवस्थापन समितिलाई | जिल्ला विपद् व्यवस्थापन समिति, स्थानीय तह (गाउँपालिका र नगरपालिकाहरू), नेपाल खाद्य संस्थान, उद्योग वाणिज्य सङ्घ, सुरक्षा निकायहरु, नेपाल रेडक्रस सोसाइटी |

| ट्रिगर लेभल | गर्नु पर्ने कार्यहरुको विवरण (के) | जिम्मेवार निकायहरु (को) |
|---|---|---|
| | वितरण गर्ने ।<br>● नागरीकता प्रमाणपत्र, राहदानी, जग्गाधनी पुर्जा प्रमाणपत्र, सवारी चालक अनुमति पत्र, शैक्षिक प्रमाणपत्र आदि जस्ता महत्वपूर्ण कागजातहरु राख्नको निम्ति पानी नछिर्ने थैली सामुदायिक विपद् व्यवस्थापन समितिलाई वितरण गर्ने ।<br>● रबरको पन्जा, रबरको बुट पानी नछिर्ने ज्याकेट, लाइफ ज्याकेट आदि लगायत उद्धार सामग्री सामुदायिक विपद् व्यवस्थापन समितिलाई वितरण गर्ने ।<br>● महत्वपूर्ण कागजातहरुलाई पानी नछिर्ने थैलीमा राख्न र खाद्यपदार्थ लगायत अन्य वस्तुहरु पानी नछिर्ने झोलामा राख्न सहजीकरण गर्ने ।<br>● घरपालुवा पशुहरूलाई पहिचान गरिएका सुरक्षित स्थानमा अस्थार्यी रूपमा सार्ने । | |
| | **स्वास्थ्य र पोषण,शिक्षा, खानेपानीर सरसफाई**<br>● पोषण आहार प्याकेट वितरणको व्यवस्था मिलाउने<br>● सङ्टासन्न समुदायलाई प्राथमिक उपचार किट र पानी निर्मलीकरण घोल वितरण गर्ने ।<br>● गर्भवती, सुत्केरी महिला तथा नर्सिङ्ग आमाहरुलाई स्वास्थ्यकिट वितरण गर्ने । | जिल्ला विपद् व्यवस्थापन समिति, स्थानीय विपद् व्यवस्थापन समिति, स्थानीय तह (खानेपानी तथा सरसफाई कार्यालय शाखा), नेपाल रेडक्रस सोसाइटी, गैर सरकारी संस्थाहरु |

## १४.३ आवश्यकताको लेखाजोखा

| प्रतिकार्यका लागि गतिविधिहरु | जिम्मेवारी | न्यून प्रभाव | उच्च प्रभाव |
|---|---|---|---|
| **० देखि १ दिन** | | | |
| विपद्बाट भएको प्रभावको प्रारम्भिक सूचना लिने | DEOC/LEOC | √ | √ |
| **<u>जिल्ला विपद् व्यवस्थापन समितिको आकस्मिक बैठक बस्ने</u>**<br>➢ विपद् सूचना अधिकारी सुनिश्चित गर्ने ।<br>➢ पूर्व सूचना प्रणालीलाई सक्रिय बनाउने ।<br>➢ जिल्ला आपत्कालीन कार्यसंचालन केन्द्रलाई कार्यसंचालन कार्यविधि अनुसार सक्रिय बनाउने । | प्रमुख जिल्ला अधिकारी । | √ | √ |
| प्रभावित क्षेत्रमा खोज तथा उद्धार कार्य गर्न टोली परिचालन गर्ने<br>➢ स्वयंसेवक कार्यदल परिचालन ।<br>➢ खोज उद्धार तथा प्राथमिक उपचार । | नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी वल नेपाल, नेपाल रेडक्रस सोसाइटी । | √ | √ |
| स्थल मार्गबाट उद्धार गर्न नसकिने प्रभावितहरुलाई हेलिकप्टर परिचालनका लागि प्रदेश र केन्द्रमा अनुरोध गर्ने । | DDMC/LDCRC | | √ |

| प्रतिकार्यका लागि गतिविधिहरु | जिम्मेवारी | न्यून प्रभाव | उच्च प्रभाव |
|---|---|---|---|
| प्राथमिक उपचार, एम्बुलेन्स सेवा परिचालन गर्ने गराउने । | जिल्ला जनस्वास्थ्य कार्यालय/नेरेसो, स्थानीय तह, एम्बुलेन्स सञ्चालक समिति । | √ | √ |
| बिषयगत/क्षेत्रगत निकायहरुसँग समन्वय<br>➢ बिषय क्षेत्रगत निकायहरुको बैठक बस्ने । | DDMC /DEOC/LEOC<br>Cluster Lead/Co-Lead | | √ |
| स्थानीय तहको समन्वयमा बिस्थापितहरु रहेको स्थानबारे जानकारी लिने । | Local Level/DDMC/DEOC | √ | √ |
| प्रारम्भिक द्रूत लेखाजोखाका लागि टोली परिचालन । | DDMC/Local Level | √ | √ |
| प्रभावित समुदायहरुलाई विपद. प्रतिकार्यका लागि भए गरेका प्रयासहरु तथा सावर्जनिक आह्वान विषयक सूचनाहरु प्रवाह गर्ने । | DEOC/FNJ/Local Media/FM | √ | √ |
| बिस्थापितहरुलाई तयारी खाना, पानीको व्यवस्था गरी वितरण गर्ने । | Local Level/cluster | | √ |
| बिस्थापितहरुलाई त्रिपाल उपलब्ध गराई आश्रय स्थलको व्यवस्था मिलाउने । | Local Level/DDMC/Private Sector/Custer/NRCS/other actors | √ | √ |
| प्रतिकार्यका लागि भए गरेका कार्यहरुको अबस्था बारे NEOC/PEOC मा जाहेरी गर्ने । | DEOC/LEOC | √ | √ |
| **० देखि २ दिन** | | | |
| मौसम सम्बन्धी सूचना नियमित प्रशारण गर्ने । | DEOC/DHM/Local Media | √ | √ |
| राहत वितरण कार्यलाई एकद्वार प्रणाली मार्फत वितरणको प्रबन्ध गर्ने । | DDMC/Local Level/Cluster | | √ |
| बिस्थापितहरुलाई तयारी खाना, खानेपानीको थप व्यवस्था गर्ने । | Local Level /DDMC/FNCCI/Cluster | √ | √ |
| बिस्थापितहरुलाई गैरखाद्य सामग्री थप वितरण गर्ने । | NRCS/Local Level | √ | |
| प्रारम्भिक द्रूत लेखाजोखा तथ्यांक समायोजन गरी अनुमोदन गर्ने र लेखाजोखा समन्वय टोली (ACT) परिचालनका लागि गृह मन्त्रालय (विपद् पुर्वतयारी तथा प्रतिकार्य शाखा) सँग अनुरोध गर्ने । | DDMC/DEOC | √ | √ |
| बिस्थापित भएकाहरुलाई अस्थायी आश्रयस्थल निर्माण गर्ने । | Local level/DUDBC/NRCS/ Private Sector | √ | √ |

| प्रतिकार्यका लागि गतिविधिहरु | जिम्मेवारी | न्यून प्रभाव | उच्च प्रभाव |
|---|---|---|---|
| प्रभावितहरुको खोज तथा उद्धारगरी तिनीहरुलाई तत्काल आवश्यक पर्ने खाद्यान र न्यूनतम मानवोचित साम्राग्री र स्वीकृत मापदण्ड वमोजिम राहत उपलब्ध गराउने । | DDMC | √ | √ |
| घाईते तथा बिरामीहरुको उपचारको निःशुल्क उपचारको व्यवस्था मिलाउने । | DPHO | | √ |
| CRRT/RRT समूहको बैठक बसी टोली परिचालन गर्ने । | DPHO | | √ |
| बिषय क्षेत्रगत निकायहरुको बैठक बस्ने । | सबै क्षेत्रगत नेतृत्व गर्ने निकायहरु | | √ |
| जिल्ला विपद् व्यवस्थापन समितिको बैठक बस्ने । | प्रमुख जिल्ला अधिकारी | √ | √ |
| प्रतिकार्यका लागि भए गरेका कार्यहरुको अवस्था बारे NEOC/PEOC मा जाहेरी गर्ने । | DEOC | √ | √ |
| **० देखि ३ दिन** | | | |
| मौसम सम्बन्धी सूचना नियमित प्रशारण गर्ने । | DEOC/DHM /Medias | √ | √ |
| शव व्यवस्थापन निर्देशिका वमोजिम मृत्यु भएका शवहरुको व्यवस्थापन, आर्थिक सहयोग उपलब्ध गराउने । | जिल्ला विपद् व्यवस्थापन समिति । | | √ |
| राहत वितरणकार्यलाई थप प्रभावकारी बनाई निरन्तर्ता दिने । | जिल्ला विपद् व्यवस्थापन समिति<br>स्थानीय तह । | √ | √ |
| जिल्ला विपद् प्रतिकार्य टोली (DDRT) लाई परिचालन गर्ने । | नेपाल रेडक्रस सोसाइटी । | √ | √ |
| अति संकटासन्न अबस्थामा रहेका समूहहरुलाई बिशेष निगरानी तथा आधारभूत स्वास्थ्य सेवा उपलब्ध गराउने । | स्वास्थ्य कार्यालय, स्थानीय तह स्वास्थ्य शाखा । | | √ |
| प्रभावित क्षेत्रमा हुन सक्ने महिला हिसांका गतिविधिका सम्वन्धमा विशेष निगरानी राख्ने तथा वालवालिका, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिहरुलाई विशेष सरंक्षणको प्रबन्ध मिलाउने । | स्थानीय तहका महिला तथा बालबालिका शाखा,<br>जिल्ला बाल कल्याण समिति<br>जेष्ठ नागरीक तथा अपांगता भएका व्यक्तिहरुका लागि कार्य गर्ने निकायहरु । | | √ |
| बिषय क्षेत्रगत निकायहरुको बैठक बस्ने । | सबै क्षेत्रगत नेतृत्व गर्ने निकायहरु । | | √ |
| जिल्ला विपद् व्यवस्थापन समितिको बैठक बस्ने । | प्रमुख जिल्ला अधिकारी । | | √ |
| प्रतिकार्यका लागि भए गरेका कार्यहरुको अवस्था बारे NEOC/PEOC मा जाहेरी गर्ने । | DDMC/DEOC | | √ |
| **० देखि ४ दिन** | | | |

| प्रतिकार्यका लागि गतिविधिहरु | जिम्मेवारी | न्यून प्रभाव | उच्च प्रभाव |
|---|---|---|---|
| मौसम सम्बन्धी सूचना नियमित प्रशारण गर्ने । | DEOC/DHM /Medias | √ | √ |
| कोरोना भाइरसको जोखीम कम हुने गरी स्वास्थ्य सुरक्षा सामग्री प्रयोग गरी राहत वितरण कार्यलाई निरन्तरता दिने । | DDMC/Local level | | √ |
| खानेपानी, सरसफाई र स्वच्छताका गतिबिधिहरु संचालन गर्ने । | खापा तथा सरसफाई डि. कार्यालय स्थानीय तह । | | √ |
| विपद्बाट अबरुद्ध सडक सञ्जाल मर्मत गरी तत्कालका लागि संचालनमा ल्याउने । | सडक डिभिजन कार्यालय,स्थानीय तह । | | √ |
| प्रभावित समुदायलाई नेपाल सरकारको स्विकृत मापदण्ड बमोजिम नगद तथा अन्य आवश्यक सहयोग उपलब्ध गराउने । | जिल्ला विपद् व्यवस्थापन समिति, स्थानीय तह | √ | √ |
| मरेका पशुका शवहरु संकलन तथा व्यवस्थापन गर्ने । | स्थानीय तह । | | √ |
| बिषय क्षेत्रगत निकायहरुको बैठक बस्ने । | सबै क्षेत्रगत नेतृत्व गर्ने निकायहरु । | | √ |
| जिल्ला विपद् व्यवस्थापन समितिको बैठक बस्ने । | प्रमुख जिल्ला अधिकारी । | | |
| प्रतिकार्यका लागि भए गरेका कार्यहरुको अवस्था बारे NEOC/PEOC मा जाहेरी गर्ने । | DEOC | √ | √ |
| **० देखि ५ दिन** | | | |
| मौसम सम्बन्धी सूचना नियमित प्रशारण गर्ने । | DEOC/DHM /Medias | √ | √ |
| प्रभावितहरुको पहूँचसम्म राहत सहायता नपुगेको स्थानहरुमा थप राहत वितरणको व्यवस्था गर्ने । | Local Level/DDMC | | √ |
| अस्पताल, स्वास्थ्य केन्द्र, आन्तरिक रुपमा विस्थापितको शिविर, विद्यालयजस्ता आधारभूत क्षेत्रमा विद्युतीय सेवा उपलब्ध गराउने । | नेपाल विद्युत प्राधिकरण कार्यालय । | | √ |
| थप आबश्यक पर्ने राहतका लागि समन्वय गरी माग गर्ने । | जिल्ला विपद् व्यवस्थापन समिति । | | √ |
| बिषय क्षेत्रगत निकायहरुको बैठक बस्ने । | सबै क्षेत्रगत नेतृत्व गर्ने निकायहरु । | | |
| जिल्ला विपद् व्यवस्थापन समितिको बैठक बस्ने । | प्रमुख जिल्ला अधिकारी । | | √ |
| प्रतिकार्यका लागि भए गरेका कार्यहरुको अबस्था बारे NEOC/PEOC मा जाहेरी गर्ने । | DEOC | √ | √ |
| **० देखि ६ दिन** | | | |
| मौसम सम्बन्धी सूचना नियमित प्रशारण गर्ने । | DEOC/DHM /Medias | | √ |
| थप आबश्यक पर्ने राहतका लागि समन्वय गरी माग गर्ने । | जिल्ला विपद् व्यवस्थापन समिति । | | √ |

| प्रतिकार्यका लागि गतिविधिहरु | जिम्मेवारी | न्यून प्रभाव | उच्च प्रभाव |
|---|---|---|---|
| बिषय क्षेत्रगत निकायहरुको बैठक बस्ने । | सबै क्षेत्रगत नेतृत्व गर्ने निकायहरु । | | |
| जिल्ला विपद् व्यवस्थापन समितिको बैठक बस्ने । | प्रमुख जिल्ला अधिकारी । | | √ |
| प्रतिकार्यका लागि भए गरेका कार्यहरुको अबस्था बारे NEOC/PEOC मा जाहेरी गर्ने । | DEOC | √ | √ |
| **० देखि ७ दिन** | | | |
| मौसम सम्बन्धी सूचना नियमित प्रशारण गर्ने । | DEOC/DHM /Medias | | √ |
| बिषय क्षेत्रगत निकायहरुको बैठक बस्ने । | सबै क्षेत्रगत नेतृत्व गर्ने निकायहरु । | | √ |
| थप आवश्यक पर्ने राहतका लागि समन्वय गरी वितरणको व्यवस्था मिलाउने । | जिल्ला विपद् व्यवस्थापन समिति । | | √ |
| प्रभावित क्षेत्रमा खासगरी सङ्कटासन्न समूहका लागि स्वच्छ र सुरक्षित वातावरणको प्रत्याभुति दिने; विशेषगरी लैंगिक हिँसा नियन्त्रण गर्न विशेष ध्यान दिने । | स्थानीय तह, महिला तथा बालबालिका शाखा । | | √ |
| गैरखाद्य सामग्रीको सेट वितरण गर्ने । | NRCS/Local Level | √ | √ |
| जिल्ला विपद् व्यवस्थापन समितिको बैठक बस्ने । | प्रमुख जिल्ला अधिकारी । | | √ |
| मानवीय कार्यका लागि भएका प्रतिकार्य उद्धार कार्यको अनगुमन र प्रतिवेदन तयार गर्ने । | जिल्ला विपद् व्यवस्थापन समिति । | | √ |
| प्रतिकार्यका लागि भए गरेका कार्यहरुको अबस्था बारे NEOC/PEOC मा जाहेरी गर्ने । | DEOC | √ | √ |
| आवश्यकताको आधारमा विपद् **लेखाजोखा मार्गदर्शन, २०७२** अनुसार थप लेखाजोखाका औजारहरुलाई सक्रिय बनाउने । | DDMC/Cluster Lead and Co-Lead | | √ |
| प्रभावित परिवारको दर्ता गर्ने, प्रभावितको लागि परिचयपत्र उपलब्ध गराउने र तथ्याङ्कको उचित प्रबन्ध र व्यवस्था गर्ने । | Local Level/DDMC/ DEOC | √ | √ |

## १४.४ पूर्वानुमानमा आधारित पूर्वतयारी योजना

| सम्भावना | बाढीबाट पर्ने प्रभावको सम्भावित परिदृष्य |
|---|---|
| ● कर्णाली नदीमा २०७१, २०७४ र २०८० साल भन्दा ठूलो बाढी आएको खण्डमा कर्णाली नदीको जलाधार क्षेत्रमा अत्याधिक वर्षा हुनेछ । | ● कर्णाली जल तथा मौसम मापन केन्द्रमा ११.८ मिटर भन्दा माथि जल सतह मापन हुनेछ ।<br>● अकस्मात ठूलो संख्यामा जनजीवन प्रभावित हुनेछ । वातावरणहरु प्रदुषित हुने छन । <br>● धानबालीमा ठूलो क्षति हुने छ ।<br>● नदी किनारका ४० हजार भन्दा वढी जनसंख्या विस्थापित हुनेछन् ।<br>● करिव २ हप्ताका लागि विद्युत अपुर्ती बन्द हुनेछ ।<br>● संचारका साधन अवरुद्ध हुनेछन ।<br>● समुदायमा स्वास्थ्य समस्या देखा पर्नेछ । |
| ● बवई नदीमा २०७१, २०७४ साल भन्दा ठूलो बाढी आएको खण्डमा,चुरे क्षेत्रमा अत्यधिक मात्रामा वर्षा भएमा | ● चेपांगको जल तथा मौसम मापन केन्द्रमा ९.८ मिटर भन्दा माथि जल मापन हुनेछ ।<br>● अकस्मात ठूलो संख्यामा जनजीवन प्रभावित हुनेछ । वातावरणहरु प्रदुषित हुने छन ।<br>● नदी किनारका ६० हजार भन्दा वढी जनसंख्या विस्थापित हुनेछन् । |
| बर्दिया जिल्लामा बाढी विपद्को अवस्थामा(स्वास्थ्य सेवाको पहुँचबाट बन्चित, नियमित स्वास्थ्य सेवा अवरुद्ध, प्रभावित व्यक्तिहरु विस्थापित, विद्युत यातायात, संचार, खानेपानी, शिक्षा सेवा अवरुद्ध हुनेछ) | ● २० हजार घरधुरी पूर्ण तथा ८५ हजार घरधुरी आंशिक रुपमा प्रभावित हुनेछन् ।<br>● प्रभावित क्षेत्रमा खानेपानी सरसफाइको समस्या देखिन सक्नेछ ।<br>● जिल्ला स्थित स्वास्थ्य संस्थाहरु २ देखि १० दिन पछि मात्र स्वास्थ्य सेवा प्रदान गर्न सक्नेछन् ।<br>● प्रभावितलाई अति आवश्यक पुनरजलीय झोल, प्रभावित क्षेत्रमा संकटासन्न समूहहरुलाई ( गर्भवती, सुत्केरी, बालबालिका, दिर्घरोगी, अशक्त, अपाङ्ग, जेष्ठ नागरिक) तत्कालै स्वास्थ्य सेवा प्राप्त गर्न सक्ने छैनन् ।<br>● विद्युत सेवा १ सातासम्म अवरुद्ध हुन सक्नेछ । विद्युत अवरुद्धका कारण मोबाइल, टेलिफोन सेवा अवरुद्ध हुने छ ।<br>● बाढीको असर लामो समयसम्म रहनेछ साथै तत्काल नभत्केका संरचनाहरु भत्कन सक्ने सम्भावना छ ।<br>● सार्वजनिक तथा व्यक्तिगत खुला स्थान अस्थायी आवासको लागि प्रयोग हुँदा सरसफाईमा समस्या उत्पन्न भएर जनस्वास्थ्यमा प्रतिकूल असर पर्न सक्छ ।<br>● हजारौ मानिस विस्थापित भई सडकमा हुन सक्ने भएकोले भीड नियन्त्रण र चोरी तथा लुटपाटको सम्भावनालाई नियन्त्रण गर्न प्रभावकारी सुरक्षा व्यवस्था लागू गर्नुपर्ने अवस्था उत्पन्न हुन सक्छ । साथै बिपद्को समयमा लैंगिक तथा यौन हिंसा समेत हुनसक्ने भएकाले लैगिक मैत्री सुरक्षा व्यवस्था मिलाउनुपर्ने हुन सक्छ ।<br>● जिल्लाका ५०% भन्दा बढी सडक, पुल, विद्युत् आपूर्ति, सञ्चारजस्ता सार्वजनिक सम्पत्ति क्षतीग्रस्त हुन सक्छ । |
| विपद्को समयमा राहत वितरण | • आवश्यकताको पहिचान गरी न्यूनतम क्षतिको लागि स्थानीय तह र मध्यम क्षतिको लागि जिल्लास्तर तथा ठूलो मात्रामा भएको क्षतिका लागि प्रदेश तथा संघीय सरकारसंग |

## १४.५ आपतकालिन प्रतिकार्य योजना

| क्र.सं. | निकायको नाम | जिम्मेवार पदाधिकारी | कार्य विवरण |
|---|---|---|---|
| १ | जिल्ला प्रशासन कार्यालय | प्रमुख जिल्ला अधिकारी | ▪ समन्वयात्मक र नेतृत्वदायी भूमिका निर्वाह गर्ने ।<br>▪ खोज तथा उद्धार कार्यमा सुरक्षा निकायको समन्वयमा परिचालन गर्ने ।<br>▪ आवश्यकता अनुसार स्थानीय तह, प्रदेश तथा केन्द्रीय |

| क्र.सं. | निकायको नाम | जिम्मेवार पदाधिकारी | कार्य विवरण |
|---|---|---|---|
| | | | स्तरमा समन्वय (मानवीय, आर्थिक, भौतिक)।<br>▪ सहायक प्रमुख जिल्ला अधिकारीले समिति वा प्रमुख जिल्ला अधिकारीको निर्देशानुसार उल्लेखित कार्यहरु गर्ने। |
| २ | जिल्ला समन्वय समिति | प्रमुख | ▪ समन्वयात्मक कार्यमा सहयोग गर्ने।<br>▪ आवास तथा पुनःस्थापना कार्यमा सहयोगात्मक भूमिका निर्वाह गर्ने।<br>▪ स्रोत (आर्थिक, भौतिक, मानवीय श्रोत ) परिचालन तथा समन्वय गर्ने। |
| ३ | स्थानीय तहहरु | नगरप्रमुख/अध्यक्ष | ▪ आफ्नो स्थानीय तह भित्र नेतृत्वदायी भूमिका निर्वाह गर्ने।<br>▪ खोज तथा उद्धार कार्यमा सुरक्षा निकायसंगको समन्वयमा थप उदार टोली परिचालन गर्ने।<br>▪ विषयगत क्षेत्रसँग समन्वय गरी राहत वितरण कार्यमा सहयोग गर्ने।<br>▪ आवश्यकता अनुसार प्रादेशिक तथा केन्द्रीयस्तरमा सहयोग (मानवीय, आर्थिक, भौतिक) को लागि समन्वय।<br>▪ तथ्यांक व्यवस्थापन।<br>▪ स्रोत (आर्थिक, भौतिक, मानवीय श्रोत) परिचालन तथा समन्वय गर्ने। |
| ४ | सुरक्षा निकायहरु | प्रमुख तथा प्रतिनिधि | ▪ मूख्यतः खोज तथा उद्धार कार्यको नेतृत्व तथा उद्धार कार्य गर्ने।<br>▪ सुरक्षा व्यवस्था कायम गर्ने।<br>▪ पुर्व तयारीको रुपमा जनचेतना कक्षाहरु संचालन तथा कृतिम घटना अभ्यास गर्ने<br>▪ विषयगत समितिमा रही सहयोग गर्ने। |
| ५ | राजनैतिक दलहरू | दलका प्रमुखहरू | ▪ समन्वय गर्ने।<br>▪ स्रोत संकलनमा सहयोग गर्ने।<br>▪ जनपरिचालन गर्ने। |
| ६ | जिल्ला आपतकालीन कार्य संञ्चालन केन्द्र/स्थानीय आपतकालीन कार्यसँचालन केन्द्र | विपद् फोकल पर्सन | ▪ सूचना संकलन, समन्वय, संप्रेशन गर्ने।<br>▪ तथ्यांक व्यवस्थापन गर्ने।<br>▪ विषयगत तथा स्थानीय तहसँग समन्वय गर्ने। |
| ७ | जिल्ला अगुवा सहयोगी निकाय (DLSA) | प्रमुख | ▪ राष्ट्रिय/अन्तराष्ट्रिय गैरसरकारी संघ/संस्था तथा सरोकारवालासंग समन्वय र सहकार्य गर्ने।<br>▪ स्रोतको खोजी गर्ने। |
| ८ | नेपाल रेडक्रस | सभापति | ▪ खाद्य, गैर खाद्य सामग्री तथा अस्थायी आवास |

| क्र.सं. | निकायको नाम | जिम्मेवार पदाधिकारी | कार्य विवरण |
|---|---|---|---|
| | सोसाइटी | | व्यवस्थापन ।<br>▪ आपत्कालीन आवास तथा बन्दोबस्ती (Logistic) व्यवस्थापनमा सहयोग गर्ने । |
| ९ | विषयगत सरकारी कार्यालय | कार्यालय प्रमुखहरु | ▪ विषयगत समितिमा रही क्षेत्रगत अगुवा भूमिका निर्वाह गर्ने ।<br>▪ सम्बन्धीत कार्यालयको आपत्कालीन योजना निर्माण गर्ने । |
| १० | उद्योग वाणिज्य सङ्घ | अध्यक्ष | ▪ सुख्खा तथा तयारी खाना RTE जस्तैः चिउरा, भुजा, विस्कुट आदि, खाद्यसामग्री संकलन वितरण र व्यवस्थापनमा सघाउने । |
| ११ | यातायात व्यवसायी संघ | अध्यक्ष/पदाधिकारीहरु | ▪ राहत तथा उद्धार कार्यका लागि आवश्यक यातायातका साधनहरु र जन शक्ति उपलब्ध गराउने । |
| १२ | संचार माध्यम | नेपाल पत्रकार महासंघ, सञ्चारकर्मीहरु | ▪ तथ्य र प्रभावकारी सूचना संकलन तथा सम्प्रेषण । |
| १३ | नागरिक समाज | संयोजक | ▪ राहत तथा उद्धार कार्यमा सहयोग तथा समन्वय गर्ने ।<br>▪ मानव अधिकारको संरक्षण तथा सम्वर्द्धनमा सहयोग । |
| १४ | पेशागत व्यवसायी समितिहरु | अध्यक्ष | ▪ राहत, उद्धार तथा संरक्षण कार्यमा सहयोग । |
| १५ | गै.स.स.महासंघ, राष्ट्रिय तथा अन्तराष्ट्रिय गै.स.स.हरु | प्रमुख तथा प्रतिनिधि | ▪ मानवस्रोत परिचालन गर्ने ।<br>▪ गै.स.स. बीच समन्वय ।<br>▪ क्षमता विकास तथा सहजीकरण कार्य गर्ने । |

## १४.६ विषयगत क्षेत्र अनुसारको कार्ययोजना

### १४.६.१ समन्वय तथा सूचना व्यवस्थापन

**अगुवाई गर्ने निकाय :** जिल्ला प्रशासन कार्यालय (जिल्ला आपत्कालीन कार्यसंञ्चालन केन्द्र (DEOC)

**कार्यान्वयन योजना सहितको प्राथमिकता प्राप्त पूर्वतयारी कार्यः**

| क्र.सं. | प्राथमिकता प्राप्त पूर्वतयारी कार्यको सूची | मूख्य जिम्मेवार निकाय | कार्यान्वयन गर्ने तरिका (बैठक, कार्यशाला, तालिम...आदि) | समय सीमा (कार्य तालिका) |
|---|---|---|---|---|
| १. | जलमापन केन्द्रहरुको सम्पर्क व्यक्तिहरुको नाम र फोन नम्बर अद्यावधिक गर्ने । | DEOC | सम्पर्क गरी नम्बर संकलन गर्ने । | मनसून पूर्व |
| २. | बाढी प्रभावित समुदायहरुलाई सूचना गर्न सम्पर्क व्यक्तिहरुको नाम र फोन नम्बर सङ्कलन गर्ने । | DEOC | महत्वपूर्ण टेलिफोन सूचि तयार गरी वितरण गर्ने । | मनसून पूर्व |
| ३. | रेडियो एफ एम स्टेसनको फोन नम्बर र सम्पर्क व्यक्तिहरुको | DEOC | प्रत्यक्ष भेटघाट, टेलिफोन सम्पर्क । | मनसून पूर्व |

| क्र.सं. | प्राथमिकता प्राप्त पूर्वतयारी कार्यको सूची | मूख्य जिम्मेवार निकाय | कार्यान्वयन गर्ने तरिका (बैठक, कार्यशाला, तालिम...आदि) | समय सीमा (कार्य तालिका) |
|---|---|---|---|---|
| | नामावली सूची तयार गर्ने र वितरण गर्ने । | | | |
| ४. | जिल्ला प्रसाशन कार्यालय, जिल्ला समन्वय समिति, नगरपालिका तथा गाउँपालिका, सुरक्षा निकायहरु, रेडक्रसमा सूचना सम्पर्क व्यक्ति पहिचान गर्ने । | DEOC | विपद्मा कार्यरत संस्था तथा अन्य स्रोतहरु मार्फत । | मनसून पूर्व |
| ५. | प्रत्येक नगरपालिका तथा गाउँपालिकामा सूचना सम्पर्क व्यक्तिहरुलाई अभिमुखीकरण गर्ने र जलमापकहरुको फोन नम्बरहरु उपलब्ध गराउने । | स्थानीय तह, नेपाल रेडक्रस सोसाइटी, कमैया महिला जागरण समाज नेपाल लगायतका संस्थाहरु | बैठक, कार्यशाला | मनसून पूर्व |
| ६ | सञ्चारकर्मीहरुलाई www.hydrology.gov.np, mfd.gov.np www.daobardiya.gov.np , www.drrportal.gov.np का बारे जानकारी गराउने । | DEOC , जिल्ला प्रशासन कार्यालय, कर्णाली वेसिन कार्यालय | बैठक, कार्यशाला | मनसून पूर्व |
| ७ | बाढीका बेला नियमित रुपमा सूचना प्राप्त गर्न सकिने ०८४४२०९९९, पैसा नलाग्ने नम्वरः ११५५, ११४९, १६६०८४४२९९९(DEOC, Bardiya) को प्रचार गर्ने । | DEOC , जिल्ला प्रशासन कार्यालय, कर्णाली वेसिन कार्यालय | बैठक, कार्यशाला | मनसून पूर्व |

## १४.६.२ खोज तथा उद्धारः

अगुवाइ गर्ने निकायः **जिल्ला प्रशासन कार्यालय**

**कार्यान्वयन योजना सहितको प्राथमिकता प्राप्त पूर्वतयारी कार्य**

| क्र.सं. | प्राथमिकता प्राप्त पूर्वतयारी कार्यको सूची | मुख्य जिम्मेवार निकाय | कार्यान्वयन गर्ने तरिका (बैठक, कार्यशाला, तालिम आदि) | समय सीमा (कार्य तालिका) |
|---|---|---|---|---|
| १. | जोखिममा रहेका व्यक्ति वा समूहको पहिचान गर्ने । | जिल्ला समन्वय समिति र सम्बन्धित गापा., नपा, ने.रे.सो., एक्सनएड नेपाल, केयर नेपाल, KMJS Nepal लगायतका संस्थाहरु । | घरधुरी सर्वेक्षण, जि.स.स., गापा., नपा को प्रोफाईल । | हरेक वर्षको जेष्ठ सम्म |
| २ | क्षेत्रगत नेतृत्व गर्ने निकायहरूसंग समन्वय बैठक गर्ने । | जिल्ला प्रशासन कार्यालय, DEOC, DLSA | बैठक । | जेठ मसान्त सम्म |
| ३ | विपद् व्यवस्थापन कार्यसंग सम्बन्धी कृत्रिम घटना अभ्यास गराई तयारी राख्ने । | नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी वल नेपाल बल,NRCS , DEOC | तालिम तथा कृत्रिम घटना अभ्यास | असार मसान्त सम्ममा |
| ४ | उद्धार सामग्रीहरूको संकलन । | जिल्ला प्रशासन कार्यालय, नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी वल नेपाल बल | समन्वय । | जेष्ठको अन्त्य सम्ममा |
| ५ | सुरक्षा निकायका इकाईहरु तथा समुदाय स्तरका तालिम प्राप्त स्वयम सेवकहरुको सम्पर्क सूची | जिल्ला प्रशासन कार्यालय, रेडक्रस, स्थानीय तह । | फोन, इमेल, सामाजिक सञ्जालको ठेगाना संकलन | जेष्ठको अन्त्य सम्ममा |

| | | | | |
|---|---|---|---|---|
| | तयार गर्ने । | | गरी राख्ने । | |
| ६ | सुरक्षा निकाय तथा समुदाय स्तरमा रहेका उद्धार टिमलाई अभिमुखीकरण गर्ने । | DDMC, DEOC, LEOC | अभिमुखीकरण । | असार दोश्रो हप्ता |
| ७ | खोज तथा उद्धार टोलीलाई पौडी सम्बन्धी व्यवहारिक अभ्यास (Simulation) गर्ने । | DDMC, सुरक्षा निकाय । | तालिम दिने । | ,, |
| ८ | मौजुदा सामग्रीहरुको जांच/परीक्षण गर्ने । | DDMC, DEOC, LEOC सुरक्षा निकाय र स्थानीय समुदाय । | अनुगमन गर्ने, पूर्व अभ्यास गर्ने । | निरन्तर |
| ९ | आवश्यकता अनुसारको सामग्रीहरुको पुग/नपुग आँकलन गर्ने । | DEOC ,सुरक्षा निकाय, खोज तथा उद्धार विषयगत क्षेत्र । | संकलन, ढुवानी र आवश्यक्ता पहिचान गर्ने । | |

### १४.६.३ खाद्य तथा गोदाम व्यवस्थापन

**अगुवाइ गर्ने निकायः एकीकृत कृषि तथा पशुपंक्षी विकास कार्यालय बर्दिया**

| क्र.सं. | प्राथमिकता प्राप्त पूर्वतयारी कार्यको सूची | मूख्य जिम्मेवार निकाय | कार्यान्वयन गर्ने तरिका (बैठक, कार्यशाला, तालिम आदि) | समय सीमा (कार्य तालिका) |
|---|---|---|---|---|
| १ | खाद्य सामग्रीको मौज्दात विवरण अद्यावधिक गर्ने । | एकीकृत कृषि तथा पशुपंक्षी विकास कार्यालय, खाद्य संस्थान डिपो कार्यालय, विश्व खाद्य कार्यक्रम । | अभिलेख तयार गर्ने । | जेष्ठको पहिलो हप्ता |
| २ | विपद्को समयका लागि बफर स्टक राख्ने ( कम्तीमा १ महिनाको लागि) । | स्थानीय तहका कृषि विकास शाखा खाद्य संस्थान डिपो कार्यालय विश्व खाद्य कार्यक्रम । | गोदाम व्यस्थापन गर्ने । | जेष्ठको तेश्रो हप्ता |
| ३ | आयोडिन युक्त नुनको आपुर्ति व्यवस्थापन गर्ने (कम्तीमा १ महिनाको लागि) । | खाद्य संस्थान डिपो कार्यालय, साल्ट ट्रेडिङ डिपो । | गोदाम व्यस्थापन गर्ने । | निरन्तर |
| ४ | आफ्नो मातहतमा रहेको सवारी साधन, कृषि प्राविधिकहरुलाई तयारी अवस्थामा राख्ने । | स्थानीय तहका कृषि विकास शाखा । | बैठक तथा छलफल । | निरन्तर |
| ५ | मनसूनको समयमा हुनसक्ने सम्भावित क्षती तथा प्रकोपका बारेमा सामुदायीक संचार माध्यमबाट प्रचार प्रसारको व्यवस्था मिलाउने । | विपद् व्यवस्थापन समिति, स्थानीय तहका कृषि विकास शाखा, जिल्ला विश्व खाद्य कार्यक्रम । | बैठक तथा छलफल । | मनसून शुरु हुनु पुर्वको समय देखी निरन्तर |
| ६ | पशुपंक्षीबाट हुन सक्ने संक्रमण विरुद्ध खोप कार्यक्रम । | पशु सेवा कार्यालय । | अभियान सञ्चालन गर्ने । | नियमित |
| ७ | पशुपंक्षीबाट हुन सक्ने संक्रमक रोग नियन्त्रण । | पशु सेवा कार्यालय सेवा केन्द्रहरु । | अभियान सञ्चालन गर्ने । | नियमित |
| ८ | मृत पशुपंक्षी व्यवस्थापन । | पशु सेवा कार्यालय क्वारेन्टाईन चेकपोष्ट, ह्याचरी उघोग संघ । | अभियान सञ्चालन गर्ने । | विपद्. पश्चात |

### १४.६.४ गैरखाद्य सामग्री र शिविर व्यवस्थापन

**अगुवाइ गर्ने निकायः शहरी विकास तथा भवन निर्माण विभाग, संघीय आयोजना कार्यान्वयन इकाई, नेपालगञ्ज**

| क्र.सं. | प्राथमिकता प्राप्त पूर्वतयारी कार्यको सूची | मुख्य जिम्मेवार निकाय | कार्यान्वयन गर्ने तरिका (बैठक, कार्यशाला, तालिम आदि) | समय सीमा (कार्य तालिका) |
|---|---|---|---|---|
| १. | साझेदार संस्थाहरुसँग भएको राहत सामग्रीहरुको परिमाण तयार गर्ने (नगद र जिन्सी) । | जिल्ला विपद् व्यवस्थापन समिति र नेपाल रेडक्रस सोसाइटी । | बैठक तथा छलफल । | मनसून पूर्व |
| २ | ५००० घर परिवारलाई पुग्ने गैरखाद्य सामग्रीहरु व्यवस्था गरी राख्ने र रणनीतिक स्थानमा (राजापुर, वांसगढी, भुरिगाउं, गुलरिया, मैनापोखर, मगरागढी) तयारी अवस्थामा | जिल्ला विपद् व्यवस्थापन समिति | गोदाम व्यवस्थापन सम्बन्धी तालिम । | मनसून पूर्व |

| | | | | |
|---|---|---|---|---|
| | राख्ने । | | | |
| ३ | राहत सामग्रीहरु वितरण प्रकृया एकद्वार प्रणाली मार्फत गर्न सहमति जुटाई राख्ने । | जिल्ला विपद् व्यवस्थापन समिति | बैठक तथा छलफल । | मनसून पूर्व |
| ४. | गैह्र खाद्य सामग्री उपलब्ध गराउन सक्ने बिक्रेताहरु पहिचान गरी उनीहरुसंग आपतकालीन अवस्थामा सामान उपलब्ध गराउने सम्झौता गर्ने । | जिल्ला प्रशासन कार्यालय र नेपाल रेडक्रस सोसाइटी | बजार सर्वेक्षण र लिखित सम्झौता । | मनसून पूर्व |
| ५ | गैह्र खाद्य सामग्रीको वितरणको प्रक्रिया तयार गर्ने । गैह्र खाद्य सामग्रीमा महिला तथा किशोरीका लागि आवश्यक यौन तथा प्रजनन् स्वास्थ्य संग सम्बन्धीत सामग्री भएको सुनिश्चित गर्ने । | जिल्ला प्रशासन कार्यालय र नेपाल रेडक्रस सोसाइटी | छलफल । | मनसून पूर्व |
| ६ | १०० वटा टेन्ट खरिद गरी राख्ने अथवा भण्डारसंग सम्झौता गर्ने । | शहरी विकास तथा भवन निर्माण विभाग, संघीय आयोजना कार्यान्वयन इकाई, नेपालगञ्ज | बजार सर्वेक्षण र लिखित सम्झौता । | मनसून पूर्व |
| ७ | शिविर व्यवस्थापनको लागि आवश्यक ठाउँहरु पहिचान गरी राख्ने साथै महिला मैत्री स्थान भए नभएको एकिन गर्ने । | शहरी विकास तथा भवन निर्माण विभाग, संघीय आयोजना कार्यान्वयन इकाई, नेपालगञ्ज | समुदायमा छलफल । | मनसून पूर्व |

### १४.६.५ पुनस्थापना तथा पुर्ननिर्माणः

**अगुवाई गर्ने संस्थाः शहरी विकास तथा भवन निर्माण विभाग, संघीय आयोजना कार्यान्वयन इकाई, नेपालगञ्ज**

| क्र.सं. | प्राथमिकता प्राप्त पूर्वतयारी कार्यको सूची | मूख्य जिम्मेवार निकाय | कार्यान्वयन गर्ने तरिका(बैठक, कार्यशाला, तालिम आदि) | समय सीमा (कार्य तालिका) |
|---|---|---|---|---|
| १. | पुनर्निर्माणका सामग्रीहरु स्टकमा राख्ने ( वेल्चा, गैटी, डोरी, गल, हयुम पाइप, डोजर, स्काभेटर) | शहरी विकास तथा भवन निर्माण विभाग, संघीय आयोजना कार्यान्वयन इकाई, नेपालगञ्ज | सामग्री खरिद गरी स्टकमा राख्ने र सम्बन्धीत व्यापारी संग समन्वय | मनसून पूर्व |
| २ | वन तथा सामुदायिक वन संग काठदाउरा सहयोग वारे छलफल गर्ने | डिभिजन वन कार्यालय | छलफल र बैठक | मनसून पूर्व |
| ३ | प्राविधिकको टोलीलाई स्थलगत अध्ययनका लागि अभिमुखीकरण तथा प्रभावित स्थानमा परिचालन गर्ने । | शहरी विकास तथा भवन निर्माण विभाग, संघीय आयोजना कार्यान्वयन इकाई, नेपालगञ्ज | बैठक | मनसून पूर्व |
| ४ | समन्वय, स्रोत पहिचान र पुन निर्माणको कार्ययोजना वनाउने | जिल्ला समन्वय समिति | बैठक | मनसून पूर्व |
| ५ | जिल्ला समन्वय समिति मा भएको विपद् व्यवस्थापन कोषलाई अभिवृद्धि गर्ने | जिल्ला समन्वय समिति | छलफल र निर्णय | मनसून पूर्व |
| ६ | कृषि कार्यालय संग समन्वय गरी छिटो उत्पादन हुने खालका विउविजन छनौट गरी राख्ने र वाली वीमा गर्न प्रोत्साहन गर्ने । | एकीकृत कृषि तथा पशुपंक्षी विकास कार्यालय | छलफल र निर्णय | मनसून पूर्व |
| ७ | नदी नियन्त्रण तटवन्धका लागि आवश्यक तार जाली व्यवस्थापन गर्ने । | बबई, भादा, औरही नदी नियन्त्रण कार्यालय, कर्णाली नदी व्यवस्थापन आयोजना, राजापुर | बैठक | मनसून पूर्व |

### १४.६.६ खानेपानी तथा सरसफाई

**अगुवाई गर्ने : खानेपानी तथा सरसफाई कार्यालय बर्दिया**

| त्र | प्राथमिकता प्राप्त पूर्वतयारी कार्यको | मुख्य जिम्मेवार निकाय | कार्यान्वयन गर्ने | समय सीमा |
|---|---|---|---|---|

| क्र. सं. | सूची | | तरिका ( बैठक, कार्यशाला, तालिम आदि) | (कार्य तालिका) |
|---|---|---|---|---|
| १ | जिल्लामा विपद् जोखिम क्षेत्रको पहिचान गर्ने । | खानेपानी तथा सरसफाई डिभिजन कार्यालय बाँके , फिल्ड अफिस गुलरिया | बैठक कार्याशाला । | जेष्ठको पहिलो हप्ता |
| २ | विपद्को समयमा सुरक्षित खानेपानीका लागि आवश्यक व्यवस्थापन गर्ने । | खानेपानी तथा सरसफाई डिभिजन कार्यालय बाँके , फिल्ड अफिस गुलरिया | व्यापारी तथा सहयोगी निकायसंग परामर्श तथा बैठक । | नियमित |
| ३ | आपत्कालीन अवस्थामा महिला पुरुषका लागि छुट्टा छुट्टै अस्थायी शौचालय निर्माणका लागि प्राविधिक सहयोग गर्ने (आवास व्यवस्थापन क्षेत्रसँग समन्वय गर्ने) । | खानेपानी तथा सरसफाई डिभिजन कार्यालय बाँके , फिल्ड अफिस गुलरिया | बैठक कार्याशाला । | विपद् पश्चात |
| ४ | वैकल्पिक खानेपानीको श्रोतको पहिचान गर्ने । | खानेपानी तथा सरसफाई डिभिजन कार्यालय बाँके , फिल्ड अफिस | बैठक कार्याशाला । | जेष्ठको पहिलो हप्ता |
| ५ | अस्पताल, बिद्यालय, सुरक्षा निकाय तथा मानवीय आवास क्षेत्रमा WASH | खानेपानी तथा सरसफाई डिभिजन कार्यालय बाँके , फिल्ड अफिस | सहयोगीहरुसग परामर्श तथा बैठक | जेष्ठको पहिलो हप्ता |
| ६ | प्रत्येक घना बस्तीको लागि एउटा खुल्ला क्षेत्रमा खानेपानी तथा सरसफाईका लागि निर्देशिका तयार गर्ने । | खानेपानी तथा सरसफाई डिभिजन कार्यालय बाँके , फिल्ड अफिस गुलरिया | परामर्श तथा बैठक । | जेष्ठको पहिलो हप्ता |
| ७ | WASH प्रतिकार्य योजना अनुरुप तयारी अवस्थामा रहने गरी पूर्वतयारी बैठक | खानेपानी तथा सरसफाई डिभिजन कार्यालय बाँके , फिल्ड अफिस | बैठक कार्याशाला । | जेष्ठको पहिलो हप्ता |
| ८ | मनसूनको समयमा हुनसक्ने सम्भावित क्षती तथा प्रकोपका बारेमा सामुदायिक संचार माध्यमबाट प्रचार प्रसारको व्यवस्था मिलाउने । | खानेपानी तथा सरसफाई डिभिजन कार्यालय बाँके , फिल्ड अफिस गुलरिया | सूचना प्रशारण गर्ने । | मनसून शुरुहुनु भन्दा १ हप्ता पहिले |
| ९ | ठोस फोहोर व्यवस्थापनका लागि स्थान छनौट तथा फोहोर राख्ने | खानेपानी तथा सरसफाई डिभिजन कार्यालय बाँके , फिल्ड अफिस | सदस्य परिचालन गर्ने । | मनसून शुरुहुनु भन्दा |
| १० | अत्यावश्पक अवस्थामा खानेपानीका लागि टैंकर व्यवस्था गर्ने । | खानेपानी तथा सरसफाई डिभिजन कार्यालय बाँके , फिल्ड अफिस गुलरिया | समन्वय । | जेष्ठको दोश्रो हप्ता |
| ११ | कोभिड-१९ कोरोना भाइरसको संक्रमणबाट जोगिन स्वास्थ्य सामग्री अनिवार्य प्रयोग गर्ने । | खानेपानी तथा सरसफाई डिभिजन कार्यालय बाँके , फिल्ड अफिस गुलरिया | समन्वय । | जेष्ठको दोश्रो हप्ता |

### १४.६.७ स्वास्थ्य तथा पोषण

**अगुवा : स्वास्थ्य कार्यालय, बर्दिया**

| क्र.सं. | प्राथमिकता प्राप्त पूर्वतयारी कार्यको सूची | मूख्य जिम्मेवार निकाय | कार्यान्वयन गर्ने तरिका (बैठक, कार्यशाला, तालिम आदि) | समय सीमा (कार्य तालिका) |
|---|---|---|---|---|
| १ | स्वास्थ्य सम्बन्धी रोष्टर व्यवस्थापन । | • स्वास्थ्य कार्यालय<br>• बर्दिया अस्पताल<br>• स्थानीय तह | • क्लष्टर सदस्यहरुको बैठक/कायैशालामा छलफल । | जेष्ठको पहिलो हप्ता |

| | | | | |
|---|---|---|---|---|
| | | अन्तर्गतका अस्पताल, स्वास्थ्य सस्थान । | | |
| २ | सरुवा रोग फैलन नदिइ तयारी अबस्थामा रहने तथा सतर्कता अपनाउने । | • स्वास्थ्य कार्यालय<br>• बर्दिया अस्पताल<br>• स्थानीय तह अन्तर्गतका अस्पताल, स्वास्थ्य सस्थान । | • बैठक | निरन्तर |
| ३ | अत्यावश्यक औषधि तथा औषधिजन्य सामग्री व्यवस्थापन ( बफर स्टक राखिएको) । | • स्वास्थ्य कार्यालय<br>• बर्दिया अस्पताल<br>• स्थानीय तह अन्तर्गतका अस्पताल, स्वास्थ्य सस्थान । | • स्थानीय तह अन्तर्गतका बैठक | जेष्ठको पहिलो हप्ता |
| ४ | रक्त संचार सेवा केन्द्रको अनुगमन तथा रगत भण्डारणको व्यवस्था मिलाउने । | • स्वास्थ्य कार्यालय<br>• बर्दिया अस्पताल<br>• स्थानीय तह अन्तर्गतका अस्पताल, स्वास्थ्य सस्थान । | • छलफल | निरन्तर |
| ५ | कोविड-१९ कोरोना भाइरसको संक्रमणबाट जोगिन अनिवार्य प्रयोग गर्ने सामग्री | • स्वास्थ्य कार्यालय<br>• बर्दिया अस्पताल<br>• स्थानीय तह अन्तर्गतका अस्पताल, स्वास्थ्य सस्थान । | • छलफल | निरन्तर |

### १४.६.८ संरक्षण तथा सामाजिक सुरक्षा

### अगुवाइ गर्ने निकायः जिल्ला प्रशासन कार्यालय बर्दिया

| **क्र.सं.** | **प्राथमिकता प्राप्त पूर्वतयारी कार्यको सूची** | **मूख्य जिम्मेवार निकाय** | **कार्यान्वयन गर्ने तरिका (बैठक, कार्यशाला, तालिम आदि)** | **समय सीमा (कार्य तालिका)** |
|---|---|---|---|---|
| १ | मनसूनबाट हुनसक्ने महिला बालबालीका, जेष्ठ नागरिक तथा अपांगता भएका व्यक्तिहरुको संरक्षणको लागि क्लष्टर बैठक बसी पूर्वतयारी योजना निर्माण गर्ने । | • DEOC/LEOC<br>• स्थानीय तहका महिला तथा वालवालिका शाखा । | • विषयगत सदस्यहरुले तयार गरेको योजना मुताविक । | जेष्ठको पहिलो हप्ता |
| २ | संरक्षण बिषयगत क्षेत्रको रणनीतिक योजना निर्माण गर्ने । | • DEOC/LEOC<br>• स्थानीय तहका महिला तथा वालवालिका शाखा । | • विषयगत सदस्यहरुले तयार गरेको योजना मुताविक । | जेष्ठको पहिलो हप्ता |
| ३ | Dignity Kit तयारी अवस्थामा राख्ने । | • DEOC/LEOC<br>• स्थानीय तहका महिला तथा वालवालिका शाखा । | • विषयगत सदस्यहरुले तयार गरेको योजना मुताविक । | जेष्ठको पहिलो हप्ता |
| ४ | Children kit स्थानीय स्तरबाट नै वितरणको व्यवस्था मिलाउने । | • DEOC/LEOC<br>• स्थानीय तहका महिला तथा | • आवश्यकता अनुरुप बिषयगत सदस्यहरुले | विपद. पश्चात |

| | | | | |
|---|---|---|---|---|
| | | वालवालिका शाखा । | तयार गरेको योजना मुताविक । | |
| ५ | परिवारबाट बिछोडिएका, अभिभावक गुमाएका बालबालिकाका लागि तत्काल राहत तथा बन्दोबस्ती उपलब्ध गराउन सक्ने गरी रकमको व्यवस्था गर्ने । | • DEOC/LEOC<br>• स्थानीय तहका महिला तथा वालवालिका शाखा । | • विषयगत सदस्यहरुले तयार गरेको योजना मुताविक । | जेष्ठको पहिलो हप्ता |
| ६ | यौन तथा प्रजनन स्वास्थ्य सेवाका अत्यावश्यक सामग्रीहरुको विशेष व्यवस्था गर्ने । | • बर्दिया अस्पताल, स्वास्थ्य कार्यालय, स्थानीय तहका स्वास्थ्य संस्थान । | • गोदाम गर्ने वा सम्बन्धित स्थानमा स्टक राख्ने । | जेष्ठ महिना |
| ७ | यौन तथा लैंगिक हिंसा प्रभावितलाई तत्काल राहत उपलब्ध गराउन कोषको व्यवस्था गर्ने, अस्थायी वास, स्वास्थ्य उपचार तथा मनोसामाजिक सहयोग प्रदान गर्ने निकायहरुको सूची अध्यावधिक गरी समन्वय गर्ने व्यवस्था मिलाउने । | • स्थानीय तहका महिला तथा वालवालिका शाखा<br>• स्थानीय तह अन्तर्गतको न्यायीक समिति । | • सम्बन्धित स्थानीय तहले उपयुक्त संरचना निर्माण गर्ने । | विपद्को समय वा विपद् पश्चात तत्काल |

१४.६.९ आपतकालीन शिक्षाः

**अगुवाइ गर्ने : शिक्षा विकास तथा समन्वय इकाई बर्दिया**

| **क.सं.** | **प्राथमिकता प्राप्त पूर्वतयारी कार्यको सूची** | **मुख्य जिम्मेवार निकाय** | **कार्यान्वयन गर्ने तरिका (बैठक, कार्यशाला, तालिम आदि)** | **समय सीमा (कार्य तालिका)** |
|---|---|---|---|---|
| १. | विपद्बाट प्रभावित हुने सम्भावित विद्यालय र विद्यार्थीहरुको विवरण अद्यावधिक गर्ने । | • शिक्षा विकास तथा समन्वय इकाई<br>• स्थानीय तहका शिक्षा शाखाहरु | बैठक एवम् कार्यशाला | शैक्षिक सत्रको आरम्भमा । |
| २ | सङ्कटासन्न विद्यालयका शिक्षक एवम् विव्यसका पदाधिकारीहरुको सम्पर्क नं अद्यावधिक गर्ने । | • शिक्षा विकास तथा समन्वय इकाई<br>• स्थानीय तहका शिक्षा शाखाहरु | बैठक एवम् कार्यशाला | शैक्षिक सत्रको आरम्भमा । |
| ३ | बाढीको मुहान एवम् स्रोतको रुपमा रहेका दाङ, सुर्खेत जिल्लासँग नियमित सम्पर्कमा रही सूचना एवम् जानकारी लिने । | शिक्षा विकास तथा समन्वय इकाई, जिल्ला विपद् व्यवस्थापन समितिका सदस्यहरु, शिक्षा क्लष्टरका सदस्यहरु, विद्यालय र संघ संस्थाहरु । | छलफल र सञ्चार सम्पर्क | बाढी आउन सक्ने सम्भावित समयमा । |
| ४ | विद्यालयमा शिक्षक, विद्यार्थी र अभिभावकहरुलाई पूर्व सूचना प्रणालीबारे अभिमुखीकरण गर्ने । | शिक्षा विकास तथा समन्वय इकाई, जिल्ला विपद् व्यवस्थापन समितिका सदस्यहरु, शिक्षा क्लष्टरका सदस्यहरु, विद्यालय र संघसंस्थाहरु । | बैठक र कार्यशाला | शैक्षिक सत्रको आरम्भमा । |
| ५. | सङ्कटासन्न विद्यालयका शिक्षक तथा विद्यार्थीहरुलाई बाढी पूर्वसूचना अभिमुखीकरण, प्रकोप व्यवस्थापन र प्राथमिक उपचार सम्बन्धी आधारभूत तालिम दिने । | शिक्षा विकास तथा समन्वय इकाई , नेपाल रेडक्रस सोसाइटी, | अभिमुखीकरण र तालिम | मनसूनपूर्व |

## १५. मनसून पूर्वतयारीका लागि कृत्रिम घटना अभ्यास

मनसुनजन्य विपद् (बाढी, पहिरो, डुबान, चट्याङ, नदी कटान लगायत) प्रत्येक वर्ष दोहोरिने र जनधनको ठूलो क्षति पुर्‍याउने प्रमुख प्राकृतिक विपद्का रूपमा रहेका छन्। मनसुनको समयमा हुने विपद्का घटनाले मानव जीवन, भौतिक संरचना, कृषि उत्पादन, यातायात, सञ्चार तथा अत्यावश्यक सेवाहरूमा प्रत्यक्ष असर पार्ने गर्दछ। यस्ता विपद्को प्रभाव न्यूनीकरण तथा प्रभावकारी प्रतिकार्यका लागि पूर्वतयारी, समन्वय र उपलब्ध स्रोत—साधनको समयमै परिचालन अत्यन्त आवश्यक हुन्छ।

विपद् व्यवस्थापनमा योजना निर्माण मात्र पर्याप्त हुँदैन, योजनाको व्यवहारिक परीक्षण र कार्यान्वयन क्षमता पनि उत्तिकै महत्वपूर्ण हुन्छ। यसै सन्दर्भमा मनसुन पूर्वतयारी तथा प्रतिकार्य योजनामा **कृत्रिम घटना अभ्यास (Mock Drill)** समावेश गरिएको हो। कृत्रिम घटना अभ्यासले सम्भावित विपद्को अवस्था सिर्जना गरी सरोकारवाला निकाय, सुरक्षा निकाय, स्थानीय तह, स्वास्थ्य संस्था, स्वयंसेवक तथा समुदायको तयारी अवस्था परीक्षण गर्ने अवसर प्रदान गर्दछ।

यस अभ्यासमार्फत विपद्को समयमा सूचना प्रवाह, खोज तथा उद्धार, प्राथमिक उपचार, राहत व्यवस्थापन, स्रोत—साधन परिचालन, अन्तरनिकाय समन्वय तथा निर्णय प्रक्रियाको प्रभावकारिता मूल्याङ्कन गर्न सकिन्छ। साथै, विद्यमान योजना, कार्यविधि र संयन्त्रमा रहेका कमजोरी तथा सुधार गर्नुपर्ने पक्षहरू पहिचान गरी समयमै आवश्यक सुधार गर्न सहयोग पुग्दछ।

त्यसैले मनसुनजन्य विपद्को सम्भावित जोखिम न्यूनीकरण, सम्बन्धित निकायहरूको कार्यसम्पादन क्षमता अभिवृद्धि, द्रुत तथा प्रभावकारी प्रतिकार्य सुनिश्चितता, र समुदायमा विपद् सचेतना तथा आत्मविश्वास वृद्धि गर्ने उद्देश्यले मनसुन पूर्वतयारी तथा प्रतिकार्य योजनामा कृत्रिम घटना अभ्यास (Mock Drill) लाई महत्वपूर्ण गतिविधिका रूपमा समावेश गरिएको छ। यसले विपद्को समयमा जनधनको क्षति न्यून गर्न तथा समन्वित र प्रभावकारी प्रतिकार्य प्रणाली विकास गर्न महत्वपूर्ण योगदान पुर्‍याउने अपेक्षा गरिएको छ।

यहाँ उल्लेख गरिएको कृत्रिम घटना अभ्यास पूर्णतः बाढी पूर्वसूचना प्रणालीमा आधारित छ । बाढी प्रकोप वा बाढी प्रकोपजन्य घटनाका सम्भावनाहरु निरन्तर अनुगमन गरि सो प्रकोपको घटना हुनु अगावै त्यस प्रकोपबाट हुनसक्ने सम्भावित हानी नोक्सानी समुदायलाई जानकारी गराई बाढीको जोखिमबाट बच्न-बचाउन गरिने विधिसम्मत प्रकृया र कामहरुलाई बाढी पूर्वसूचना प्रणाली भनिन्छ । बाढी पूर्वसूचना प्रणालीमा मूख्यतया चार अन्तरसम्बन्धित भागहरु हुन्छन् ।

क. बाढीको जोखिमको ज्ञान

ख. प्रकोप जोखिमको अनुगमन

ग. सञ्चार र प्रचार-प्रसार

घ. प्रतिकार्य

समुदायमा वास्तविक प्रकोपको घटना घटेमा यी सबै भागहरूमा गरिने कामहरू व्यवस्थित रुपमा हुनसक्छन् कि सक्दैनन् र विपद् व्यवस्थापनमा संलग्न विभिन्न सरोकारवाला तथा समुदायले समन्वयात्मक रुपमा के, कसरी पूर्वसूचनाको प्रयोग गरि बाढीबाट बच्ने उपायहरू अवलम्बन गर्ने भनेर कृत्रिम घटना अभ्यास गरिन्छ ।

यो कृत्रिम घटना अभ्यास बाढी प्रभावित समुदायमा गर्नुपर्छ जहाँ बाढी आउनु भन्दा पहिले नै समुदायले बाढी आउदै गरेको सूचना प्राप्त गरि कसरी बचावटका उपायहरू अपनाउन सकिन्छ भन्ने ज्ञान तथा सीप प्राप्त गर्न सक्छन् ।

बाढी अनुगमन गरि खबर गर्ने ठाउँबाट कुनै समुदायमा पुग्न बाढीलाई लाग्ने समय (Lead time) भन्दा त्यो बाढी आउदै गरेको खबर पाएपछि समुदायलाई सुरक्षित स्थानमा पुग्न लाग्ने समय (Lag time) कम हुनुपर्दछ । अर्थात् बाढी गाउँठाउँमा पुग्नु अगावै समुदाय सुरक्षित स्थलमा पुग्नु पर्छ । कृत्रिम घटना अभ्यास काल्पनिक जस्तै देखिन्छ तर यसमा सहभागी हुने सबै व्यक्ति तथा समूह र सस्थाहरू वास्तविक हुन्छन् र वास्तविक घटना भइरहने वा हुनसक्ने समुदायमा यो अभ्यास गरिन्छ । घटना अभ्यासमा आवश्यक सामग्रीहरुको विवरण अनुसूची-१८ मा रहेको छ ।

### कृत्रिम घटना अभ्यास के का लागि ?

कृत्रिम घटना अभ्यास पूर्वसूचना प्रणाली अन्तरगत बाढी जोखिम न्यूनिकरण गर्ने महत्वपूर्ण अभ्यास हो। यसवाट सम्बन्धित समुदाय र मानवीय सहायताका क्षेत्रमा कार्यरत निकाय, संघ सस्थाहरूको सीप, क्षमता, सचेतना बढ्नमा सहयोग पुगी प्रकोपको सामना गर्ने क्षमता बढ्दछ ।

### कृत्रिम घटना अभ्यासका उद्देश्यहरू:

- पूर्वसूचना प्रणालीको उपयोग गरि बाढीको क्षतिबाट बच्न बचाउन विभिन्न सरोकारवालाहरू र जोखिममा रहेका समुदायको आपसी समन्वयात्मक कार्यहरूको अभ्यास गरि सीप र क्षमता विकास गर्ने ।
- समुदायमा वास्तविक बाढी आउँदा गर्नुपर्ने कार्यहरू र अपनाउनुपर्ने सावधानीका बारेमा अभ्यास र परीक्षण गर्ने।
- बाढीबाट समुदायमा हुन सक्ने धनजनको क्षती कम गर्ने ।

### कृत्रिम घटना अभ्यासका अपेक्षित प्रतिफलहरु

- बाढी जोखिमको अनुगमन गरि समुदायलाई त्यसको खबर गर्ने जिम्मेवारी भएका व्यक्ति एव निकायहरू (विपद् व्यवस्थापन समिति, कार्यदल र स्वयसेवक) बाढीको पूर्वसूचना (चेतावानी स्तर र खतरा स्तरको जानकारी) कसरी लिने-दिने विषयमा प्रष्ट भई पूर्वसूचना सप्रेषण प्रणालीको बारेमा पूर्ण जानकारी हुनेछ।
- सरोकारवालाहरू बीच आपसी समन्वय गरि बाढीको प्रतिकार्य (Reponse) गर्ने क्षमताको विकास हुनेछ ।
- बाढी आउन लागेको खबर बाढी अनुगमन गर्ने केन्द्र वा नदिको माथिल्लो तटीय क्षेत्रमा रहेका समुदाय वा सुरक्षा निकाय, रेडक्रस, रेडियो जस्ता सम्बन्धित जानकारीका श्रोतबाट पाएपछि समुदायलाई सुरक्षित स्थानमा पुग्न कति समय (Lag time) लाग्छ, अर्थात् त्यो बाढी गाउँ-ठाउँमा आउनु भन्दा कति समय अगावै समुदाय सुरक्षित स्थानमा पुग्न सक्छन् भनेर परिक्षण भएको हुनेछ ।
- सुरक्षित स्थानमा जाने बाटोहरूको परिक्षण हुनेछ र आवश्यक सुधार/परिमार्जन गर्न सघाउ पुग्नेछ ।
- समुदायलाई आवश्यक पर्ने आश्रयस्थल, सञ्चार साधन, सम्बन्धित विषयमा दक्ष स्वयंसेवकहरू, उद्धार सामग्री आदि के-कति परिमाणमा आवश्यक पर्दछन् भन्ने जानकारी भई प्रतिकार्य क्षमतामा सुधार गर्न सघाउ पुग्नेछ।
- सहायता आवश्यक भएकालाई कसरी सहयोग गर्ने, महत्वपूर्ण सरसामानहरू व्यवस्थित कसरी गर्ने र पशुचौपायालाई सुरक्षित स्थानमा लैजाँदा के गर्ने भन्ने कुरामा समुदाय सचेत हुनेछ ।

### आवश्यक संरचनात्मक तथा संस्थागत पूर्वाधारः

कृत्रिम घटना अभ्यास गर्न प्रकोप (बाढी) पूर्वसूचना प्रणालीको स्थापना गरिएको हुनुपर्छ। बाढी पूर्वसूचना प्रणाली स्थापना गर्न मुख्यतया तलका अवस्था पुरा भएको हुनुपर्दछ ।

- नदि खोलामा आउने विभिन्न स्तरको बाढीबाट समुदायमा हुनसक्ने सम्भावित धनजनको क्षति, बाढी अनुगमन केन्द्र (विशेष गरि वर्षा र जलमापन केन्द्र) बाट समुदायमा पुग्न त्यो नदिको बाढीलाई लाग्ने समय (Lead time), नदिको तल्लो तटका विभिन्न समुदायका लागि निर्धारण गरिएको चेतावनी एवं खतरा स्तरको बारेमा सम्बन्धित समुदाय तथा सरोकारवालाहरूलाई जानकारी भएको हुनुपर्छ। यस वाहेक पनि वर्षाको समयमा समुदायले बाढीको अनुगमन र प्रक्षेपण निरन्तर गर्नुपर्दछ ।
- नेपालमा वर्षाको पूर्वानुमान एवं बाढी जोखिम अनुगमन प्रणालीको स्थापना र सञ्चालनको जिम्मेवारी जल तथा मौसम विज्ञान विभागमा रहेको छ। बाढी, वर्षाको जोखिम अनुगमन गर्न आवश्यक उपकरणहरू र दक्ष जनशक्ति उपलब्ध हुनुपर्दछ । अहिले विभिन्न खोला, नदिहरूमा बाढीको अनुगमन जल तथा मौसम विज्ञान विभागले स्थापना गरेको गेज स्टेशनमा जडान गरिएका उपरकणहरू र त्यहाँ खटिएका कर्मचारीबाट भैरहेको छ। यस्तो अनुगमन कार्य २४ सै घण्टा भैरहेको हुनुपर्दछ ।
- बाढीको जोखिमबारे सङ्कटासन्न समुदायलाई समयमा नै जानकारी गराउन बाढी अनुगमन गर्ने केन्द्र / निकाय देखि सङ्कटासन्न समुदायसम्म प्रभावकारी सञ्चार प्रणालीको स्थापना गर्नुपर्दछ । यसका लागि सञ्चारका भरपर्दो साधनहरू, दक्ष र प्रतिबद्ध जनशक्तिको आवश्यकता पर्दछ । सामान्यतया वाढी अनुगमन गर्ने स्टेशनमा जब बाढी सजग, चेतावनी तथा खतराको स्तरमा पुग्दछ, तब सोको खबर विभिन्न सञ्चार माध्यमहरूबाट तल्लो तटीय क्षेत्रमा रहेका समुदाय र विभिन्न तहका सरोकारवालालाई दिईन्छ । बाढीको खबर सम्बन्धित समुदायका सम्पर्क व्यक्तिसम्म पुगेपछि त्यहाँबाट समुदाय भित्र, घर-घर, व्यक्ति-व्यक्तिमा पुर्‍याउन समुदायमा रहेको पूर्वसूचना कार्यदल परिचालित हुन्छ । कार्यदलका तालिम प्राप्त स्वयंसेवकहरूले हातेसाईरन बजाउने, हातेमाईकबाट जानकारी गराउने, घरदैलोमा पुगी व्यक्तिलाई भेटेर बाढीको सूचना दिने काम गर्दछन् ।

**कृत्रिम घटना अभ्यासका चरणहरुः**

समुदायमा बाढीचाट जोगिन गरिने त्रिम घटना अभ्यास गर्दा विभिन्न चरणहरूमा व्यवस्थित विधि र पर्‍याहरू अपनाउनुपर्ने हुन्छ। कृत्रिम घटना अभ्यास काल्पनिक भएता पनि वास्तविक घटनाका समयमा पनि यही विधि र पर्‍या पालना गर्नुपर्दछ।

**१. कृत्रिम घटना अभ्यासको तयारी**

नेपालमा बाढीको कृत्रिम घटना अभ्यास वर्षा शुरु हुने समयमा जेठ-असार महिनामा उपयुक्त हुन्छ। तसर्थ सबै तयारीहरू सो अगावै सम्पन्न गर्नुपर्छ। यो अवधिमा बाढीको कृत्रिम घटना अभ्यास गर्दा अभ्यासको ताजा सम्झना बर्षाको बेलासम्म रहि रहन्छ र वर्षाभन्दा केहि हप्ता अगाडि गर्दा कुनै कमि कमजोरी भएमा सो सुधार्न सक्ने समय पनि उपलब्ध हुन्छ । तापनि समुदायको उपयुक्त समय हेरी अन्य समयमा पनि यस्ता कृत्रिम घटना अभ्यास गर्न सकिन्छ ।

**विपद् व्यवस्थापन समिति तथा कार्यदलहरूको तयारी**

सामुदायिक विपद् व्यवस्थापन समिति, कार्यदलहरू, स्वयंसेवकहरूको सयुक्त तथा छुट्टाछुट्टै बैठक बसी सरोकारवालाहरूको सूचि, सूचनाका साधनहरू, सूचना सम्प्रेषण प्रक्रिया, सुरक्षित बाटो, सुरक्षित स्थान, उद्धार सामग्रीहरू सबै पर्याप्त छ/छैन र भएकोले काम गरेको छ छैन, सो को लेखाजोखा गर्ने साथै विपद् व्यवस्थापन समितिका पदाधिकारीहरू, कार्यदलहरू र स्वयंसेवकहरूको भूमिका बारे प्रष्ट पार्नुपर्छ ।

(क) सामुदायिक विपद् व्यवस्थापन समितिको बैठक बसी निम्न विषयमा छलफल र निर्णय गर्ने

- समुदायमा बाढीको कृत्रिम घटना अभ्यास गर्ने निर्णय, सो को मिति र समय निर्धारण ।
- कृत्रिम घटना अभ्यासको परिदृश्य निर्माण गर्ने।
- कृत्रिम घटना अभ्यासमा सहभागी हुने समुदायको आकार (भौगोलिक क्षेत्र निर्धारण गर्ने ।
- कार्यदलहरूलाई आवश्यक सामग्री एवं औजारहरू, निर्वाह गर्ने भूमिका (वा कार्यसूचि) सहित तयारी गर्न आग्रह गर्ने।
- कार्यदलहरूको बैठक तथा अन्य तयारी सम्बन्धि कार्ययोजना तयार गर्ने ।
- घटना अभ्यासका लागि आवश्यक साधन, स्रोतहरूको आवश्यकता अनुमान तथा सो को व्यवस्था के कसरी गर्ने सम्बन्धि निक्यौल गर्ने ।
- समन्वय गर्नुपर्ने सरकारी, गैरसरकारी निकायहरू, व्यक्तिहरूसंग समन्वय गर्ने तौरतरिका तय गर्ने र जिम्मेवारी बांडफांड गर्ने। जस्तै गेज रिडर, नजिकको प्रहरी कार्यालय, गापा/नपा, स्वास्थ्य चौकी आदि ।
- कार्यदललाई थप जनशक्तिको आवश्यकता भएमा समुदायबाट वा नजिकको विपद् व्यवस्थापन समितिसंग समन्वय गरि थप स्वयंसेवक व्यवस्था गर्ने र जिम्मेवारी दिने ।
- कृत्रिम घटना अभ्यासको सहजीकरण गर्न कार्यदलका संयोजकहरू समेत रहेको एउटा सहजीकरण टोली र एउटा अनुगमन टोली गठन गर्ने ।
- विपद् व्यवस्थापन समितिको अर्को बैठक बस्ने मिति र छलफलका विषय निर्धारण गर्ने । समितिको अन्य बैठकहरू आवश्यकता अनुसार निर्धारण गर्न सकिन्छ ।

**(ख) कार्यदलहरूको बैठक र समन्वय**

तल उल्लेख गरिए बमोजिम पूर्वसूचना कार्यदल, खोज तथा उद्धार कार्यदल, प्राथमिक उपचार कार्यदल, आपत्कालिन आश्रयस्थल व्यवस्थापन कार्यदलहरू बीच बैठक बैठक बसि तयारी कार्यलाई अघि बढाउने ।

**पूर्वसूचना कार्यदलको बैठक गरि निम्न विषयमा छलफल, निर्णय र कार्यान्वयन गर्ने**

- कार्यदलका स्वयंसेवकहरूको कार्य विभाजन गर्ने। जस्तै गेज रिडरबाट सूचना निने, साईरन, हातेमाईक जस्ता सञ्चार उपकरणहरूको प्रयोग गर्ने व्यक्तिको छनौट गर्ने र जिम्मेवारी तथा भूमिका प्रष्ट पार्ने। सामान्यतया गेज रिडरवाट सूचना लिने व्यक्तिले नै साईरन बजाउने पनि हुनसक्छ वा कार्यदलको सदस्यलाई अनुरोध गर्ने।
- सबै निकायहरू (गेज रिडर, सुरक्षा निकाय, प्रशासन कार्यालय, रेडक्रस आदि) र समुदाय भित्रका सम्पर्क व्यक्तिहरूको टेलिफोन नम्बरहरू अद्यावधिक गर्ने र सम्बन्धित स्वयंसेवकहरूलाई दिने।
- बाढी अनुगमन केन्द्रका कर्मचारीहरू संग सम्पर्क गरि योजना गरिएको कृत्रिम घटना अभ्यासको बारेमा जानकारी गराउने र त्यसमा ती कर्मचारीहरूको भूमिका र तयारीका बारेमा छलफल गरि प्रष्ट पार्ने ।
- समुदाय नजिकका सुरक्षा निकाय, प्रशासन कार्यालय, रेडक्रस साथै अन्य सम्बन्धित निकायसंग सम्पर्क गरि योजना गरिएको कृत्रिम घटना अभ्यासको बारेमा जानकारी गराउने र त्यसमा उनीहरूको भूमिका र गर्नुपर्ने तयारीका बारेमा छलफल गरि प्रष्ट पार्ने ।
- समुदायमा साईरन, हातेमाइक, राती/पहेलो कपडा, उद्धार सामग्री प्रयोगको लागि तयारी अवस्थामा छ/छैन सुनिश्चित गर्ने साथै आश्रयस्थल र त्यहाँसम्म पुग्ने सुरक्षित बाटो आदिको अवस्था अद्यावधिक गर्ने ।
- समुदायमा आवश्यक सचेतना र जानकारी गराउने सम्बन्धि कार्ययोजना तयार र कार्यान्वयन गर्ने ।

**खोज तथा उद्धार कार्यदलको बैठक गरि निम्न विषयमा छलफन्त, निर्णय र कार्यान्वयन गर्ने**

- समुदायमा हरेक परिवार र तिनका सदस्यहरूको लगत विवरण अद्यावधिक गर्ने। अद्यावधिक विवरण अन्य कार्यदलहरू र सामुदायिक विपद् व्यवस्थापन समितिमा एक-एक प्रति दिने ।
- समुदायमा अरुको सहयोग आवश्यक पर्ने बुद्धवृद्धा, अपाङ्गता भएका व्यक्ति, बिरामी, सुत्केरी, बालबालिका कहाँ छन् र तिनीहरूलाई के कस्तो सहयोग आवश्यक पर्छ भन्ने जानकारी अद्यावधिक गर्ने।
- अरुको सहयोग आवश्यक पर्ने व्यक्तिहरूलाई विभिन्न कार्यदलहरू र स्वयंसेवकहरू कसले, कसरी सहयोग गर्ने भन्ने विवरण तयार गर्ने र आवश्यक अभ्यान गर्ने ।
- सहयोग प्रदान गरि लगेर राखिने स्थानको तय गर्ने। जुन प्राथमिक उपचार कार्यदलसँग मिलेर तय गर्नुपर्छ।
- घटनास्थल देखि प्राथमिक उपचार शिविरसम्म घाईतेलाई ल्याउने व्यवस्थाको सुनिश्चितता गर्ने तथा गर्न लगाउने ।
- आवश्यक खोज तथा उद्धार सामग्री (लाईफ ज्याकेट, डोरी, स्ट्रेचर, रबरट्यूव, डुङ्गा आदि) व्यवस्था गर्ने ।

**प्राथमिक उपचार कार्यदलको बैठक गरि निम्न विषयमा छलफल, निर्णय र कार्यान्वयन गर्ने**

- एम्बुलेन्स, नजिकको स्वास्थ्य केन्द्र, स्वास्थ्यकर्मी, औषधि पसल तथा नजिकको सुरक्षा निकायको सम्पर्क नम्बरहरू अद्यावधिक गरिराख्ने वा राख्न लगाउने।
- खोज तथा उद्धार कार्यदलसँग समन्वय गरि प्राथमिक उपचार गर्ने स्थानको व्यवस्था गर्ने र त्यसको जानकारी समुदायलाई गराउने ।
- प्राथमिक उपचारका लागि आवश्यक सामग्रीहरू (जस्तै प्राथमिक उपचार बक्स। तयार गरि उपयुक्त स्थानमा राख्ने ।
- प्राथमिक उपचार कार्यदलका सदस्यहरूको भूमिका र कार्य विभाजन गरि योजना तयार गर्ने ।

*आपत्कालीन आश्रयस्थल (शिविर) व्यवस्थापन कार्यदलको बैठक गरि निम्न विषयमा छलफल, निर्णय र कार्यान्वयन गर्ने*

- आश्रयस्थलको क्षमता र त्यसमा आश्रय लिन आउने जनसख्याको लेखाजोखा गर्ने। वैकल्पिक आश्रयस्थल, त्यहाँ पुग्ने सुरक्षित मार्गको पहिचान गर्ने र अन्य कार्यदलहरूलाई यस विषयमा जानकारी गराउने ।
- आश्रयस्थलमा खानेपानी, शौचालय जस्ता अत्यावश्यक सेवा-सुविधाहरूको लेखाजोखा र आवश्यकता अनुसार थप व्यवस्था गर्ने ।
- आश्रयस्थलमा समुदायलाई आवश्यक सहयोग र सुरक्षा प्रदान गर्न पर्याप्त स्वयंसेवकहरूको व्यवस्था र कार्य विभाजन गर्ने।
- आश्रयस्थलमा बालबालिका, सुत्केरी तथा विरामीहरूलाई खुवाउने खाना, मानिसहरूलाई चाहिने खाद्यान्न, अन्य सामग्री आदिको लेखाजोखा र व्यवस्था गर्ने ।
- आश्रयस्थलमा रात काट्नु पर्ने अवस्थामा आवश्यक प्रवन्धको लागि छलफल र व्यवस्था गर्ने ।
- सुरक्षित स्थलमा ल्याउने पशुचौपायालाई व्यवस्थापन गर्न छलफल गरि तयारी गर्ने ।
- आश्रयस्थलबाट अन्यत्र थप सुरक्षित स्थानमा सार्नुपर्ने अवस्थामा अवलम्बन गर्नुपर्ने विधि र सावधानीहरूमा छलफल गर्ने र अभ्यास योजना तयार गर्ने ।

यसैगरि अन्य कार्यदलका स्वयंसेवकहरूको बैठक बसी आवश्यक निर्णय र तयारी गर्ने। यी सबैको संयोजन र अनुगमन विपद् व्यवस्थापन समितिका पदाधिकारीहरू बीच कार्य विभाजन गर्ने ।

### (ग) सामुदायिक विपद् व्यवस्थापन समितिको दोश्रो बैठक

